# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ६ अङ्क ४४ पूर्णाङ्क २८२ | २०७९ वैशाख २६ गते सोमबार | Monday, 9 May, 2022 | पृष्ठ ८ | मूल्य रू. १०।–


## क. रामसेवकलाई अन्तिम श्रद्धाञ्जली




❑ सञ्जय सिंह

सिराहा। नेकपा (क्रान्तिकारी माओवादी) का प्रदेश सदस्य क. रामसेवक राम को यही बैशाख ११ गते राती असामयिक निधन भएको छ।

नेकपा (क्रान्तिकारी माओवादी) का प्रदेश सदस्य क. रामसेवक राम एक जना क्रान्तिकारी, इमान्दार, निष्ठावान लगनशील विचार, सिद्धान्तमा दृढ हुनुहुन्थ्यो। उहाँको यो अल्पआयु *बाँकी ७ पेजमा*

## कार्लमार्क्सको २०४औं जन्मदिवसमा क्रान्तिकारी माओवादीद्वारा वक्तव्य जारी

# क्रान्तिका लागि सच्चा कम्युनिस्टहरूलाई एकताबद्ध हुन आव्हान



काठमाडौं। विश्व सर्वहारावर्गका महान नेता तथा सर्वहारावर्गको मुक्तिकामी विचार 'मार्क्सवाद'का प्रतिपादक कार्लमार्क्सको २०४ औं जन्मदिवसमा नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य किरणले एक ऐतिहासिक र क्रान्तिकारी महत्वको प्रेस विज्ञप्ति जारी गर्नुभएको छ। वैशाख २२ गते जारी गरिएको वक्तव्यमा महासचिव किरणले यो बेला सच्चा कम्युनिष्टहरूलाई एकताबद्ध हुन आह्वान गर्दै र कार्यदिशाको विकास गर्दै मार्क्सले देखाएको युगान्तकारी परिवर्तनको बाटोमा दृढतापूर्वक अगाडि बढ्न हार्दिक अपील समेत गर्नुभएको छ।

वक्तव्यमा उहाँले भन्नुभएको छ, 'नेपाली क्रान्तिले जनयुद्धको प्रक्रियामा गम्भीर धक्का खाए पनि हामी प्रतिक्रियावाद तथा संशोधनवादका विरुद्ध भीषण सङ्घर्ष गर्दै नयाँ जनवाद हुँदै वैज्ञानिक समाजवाद तथा साम्यवादको महान् उद्देश्य प्राप्तिका लागि अगाडि बढिरहेका छौं। यो बेला २०४औं जन्मदिवसको अवसरमा कार्ल मार्क्सका ऐतिहासिक तथा युगान्तकारी योगदानहरूको पुनः संस्मरण र मार्क्सवादप्रति निष्ठा जाहेर गर्नुको सार्थकता विश्व सर्वहारा क्रान्तिको एक अभिन्न अङ्गका रूपमा नेपाली क्रान्तिको प्रक्रियामा निरन्तर अगाडि बढ्नुमा रहेको छ। यो बेला सच्चा कम्युनिष्टहरूलाई एकताबद्ध हुन आह्वान गर्दै र कार्यदिशाको विकासगर्दै मार्क्सले देखाएको युगान्तकारी परिवर्तनको बाटोमा दृढतापूर्वक अगाडि बढ्न हामी हार्दिक अपील गर्दछौं।'

***यस्तो छ वक्तव्यको पूर्णपाठ :***

'आज ५ मई २०२२ तदनुसार २२ वैशाख २०७९ कार्ल मार्क्सको २०४औं जन्म दिवस हो। ५ मई १८१८ का दिन जर्मनीको ट्रियर नगरमा विश्व सर्वहारा वर्गका महान् नेता कार्ल मार्क्सको जन्म भएको थियो। कार्ल मार्क्स मार्क्सवादका प्रवर्तक तथा विश्व कम्युनिस्ट आन्दोलनका महान् शिक्षक हुनुहुन्थ्यो। उहाँले द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादका तीन ओटै क्षेत्रलाई एकीकृत गरी क्रान्तिकारी सिद्धान्त मार्क्सवादको प्रतिपादन गर्नु भयो। मार्क्सवाद विश्व सर्वहारा वर्ग र उत्पीडित जनसमुदायको मुक्तिको सिद्धान्त हो। आज मार्क्सवाद मार्क्सवाद-लेनिनवाद-माओवादकारूपमाविकसितभएको छ। यो हाम्रो पार्टीको *बाँकी २ पेजमा*

## पुनर्मिलन प्रक्रिया मार्फत नेकपा (क्रान्तिकारी माओवादी)मा जोडिए माओवादी समाजवादीका पोलिटब्यूरो सदस्य मनसुरी



सुनसरी। नेकपा (क्रान्तिकारी माओवादी) मा पछिल्लो समय पुनर्मिलन कार्यक्रम मार्फत सच्चा क्रान्तिकारीहरूको ध्रुवीकरण चलिरहेको छ।

यसै शिलसिलामा नेकपा माओवादी समाजवादीका पोलिटब्यूरो सदस्य तथा प्रदेश नम्बर १ का उपाध्यक्ष लुकमान मनसुरी नेकपा(क्रान्तिकारी माओवादी) *बाँकी ७ पेजमा*

# निर्वाचन बहिस्कार सभालाई सम्बोधन गर्दै सिपी गजुरेलले भने- 'राष्ट्रघाती र जनघातीले जित्ने यो चुनावको कुनै औचित्य छैन'




❑ **अनु निरौला**

काठमाडौं। नेकपा (क्रान्तिकारी माओवादी)ले काठमाडौंमा वृहत निर्वाचन बहिस्कार सभा सम्पन्न गरेको छ। क्रान्तिकारी माओवादीको काठमाडौं जिल्ला समितिको आयोजनामा गरिएको सभालाई प्रमुख अतिथिको आशनबाट सम्बोधन गर्दै नेकपा (क्रान्तिकारी माओवादी)का बरिष्ठ नेता सीपी गजुरेलले भ्रष्ट, राष्ट्रघाती र जनघातीहरूले जित्ने यो चुनावको कुनै औचित्य नरहेको टिप्पणी गर्नुभएको भएको छ।

नेता गजुरेलले देश र जनता लुट्न राष्ट्रघाती र जनघाती तत्वहरूले गठबन्धनको नाममा सिन्डिकेटको राजनीति गरेको चर्चा गर्दै मिलिजुली सत्तामा जान र बाँडीचुँडी देश र जनतालाई लुट्न गरिने यस्तो निर्वाचनको आम जनताले बहिस्कार गर्नुपर्ने समेत बताउनु भयो।

उहाँले रुखलाई भोट हाल्न र जय नेपाल भन्न उर्दी लगाउने प्रचण्डका पछि लाग्नेहरूले आफूलाई 'कम्युनिस्ट' र 'माओवादी' भनेको देख्दा टिठ लागेर आएको प्रसंग कोट्याउँदै पूर्ण रूपमा असफल साबित भइसकेको संसदीय व्यवस्थाको समूल अन्त्य गरेर देशमा जनगणतन्त्र ल्याउन सबै क्रान्तिकारीहरू एकताबद्ध हुनुपर्ने विचार व्यक्त गर्नुभयो। *बाँकी ७ पेजमा*

## क्रान्तिकारी युवा लिगकी केन्द्रीय कोषाध्यक्ष ज्ञानु खतिवडासहित तीनजना गिरफ्तार



काठमाडौं। क्रान्तिकारी युवा लिग नेपालको केन्द्रीय कोषाध्यक्ष ज्ञानु खतिवडासहित धन तामाङ र अर्पना श्रेष्ठलाई चौताराबाट ०७९ वैशाख २३ गते साँझ ५ बजे प्रहरीले गिरफ्तार गरेको छ। चुनाव बहिस्कारको प्रचार गर्ने क्रममा उहाँहरूलाई प्रहरीले गिरफ्तार गरेको क्रान्तिकारी युवा लिगका अध्यक्ष अमीर महर्जनले जानकारी दिनुभएको छ। अध्यक्ष महर्जनले राज्यको यस प्रकारको नाङ्गो हर्कतको घोर आपत्ति जनाउँदै गिरफ्तार साथीहरूलाई बिना शर्त तत्काल रिहा गर्न आग्रह गर्नुभएको छ।

## सिन्धुली जिल्लाको घ्याङलेख गाउँपालिकाको वडा नं. १ अमले गाउँमा स्थानीय चुनाव बहिष्कार अभियान




सन्धुली। नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) सिन्धुली जिल्ला समितिको आयोजनामा निर्मित स्थानीय चुनाव बहिष्कार अभियान दलको आयोजनामा सिन्धुली जिल्लाको घ्याङलेख गाउँपालिकाको वडा नम्बर १ अमले गाउँ, जो माओवादी जनयुद्धकालमा जनतालाई गाउँ निकाला गरी ठूलो दमन गरिएको थियो। त्यही गाउँको शहिद पार्कबाट स्थानीय चुनाव बहिष्कार अभियान शुरु गरेको हो।

नेपाल *बाँकी ७ पेजमा*

## क्रान्ति गर्ने उद्घोषसहित नेकपा विभाजित भएर बन्यो नेकपा (बहुमत)



काठमाडौं। नेपाल कम्युनिस्ट पार्टीको चितवनमा सम्पन्न विशेष राष्ट्रिय भेलाले पार्टी नाम नेकपा (बहुमत) तय गरेको छ। तत्कालीन नेकपाका महासचिव नेत्रविक्रम चन्द 'विप्लव'ले चुनावपरस्त संसद्वादी नीति लिएपछि अन्ततः सो पार्टी विभाजित हुन पुगेको छ। पार्टीका बहुमत सदस्यले उठाएको क्रान्तिको झन्डाको रक्षा गर्ने र संसद्वादी लाइन खारेज गर्ने निर्णयको सम्मान गर्दै पार्टीको नाम नेकपा (बहुमत) तय भएको भेलाद्वारा निर्वाचित पार्टी संयोजक धर्मेन्द्र बास्तोला 'कञ्चन' ले जानकारी दिएका छन्।

नेकपा। *बाँकी ७ पेजमा*

# मार्क्सवादको वैज्ञानिकता र क्रान्तिको ऐतिहासिक कार्यभार

*मार्क्सवादका तीन सङ्घटक अङ्ग छन्, ती हुन्- दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवाद। द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद मार्क्सवादी दर्शन हो। यो सबै खाले आदर्शवाद तथा अधिभूतवादका विरूद्ध वैज्ञानिक भौतिकवादको पक्षमा रहेको छ। मार्क्सको राजनीतिक अर्थशास्त्र उत्पादक शक्ति र उत्पादन सम्बन्ध, आधार र उपरिसंरचना, सामाजिक सत्ता र सामाजिक चेतना, उत्पीडक र उत्पीडित वर्गका बिचको सङ्घर्ष, मूल्यको श्रम सिद्धान्त र अतिरिक्त मूल्यको सिद्धान्तमा आधारित छ*



● **मोहन वैद्य 'किरण'** ●

*(५ मई २०२२ मार्क्सको २०४औं जन्मजयन्ती। यसै सन्दर्भमा ५मई २०१९ मा नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)द्वारा आयोजित विचार-गोष्ठीमा प्रस्तुत कार्यपत्रलाई यहाँ साभार गरेर प्रकाशित गरिएको छ –सम्पादक)*

१. मार्क्सवादका प्रणेता कार्ल मार्क्स (१८१८-१८८३) को द्विशतवार्षिकी समारोह विश्वका विभिन्न देशहरूमा विभिन्न कार्यक्रमहरू आयोजना गरी मनाउने काम सम्पन्न भएका छन्। मार्क्सको द्विशतवार्षिकी मनाउनुको वास्तविक अर्थ र उद्देश्य मार्क्सका सैद्धान्तिक, राजनीतिक, सागठनिक तथा क्रान्तिसम्बन्धी शिक्षा तथा योगदानहरूको संस्मरण तथा आत्मसातीकरण गर्दै संसारलाई बुझ्न र मुख्यतः बदल्नका लागि सचेत तथा योजनाबद्ध ढङ्गले अगाडि बढ्नु हो।

२. कार्ल मार्क्सले आफ्ना अनन्य सहयोगी तथा सहयोद्धा फेडरिक एङ्गेल्स (१८२०- १८९५) का साथमा दर्शन, राजनीतिक अर्थशास्त्र र समाजवादका क्षेत्रमा तमाम खाले अवैज्ञानिक चिन्तन, प्रवृत्ति तथा मान्यताका विरुद्ध सैद्धान्तिक सङ्घर्ष चलाउँदै विश्व सर्वहारा वर्ग, उत्पीडित जनसमुदाय र सिङ्गो मानव जातिको क्रान्ति र मुक्तिको सिद्धान्तका रूपमा मार्क्सवादको स्थापना तथा प्रतिपादन गर्नु *बाँकी ६ पेजमा*

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

## सम्पादकीय

# बैशाख ३० को निर्वाचन : अग्निपरीक्षामा मतदाता


नेकपा (क्रान्तिकारी माओवादी)ले बैशाख ३० मा हुने स्थानीय तहको निर्वाचन बहिस्कार गरेको छ । क्रान्तिकारी माओवादीले काठमाडौं उपत्यका लगायत देशैभर कोणसभा, वालपेन्टिङ, पोस्टरिङ, मशाल जुलुस लगायतका विभिन्न कार्यक्रम गरी आम मतदाताहरूलाई निर्वाचन बहिस्कारका निम्ति सार्वजनिक रूपमा आव्हान गर्दै आएको छ ।

संसदीय व्यवस्था भ्रष्ट, अनैतिक, निकम्मा र विदेशीहरूको स्वार्थ रक्षा गर्ने दलाल व्यवस्था भएको, यो व्यवस्थाका तीनवटै अंग पूर्णरूपमा असफल साबित भइसकेका, चुनावमा पैसाको खोलो बगाएर भ्रष्ट, जनघाती र राष्ट्रघाती तस्कार र माफियाहरूले नै चुनाव जित्ने चुनावी प्रणाली रहेको, एमसीसी जस्तो राष्ट्रघाती सम्झौता पास गर्ने संसदवादी दलहरूकै बिगबिगी रहेको, भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादी दलालहरूको बोलवाला भएको, मुलुकमा विद्यमान राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरू यो व्यवस्थाबाट समाधान नहुने भएको आदि कारणले निर्वाचन बहिस्कार गर्न क्रान्तिकारी माओवादीले जनतालाई अपिल गर्दै आएको छ ।

निर्वाचन बहिस्कार आन्दोलनको क्रममा पार्टीका स्थायी समिति सदस्य रामसिंह श्रीस लगायत दर्जनौं नेता कार्यकर्ताहरूलाई प्रहरीले गिरफ्तार समेत गऱ्यो । नवलपरासी, दाङ, चितवन, कालिकोट, सिन्धुपाल्चोक लगायतका स्थानमा शान्तिपूर्ण रूपमा भएका निर्वाचन बहिस्कारका कार्यक्रममाथि प्रहरीले हस्तक्षेप गऱ्यो । प्रहरी दमनको प्रतिरोध गर्दै गाउँ गाउँ र नगरहरूमा क्रान्तिकारी माओवादीले निर्वाचन बहिस्कार आन्दोलन/अभियानलाई जारी राखेको छ । बहिस्कार आन्दोलनलाई जनताले स्वागत गरेका छन् र बहिस्कार आन्दोलनमा जनताको समेत सहभागिता बढेको छ । तर पनि जनताको एउटा ठूलो तप्का अहिले पनि संसदीय व्यवस्थामा हुने र गरिने चुनावको प्रभाव र भ्रममा छ ।

देशभरका ६ महानगरपालिका, १३ उपमहानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिका गरी मुलुकभर रहेका ७५३ स्थानीय तहहरूमा एकैचरणमा निर्वाचन हुँदै छ । ५ वर्षमा एकपटक सम्पन्न हुने स्थानीय तहको निर्वाचनको मत परिणाम आफ्नो पक्षमा तान्न राजनीतिक दलहरूले साम, दाम, दण्ड, भेद, छलछाम, षड्यन्त्र, अनेकौं दाउपेचको प्रयोग गरिरहेका छन् । अनेकौं झुठा आश्वासनहरूको बाँडिरहेका छन् । राज्यशक्तिको चरम दुरूपयोग गरेर, निर्वाचन आयोगले बनाएको आचारसंहिताको समेत धज्जी उडाउँदै स्वेच्छाचारिता प्रदर्शन भइरहेका छन् । मतदाताहरूलाई धम्क्याउँने कामहरू पनि भइरहेका छन् ।

सोझा सीधा, लोभी र स्वार्थले प्रेरित जनता झुठा आश्वासनको पछि लाग्ने प्रवृत्तिको विकास हुँदै गएको छ । संसदवादी दलका विचौलिया कार्यकर्ताहरूले जनताको एउटा हिस्साको समेत दलालीकरणमा परिणत गरिदिएका छन् । पछिल्लो समय मासु र मदिराको भोज खुवाउने प्रवृत्ति बढ्दो छ । पैसा बाँड्ने प्रवृत्ति बढेर गएको छ । क्षणिक र तुच्छ प्रलोभनमा परेर जनताको एउटा तप्काले फेरि गम्भिर गल्ती गर्न पुग्दैछ । आउँदो बैशाख ३० मा गरेको गल्तीको पछुतो पाँच बर्षसम्म गर्नुपर्ने स्थिति जनता आफैले निम्त्याउनु भनेको आफ्नो खुट्टामा आफैले बन्चरो हान्नुजस्तै हो । यसअर्थमा बैशाख ३० गते जनताको अग्नी परीक्षा हुँदैछ । जनताले जुन जस्तो उम्मेदवारलाई मतदान गरेपनि सिंगो व्यवस्था नै खराब भएपछि जतिसुकै राम्रो व्यक्ति भएपनि ऊ पाँच बर्षमा सबभन्दा भ्रष्ट र अनैतिक भएर निस्कन्छ । भ्रष्ट र अनैतिक मान्छे जन्माउने यो चुनाव र व्यवस्थामा किन सहभागी हुने ? यस्तो चुनावको कुनै औचित्यस छैन । तसर्थ, आम सचेत जनताले यो निर्वाचन बहिस्कार गरेर कम्तिमा आफ्नो अमूल्य मतको दुरूपयोग हुन दिनुहुँदैन । नो भोट, राइट टु रिजेक्ट अर्थात् निर्वाचन आम जनताको नैसर्गिक अधिकार हो ।

परिवर्तनको सम्वाहक


सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ ।
www.moolbato.com

# नेकपा(क्रान्तिकारी माओवादी)ले चुनाव बहिष्कार अभियान लिएर गाउँघरमा पुग्दा



● विद्रोही ●

नेकपा (क्रान्तिकारी माओवादी)ले चुनावलाई बहिष्कार गरौं भन्ने महत्वपूर्ण र अर्थपूर्ण आवाज लिएर नागरिकका घरैदैलोमा गइरहेको छ । सरकारले दलाल पुँजीवादी संसदीय व्यवस्था अर्न्तगत ०७९ साल वैशाख ३०मा गर्न लागेको निर्वाचन बहिष्कार गरौं भने नाराका साथ क्रान्तिकारी माओवादी ७७ वटै जिल्लाका बस्तीहरुमा पुगिरहेको छ ।

नेपालमा असफल सावित भैसकेको दलाल संसदवादीहरु सत्तामा बसिराख्ने एउटा कार्यक्रमको रूपमा अगाडि सारिएको प्रतिक्रियावादी निर्वाचनको विरोध गर्दै नागरिकको घरैदैलोमा पुगेर उहाँहरुको प्रत्यक्ष कुरा सुनेपछि उठेका सवालहरु यहाँ राख्न खोजिएको छ ।

सधैको निर्वाचनमा जस्तो नागरिकमा यसपटको निर्वाचनमा पटकै उत्सुकता छाएको छैन । नेताहरूप्रतिको विश्वास गुमेको छ । स्वतन्त्र उम्मेदवारहरु छ्यास्स छ्यास्ती देखिन्छन । उनीहरुमा पनि देश बनाउने योजना भन्दा पनि नेताहरु प्रतिको आक्रोश र महत्वकांक्षाले मात्र घर गरेको देखिन्छ ।

अधिकांश नागरिकहरु संसदवादी नेताहरुले नागरिकलाई दुःख दिएको, उत्पीडितवर्गलाई धोका दिएको र देशको सीमानाको रक्षा समेत गर्न नसकेको आक्रोश पोखिरहेका भेटिन्छन् । कतिपय नागरिकहरु देश र नागरिकको हित गर्न सक्ने राजनीतिक पार्टी र नेताहरु नभएको भन्दै निराशा व्यक्त गरिरहेका छन् ।

यति हुदाहुदै पनि केहि ठाउँहरुमा फलानो पार्टी र फलानो चिन्हमा भोट हाल्ने शर्तमा बिहान सबैरैदेखि मान्छेको स्तर निधारण गरि कसैलाई वियर र कसैलाई लोकल रक्सीको नसामा डुबाएर राखेको पनि भेटियो । कतिपय नागरिकहरुले कसैलाई पनि भोट नहाल्ने भनिरहेको पनि सुनियौं । यस्ता थुप्रै नागरिकहरुका गुनासाहरुका माझमा क्रान्तिकारी माओवादीले चलाएको चुनाव बहिष्कार अभियानलाई हृदय देखि नै स्वागत गर्ने मानिसहरु पनि भेटिए । राष्ट्रियताको पक्षमा क्रान्तिकारी माओवादीले गरेको आन्दोलन , जनतन्त्र र जनजीवीकाको पक्षमा उठाएका मुद्दाका कारण सच्चा क्रान्तिकारीहरुको पार्टी भनेको नेकपा(क्रान्तिकारी माओवादी) हो भन्ने भावना बोकेका युवा देखि वृद्धासम्म पनि भेटिए ।

यसरी सबैका कुरा सुन्दै चुनाव बहिष्कार अभियानमा जुटेको क्रान्तिकारी माओवादीले ठाउँठाउँमा बहिष्कारका पोष्टर टाँस्ने र नागरिकका हात हातमा पर्चा पुऱ्याएको छ । चुनाव बहिष्कारको औचित्य र आवश्यकता बताएको छ । हाम्रो पार्टीले उठाएका मुद्दाहरुमा सहमत देखिनेहरु बीचमा घनिभूत छलफहरु चल्न थालेको छ ।

यसरी नागरिकको तहबाट हेर्दा बहिष्कारको अभियान बोकेर गाउँघर पुग्दा सकारात्मक उर्जा प्राप्त भएको छ । संसदीय व्यवस्था मरणासन्न अवस्थामा पुगेको अनुभूती गर्न सकिन्छ । नागरिकले भोट माग्न आउने भन्दा भोट नदिनु होस स्वच्छ तथा निष्पक्ष निर्वाचनको कुनै संभावना रहेको छैन भन्दा खुसी भएर कुरा सुन्न थालेका छन् । अहिलेको व्यवस्था दलाल पुँजीवादीहरुको बोलबाल रहेको र यो व्यवस्थाले गर्ने चुनाव निष्पक्ष हुदैन भन्नेमा नागरिकहरु जानकार हुन थालेको भेटिन्छ । जसले बढी भन्दा बढी पैसा खर्च गर्न सक्छ उसैले मात्र चुनाव जित्ने नागरिकहरुको बुझाई छ । बढी भन्दा बढी पैसा खर्च गरेर जितेपछि त्यहि पैसा उठाउनको लागि आफु र आफ्नो परिवारलाई भौतिक विलासमा रमाउनको लागि जितेको व्यक्तिले अनैतिक तरिकाले पैसा उठाउन पुग्दछ भन्ने नागरिकमा चेतना विकास हुदैगएको देखिन्छ । पैसाको खोलो बगाएर जित्नेहरुले राष्ट्रियता, जनतन्त्र र जनजीविकाको समस्या कसरी हल गर्ने भनेर किञ्चित सोच्दैनन् ।

यस्तै यावत कारणले उत्पीडित वर्ग र उत्पीडित जातीको राज्यसत्ता निर्माण गर्न अहिलेको चुनाव बहिष्कार गर्दै नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने बाटोमा अगाडि बढनु पर्दछ भन्ने धारणा नागरिक समक्ष राखियो । हामीले राखेका धारणा र उहाँहरुले राखेका धारणाहरुमा एउटा समानता देखिएको छ । जुन अहिलेको राज्य व्यवस्था र संसदवादी राजनीतिक पार्टीहरुबाट देश र नागरिकको हित हुन सक्दैन भन्ने निष्कर्ष हो ।

त्यसैले देश र नागरिकको हित गर्न सक्ने अबको बाटो भनेको संसदीय व्यवस्थालाई अन्त्य गरी नयाँ जनवादी व्यवस्था स्थापना गर्ने यात्रामा मार्क्सवाद-लेनिनवाद-माओवादलाई नेपालको मौलिकतामा प्रयोग गर्दै अगाडि बढनु पर्दछ । यसो गर्न सकियो भने मात्र नेपाल र नेपालीहरुको हित हुन सक्दछ ।

दलाल पुँजीवादी व्यवस्था अर्न्तगतको प्रतिक्रियावादी निर्वाचन बहिष्कारसँगै नयाँ जनवादी क्रान्तिको तयारीमा जुटौं भन्ने सन्देश सहित अभियानमा यहाँसम्म आईपुग्दा बहिष्कारको प्रचार र यसको औचित्यताबारे नागरिकहरुसँग छलफल भइरहेका छन । गाउँबस्तीहरुमा क्रान्तिकारी माओवादीको चुनाव बहिष्कार किन भन्ने प्रश्नका जवाफहरु गएका छन् । देशमा मंहगी, भ्रष्टाचारी ,कमिशनखोरी र दलालीहरुको बिगविगी भएको त्यहि व्यवस्थालाई मलजल गर्न गरिने निर्वाचन बहिष्कार गर्नु उपयुक्त कदम हो भन्दै अभियानकौ दौरानमा क्रान्तिकारीहरुको ध्रुवीकरण प्रक्रिया पनि चलिरहेको छ ।

सबैखाले पेसामा रहेका नागरिकहरुलाई यो अभियानले सकारात्मक प्रभाव पारेको स्पष्टै देखिन्छ । विचार र सिद्धान्तमा अगाडि रहेपनि गतिशिलता बढाउन क्रान्तिकारी माओवादीले सकेन भन्नेहरुले पनि गतिशिल हुन थालेको महशुस गरेका छन् । संसदवादी व्यवस्थाका शासकहरु त्रसित हुदै शान्तिपूर्ण रूपले गरिएको निर्वाचन बहिष्कार अभियानका नेता कार्यक्रर्तालाई पक्राउ गरेर आफ्नो कायरता प्रस्तुत गरिरहेको छ । तर सत्ता र व्यवस्था कै विकल्पमा लागेका पार्टीका नेता कार्यक्रर्ता फेरी पनि दुःख र कष्ट सहन तयार भएर लागेका छन् ।

सबै नागरिकले आधारभूत अधिकार पाउनुपर्ने , राष्ट्रियताको रक्षा हुनु पर्ने जस्ता एजेण्डाहरु बोकेर निरन्तर सडक संघर्षमा होमिएको क्रान्तिकारी माओवादी पार्टीले बहिष्कार अभियान लिएर जनताको दैलोमा पुग्दा सच्चा माओवादीहरुको सक्रियाता बढेको प्रति नागरिकहरु उत्साहित छन् । क्रान्तिकारी पार्टीका नेता, कार्यक्रर्ता र जनताको दुरी नजिकिएको छ । चुनाबमा भोट हाल्नु अधिकार हो भने, नहाल्नु पनि अधिकार हो भन्ने मान्यताको विकास गराउन क्रान्तिकारी माओवादी केहि हदसम्म सफल भएको छ ।

सारा संसदवादी शक्तिहरु एकातिर भएर चुनाबमा होमिरहेको बेला एक्लै क्रान्तिकारी माओवादी पार्टीले बहिष्कार अभियानलाई नागरिकको घर दैलोमा पुऱ्याउन सक्नु भनेको अभियानप्रति जनताको विषेश सहानभूति छ भनेर प्रष्टै बुझ्न सकिन्छ ।

यति हुदा हदैपनि केहि विषयहरु एकदमै गम्भिर भएर देखा परेका छन् । केहि नागरिकहरु यो व्यवस्थाको विकल्पमा अगाडि हैन पछाडि फर्किन खोजी रहेको देखिन्छ । यो क्रान्तिकारी मओवादीको लागि मात्र होइन आम प्रगतिशिल नागरिकहरुला लागि निकै ठूलो चुनौतिको रूपमा खडा भएको छ । यसलाई परास्त गर्नका लागि सच्चा कम्युनिष्टहरुसँगको ध्रुवीकरणलाई बढाउनु पर्दछ भने जनतासँगको सम्बन्धलाई पनि वामपन्थीहरुले बढाउन जरुरी छ । पछिल्लो समय सर्वहारावर्ग भित्र पर्ने कतिपय मजदुर, किसान, सुकुम्बासी, महिला लगायतमा देखिएका निराशाहरुलाई हटाउन पनि क्रान्तिकारीहरुले निकै ठूलो संघर्ष गर्नु पर्ने देखिन्छ । क्रान्तिकारीहरुले जनतासँग दुरी बढाएका कारण पनि प्रतिगामीहरुले टाउँको उठाउन पाएका हुन् । त्यसैले सर्वहारा अधिनायकत्वका लागि संघर्षका होमिएका कम्युनिष्टहरुले जनतासँगै नङ र मासुको सम्बन्ध स्थापित गर्नु पर्दछ । यसका लागि नेता देखि कार्यकर्ता सम्म जनताको बस्तीमा आएर क्रान्तिको तयारीमा जुट्न आवश्यक छ ।

● झरोंटरों

❑ कैलुब्राह

# महाप्रलयको उद्घोष

मिस्टर सुप्रिमो पुत्रीनगर गएर कुम्भसभामा गर्जिए । कुम्भसभाको आयोजना सरकारमा बसेका शण्ड, मुण्ड, शुम्भ, निशुम्भहरूले गरेका थिए । कुम्भसभामा सबै प्रभुदूतहरूले एकसाथ एउटै मञ्चबाट आआफ्ना बान्ता, खोकी, खकार, ऱ्याल, सिँगान ओकले । एकापसका तुस पोखे । विगतमा एकले अर्कालाई देखि नसक्ने, सुनि नसक्ने र भेट्टाएसम्म शीर मुण्डन गर्नेसम्मका गतिविधिमा उत्रिएको भएता पनि आपसमा ठूलो मित्रभाव भएको र एउटै आँतपेट मिलेको भन्दै एकार्काको भजनकिर्तन गाए । छोटे महाराज/महारानीहरूको छनौट गरिन लागेको चुनावी मौसमको यो पहिलो कुम्भसभा थियो । सरकारी ओहोदामा विराजमान महाराजदेखि राजसाभाका शीर्ष पुरुषहरू सबै एकसाथ एउटै मञ्चमा उभिएको यो कुम्भासभा निकै भव्यतम् प्रकारले सम्पन्न पनि भयो । सभामा सुप्रिमोपुत्रीको कृतकृत्यको चर्चा गर्ने,



स्तुति गाउनेदेखि सुप्रिमोको प्रशंसा गर्नेसम्मका गतिविधिमा नयाँ नयाँ भक्तजनहरू समेत देखिएका थिए ।

यति भव्यतम् सभामा पनि मिस्टर सुप्रिमो र सरकारी महाराज निकै बेचैन बेचैन, निरास निरास, हतास हतास देखिन्थे । उनीहरूमा यति ठूलो सभाले पनि कुनै रौनकता ल्याउन सकेको थिएन । आक्रोसित मुद्रामा थिए । सुप्रिमोको गाथमा त झन् कालभैरव उत्रिएको थियो । आफ्नो महत्वपूर्ण युगान्तकारी प्रवचनमा पनि उनी शालिन, शान्त, नम्र, विनम्र, भद्र, कान्तिमयपूर्ण भएर प्रवचन दिन सकेका थिएनन् । उनमा कालभैरव सवार भएकोले चर्यानृत्यमा प्रस्तुत भएर तीन त्रिलोक चौध भूवनलाई नै तर्साउनेगरी घाइते सिंहको गर्जन ओकल्दै थिए ।

मिस्टर सुप्रिमो गर्जिए 'यदि यस पुत्रीनगरका सम्पूर्ण मनुष्यले पुत्रीका पक्षमा आफ्नो मत जाहेर गरेनन् भने यो देशमै महाप्रलय आउनेछ । त्यसलाई कोई माइका लालले पनि रोक्न सक्ने छैन । त्यो महाप्रलयले संसार ध्वस्त हुनेछ । संसारै ध्वस्त भएपछि तपाइँहरू कहाँ रहनुहुन्छ ? यो चुनाउ तपाइँहरू यस लोकमा रहने या नरहने भन्ने कुराको फैसला गर्ने पनि हो ।' सुप्रिमो यति भनेर मात्रै सन्तुष्ट हुन सकेनन् । विगतका दिनको सम्झना गर्दै भने 'हामी हिँज एकार्कालाई खरानी पार्ने भनेर लड्दा पनि सम्मान्ने उहाँ (मञ्चमा आफ्नो छेउमा बसेका महाराजतिर देखाउँदै) र म एउटै मुटुजस्ता थियौं । हाम्रो फुनमा कुराकानी हुन्थ्यो । हामी एकदम मिल्ने साथी थियौं । मैले अघिल्लो चुनाउमा बालकोटेसित मिल्न जाँदा पनि उहाँलाई सोधेर गएको हो । उहाँले पनि हुन्छ त पछि तपाइँलाई त्याता अप्ठेरो पऱ्यो भने मतिरै आउनुहोला भन्नुभाथ्यो । यो कुरा यस पुत्रीनगरका चारतारेहर्ले बिर्सन पाइन्छ ? यदि बिसेर पुत्रीलाई मत हाल्नुभएन भने तपाइँहरू घोर नर्कमा पर्नुहुन्च ।' यसरी मिस्टर सुप्रिम्रोले पुत्रिनगरका चारतारे रैतीजनहर्लाई थर्काए । थर्काउनुसँगै आफूलाई धोका दिएमा देशमा महाप्रलय आउने चेतावनी समेत दिए ।

## कार्लमाक्सको...

पथप्रदर्शक सिद्धान्त हो ।'

मार्क्सवादको प्रादुर्भाव सँगै संशोधनवादले विश्वव्यापी रूपमा मार्क्सवादमाथि भीषण हमला गर्दै आएको छ । विश्वमा क्रान्ति र प्रतिक्रान्तिका आरोह-अवरोहका प्रक्रिया चल्दै आएका छन् । रूस, चीन लगायतका देशहरूमा भएका प्रतिक्रान्तिका घटनालाई देखाएर विश्वभरि नै प्रतिक्रियावादीहरूले मार्क्सवादको औचित्य समाप्त भयो र साम्यवादी इतिहासको अन्त्य भयो र पुँजीवाद निर्विकल्प भयो भन्ने झुटा प्रचारवाजी गर्दै आएका छन् । तर सत्य के हो भने वर्तमान साम्राज्यवादी नवउदारवाद असफल भएको छ र विश्व भयानक आर्थिक सङ्कटको भुमरीमा फस्दै आएको छ । यो सङ्कटको भार उत्पीडित जनताको थाप्लोमा बोकाउन साम्राज्यवादले गरेका हर प्रयास असफल हुँदै गएका छन् । फलतः विश्वभर पुँजी र श्रमका बीचको अन्तर्विरोध, साम्राज्यवाद र उत्पीडित राष्ट्र तथा जनताका बीचको अन्तर्विरोध एवम् अन्तर-साम्राज्यवादी अन्तर्विरोध सबै चर्किएर गएका छन् । साम्राज्यवादका सबै उपायहरू असफल बन्दै गएको र विश्वका सबै आधारभूत अन्तर्विरोधहरू विष्फोटक बन्दै गएको स्थितिमा कतिपय मानिसहरूले तेस्रो विश्व युद्धको खतरा बढ्दै गएको आँकलन गर्न थालेका छन् । वर्तमान रुस-युक्रेन युद्धले त्यतै सङ्केत गर्दछ । विश्वव्यापी रूपमा विस्तार हुँदै गएको प्रतिरोध र संभावित विश्वयुद्धको खतराले आउने दिनहरू उथलपुथल पूर्ण हुने देखिन्छ ।

यो स्थितिमा विश्वव्यापी रूपमा मार्क्सवादको औचित्य र त्यस प्रतिको आकर्षण झनै बढिरहेको छ । मार्क्सवाद तथा वैज्ञानिक समाजवादमा विश्वका जनताले आफ्नो मुक्ति देखिरहेका छन् । साम्राज्यवादको एकमात्र विकल्प वैज्ञानिक समाजवाद हो भन्ने कुरा प्रमाणित हुँदै गएको छ । मार्क्सवाद सङ्घर्षको दर्शन तथा सिद्धान्त हो र सङ्घर्षकै बीचबाट यसको प्रयोग र विकास हुँदै आएको छ । कतिपय बुर्जुवा अर्थशास्त्रीहरूले समेत पुँजीवाद असफल भएको र यसको विकल्प खोज्नुपर्ने आवश्यकता औल्याउन थालेका छन् ।

नेपाली क्रान्तिले जनयुद्धको प्रक्रियामा गम्भीर धक्का खाए पनि हामी प्रतिक्रियावाद तथा संशोधनवादका विरुद्ध भीषण सङ्घर्ष गर्दै नयाँ जनवाद हुँदै वैज्ञानिक समाजवाद तथा साम्यवादको महान् उद्देश्य प्राप्तिका लागि अगाडि बढिरहेका छौं । यो बेला २०४औं जन्मदिवसको अवसरमा कार्ल मार्क्सका ऐतिहासिक तथा युगान्तकारी योगदानहरूको पुनः संस्मरण र मार्क्सवादप्रति निष्ठा जाहेर गर्नुको सार्थकता विश्व सर्वहारा क्रान्तिको एक अभिन्न अङ्गका रूपमा नेपाली क्रान्तिको प्रक्रियामा निरन्तर अगाडि बढ्नुमा रहेको छ । यो बेला सच्चा कम्युनिष्टहरूलाई एकताबद्ध हुन आह्वान गर्दै र कार्यदिशाको विकासगर्दै मार्क्सले देखाएको युगान्तकारी परिवर्तनको बाटोमा दृढतापूर्वक अगाडि बढ्न हामी हार्दिक अपील गर्दछौं ।"

वक्तव्यको अन्तमा 'विश्वभरिका सम्पूर्ण क्रान्तिकारी कम्युनिष्ट कमरेडहरू लाल सलाम !, सर्वहारा अन्तर्राष्ट्रियतावाद जिन्दावाद !!' महान नाराको समेत उल्लेख गरिएको छ ।

नक्कली कम्युनिस्टहरूको बिगबिगी रहेको यो बेला महासचिव किरणले क्रान्तिका लागि सच्चा कम्युनिस्टहरूलाई एकताबद्ध हुन गरिएको आव्हानलाई अर्थपूर्ण रूपमा हेरिएको छ ।

क्रान्तिको स्वार्थलाई केन्द्रमा राखेर आफूलाई सच्चा कम्युनिस्ट र क्रान्तिकारी दावी गर्नेहरू एकताबद्ध भएर अगाडि बढ्न जरुरी छ । त्यसका लागि नेपाली कम्युनिस्ट आन्दोलनभित्र क्रान्तिकारी धारको नेतृत्व गरिरहेको क्रान्तिकारी माओवादीले पहल पनि गर्दै आएको छ । यसबीचमा छरिएर रहेका क्रान्तिकारीहरू पनि क्रान्तिकारी माओवादी पार्टीमा पुनर्मिलन कार्यक्रममार्फत् ध्रुवीकृत पनि भइरहेका छन् ।

# सन्दर्भ मार्क्स जयन्ती : कार्ल मार्क्स र मार्क्सवाद



● हस्तबहादुर केसी ●

विश्व सर्वहारावर्गलगायत सम्पूर्ण शोषित -पीडित मानव समुदायको पथप्रदर्शक कार्ल मार्क्सको जीवन चर्चा पढ्नु, जान्नु र वुझ्नु मार्क्सवादमा आस्था राख्ने जो कोहीका लागि पनि आवश्यक छ। मार्क्स आफ्नो जीवनमा कसरी क्रान्तिकारी दिशामा अघि बढ्नुभयो, उहाँले कसरी सर्वहारा दृष्टिकोणको निरूपण गर्नुभयो, कम्युनिष्ट लिग र प्रथम अन्तर्राष्ट्रियको स्थापना र विकासमा उहाँको कस्तो भूमिका रहेको थियो, उहाँले जीवनमा कस्ता कस्ता दुःख झेल्नुपऱ्यो, उहाँको पारिवारीक जीवन कस्तो थियो र उनको महान् एंगेल्ससँगको मित्रता र सिर्जनात्मक सहयोगको गाथा कस्तो थियो र उहाँको महान् अविष्मरणीय र प्रेरणाका स्रोत रहेका छन् । कस्तै दुःख र विघ्नवाधाका बीच पनि अविचलित आफ्नो लक्ष्यमा निरन्तर अघि बढिरहनु साँच्चै मार्क्सका महानता हुन् । यिनै महान् मार्क्सद्वारा प्रतिपादित दर्शनलाई माक्सवादी दर्शन भनिन्छ । यो दर्शनलाई लेनिनले, 'विश्व सैद्धान्तिक विचारधाराको शिखर, उन्नाइसौं शताब्दीमा जर्मन दर्शनशास्त्र, वेलायती राजनीतिक अर्थशास्त्र, फ्रान्सेली समाजवादका श्रेष्ठतम सिर्जनाको वैधानिक उत्तराधिकारीको रूपमा चित्रण गर्नुभएको छ । र, के पनि प्रष्ट गर्नुभएको छ भने मार्क्सको सिद्धान्त सर्वशक्ति सम्पन्न छ किनभने यो सत्य छ। यो सम्पूर्ण र सुसङ्गत छ, यसले मानिसलाई सम्बद्ध विचारधारा प्रदान गरेको छ ।

कार्ल मार्क्सको जन्म सन् १८१८ मई ५ तारिखका दिन जर्मनीको प्रसिया अन्तरगत ट्रियर शहरको एक वकिल परिवारमा भएको थियो। उहाँका बुबा हेनरिख मार्क्स र आमा हेनरियेंट्टा मार्क्स(हल्याण्ड) हुनुहुन्थ्यो। उहाँको परिवारमा चार दाजु भाइ र पाँच दिदी बहिनी हुनुहुन्थ्यो। मार्क्स माइला छोरा हुनुहुन्थ्यो।

मार्क्सको विवाह सन् १८४३ जुन १९ तारिखका दिन जर्मनीको सानो शहर क्रेश्चनारवमा जेनी बेष्टफालेनसँग भएको थियो । मार्क्सका सन्तानहरूमा चार छोरी (जेनी, लाउरा, फ्रान्चिस्का, एलेओनोरा र दुई छोरा (एडगार र गिदो) थिए ।

कार्ल मार्क्स विद्यार्थी जीवनदेखि नै महान् प्रतिभाशाली र क्रान्तिकारी हुनुहुन्थ्यो । सन् १८३० - १८३५ सम्म मार्क्सले ट्रिर जिम्नासियम (स्कुल) मा अध्ययन गर्नु भयो। मार्क्स किशोर अवस्थादेखि नै तीव्र बुद्धि र उच्च नैतिक गुणका धनी हुनुहुन्थ्यो । जीवनको बाटो छनौट गर्दा अहंकार, महत्वाकाक्षां , पदलोलुपताजस्ता प्रवृत्तिले स्थान पाउनु हुँदैन भन्ने मार्क्सको धारणा थियो। आफ्नो उच्च सामाजिक कर्तव्यप्रति निष्ठावान रहनु भएको मार्क्सले मानव जातिको सेवालाई नै जीवनको एकमात्र उद्देश्य ठान्नु हुन्थ्यो अर्थात मानव जातिको निम्ति 'परिश्रम गर्नु' भन्नु हुने मार्क्सको मानव जातिको आत्मत्यागमन सेवा गर्नु नै सम्पूर्ण जीवनको एक मात्र उद्देश्य थियो ।

अक्टुवर १८३५ मा मार्क्स वोन विश्वविद्यालयको कानुन विभागमा भर्ना हुनु भयो। विश्वविद्यालयमा उहाँले कानुनशास्त्रको साथै साहित्य, सौन्दर्यशास्त्र, नवीणतम कला, इतिहासको पनि अध्ययन गर्नु भयो ।

बोनमा एक वर्ष अध्ययन गरे पछि मार्क्स बर्लिन विश्वविद्यालयमा सर्नु भयो । बर्लिन विश्वविद्यालयमा वैज्ञानिक अध्ययन र बौद्धिक विकासको लागि बढि सुविधा प्राप्त थियो ।

क्रान्तिकारी जीवनको शुरुवात

जुन बेला मार्क्सको दृष्टिकोण बन्दै थियो, त्यसैबेला महान् ऐतिहासिक घटनाहरू पनि परिपक्व हुँदै थिए । अठारौं शताब्दीको अन्त्यतिर वाष्प इन्जिनको आविष्कारले बेलायती अर्थतन्त्रमा जुन क्रान्तिको प्रादुर्भाव गरेको थियो, त्यो क्रान्ति युरोपेली महाद्विपमा फैलिँदै गएअनुसार धेरैजसो युरोपेली मुलुकमा कायम रहेका सामन्ती अवेशषहरूप्रतिको विरोध पनि चर्किंदै गयो। वृहत् पुँजीवादी उद्योगको विकासले किसान तथा कारिगरहरूको टाट उल्टिन थाल्यो, उनीहरू उत्पादनका सब साधनबाट वञ्चित हुन थाले र कठोर शोषणका सिकार बन्दै ज्यालादार मजदुरमा परिणत हुन थाले ।

युरोपेली मुलुकहरूमा पुँजीवादी व्यवस्थाको स्थापनाले वर्गसंघर्ष चर्कायो, बुर्जवाजनवादी तथा राष्ट्रिय मुक्ति आन्दोलनहरू बढ्न थाले, विश्व ऐतिहासिक मञ्चमा सर्वहारावर्ग देखापऱ्यो । तर पुँजीवादी व्यवस्थाको विरोधले चाहिँ अझै सुसंगठित र चेतनशील रूप लिइसकेको थिएन। सन् १८३१ र १८३४ मा फ्रान्सको ठूलो औद्योगिक केन्द्र लिओनमा मजदुर विद्रोह भयो । चौथो दशकको पूर्वाद्धमा बेलायतमा मजदुरवर्गको पहिलो व्यापक क्रान्तिकारी राजनीतिक आन्दोलन चार्टरवादको प्रादुर्भाव भयो ।

पछौटे, आर्थिक तथा राजनीतिकरूपमा विभिन्न टुक्रामा विभाजित जर्मनीमा, जहाँ श्रमिक जनता दोहोरो शोषण अर्थात सामन्ती अवशेष र नवोदित पुँजीवादको जुवामुनि पिल्सिएका थिए, बुर्जुवा-जनवादी क्रान्ति र परिपक्व हुँदै थियो । त्यहाँ चौथो दशकको अन्त्य र पाँचौ दशकको सुरुतिर जनसमुदायको असन्तुष्टता पराकाष्ठामा पुग्यो, मजदुर मजदुर आन्दोलनको जन्म भयो, वुर्जुवावर्ग र बुद्धिजीविहरूका बीचमा नानाथरीका सत्ताविरोधी राजनैतिक धाराहरूको प्रादुर्भाव हुनथाल्यो ।

राजनीतिक मञ्चमा खुल्लारूपले आउने आँट गरिनसकेका विरोधी तत्वहरूले विभिन्न साहित्यिक तथा दार्शनिक गुटहरू खडा गरे । तथाकथित युवा हेगेलवादीहरू अर्थात् हेगेलका वामपन्थी अनुयायीहरूले यस्तै गुट खडा गरेका थिए र मार्क्स यस गुटको नजिक आउनुभयो ।

***युवा हेगेल पन्थिहरू विरुद्ध संघर्ष***


एक सुव्यवस्थित विश्व दृष्टिकोणको तर्जुमा गर्न थाल्नुभएको मार्क्सका लागि हेगेलीय दर्शनतर्फको आकर्षण कुनै आकस्मिक कुरा थिएन । जर्मन शास्त्रीय दर्शनशास्त्रका यस महानतम प्रतिनिधिको सबभन्दा ठूलो देन के थियो भने उनी विश्वका सबै घटनाहरूलाई द्वन्द्ववादी पाराले हेर्थे । उनी कुनै पनि घटनालाई यसको उत्पत्ति, विकास र अन्त्यको प्रक्रियामा अध्ययन गर्थे । यस प्रगतिशिल तरिकाको उपयोगद्वारा हेगेलले प्राकृतिक एवम् सामाजिक विकासको आन्तरिक नियमितता, विकासको आधार बनेका अन्तरद्वन्द्वहरूको संघर्ष पत्ता लगाउने कोसिस गरे । तर हेगेलले यस समस्याको समाधान गर्न सकेनन्,किनभने उनको दर्शनमा निकै ठूलो त्रुटि थियो अर्थात् यो दर्शन अध्यात्मवादी थियो । प्रकृतिलाई वस्तुपरकरूपमा मानव चेतनाबाट स्वतन्त्र कुरा र सबै चिजको थालनीमा रूपमा हेर्ने भौतिकवादी दार्शनिकहरूको विपरित हेगेल आध्यात्मिक विकास, परमभाव लाई नै प्राकृतिक एवम् सामाजिक विकासको आधार मान्दथे । प्रकृति र समाजको स्रष्टाको रूपमा देखापर्ने हेगेलको 'परमभाव' अन्तोगत्वा दार्शनिक खोलभित्र बन्द भएको ईश्वरवादवाहेक अरु केही थिएन । यसप्रकारले हेगेलवादी दर्शनका भव्य भवन ढुलमुलाउँदो जगमा खडा थियो ।

हेगेलको अध्यात्मवादी दर्शनले उनको द्वन्द्ववादी प्राणीलाई पनि प्रभावित तुल्याएको थियो। मार्क्सले पछि गएर लेख्नुभएको थियो, हेगेलको द्वन्द्ववाद टाउकोले टेकेर उभिएको थियो। यस पद्धतिलाई विश्व अनुभूतिको वास्तविक वैज्ञानिक पद्धतिमा परिणत गर्नका लागि यस दर्शनलाई सुल्टो पारेर उभ्याउनुपर्थ्यो । आफ्नो पुरातनवादी सामाजिक एवम् राजनीतिक धारणाको फलस्वरूप हेगेलले द्वन्द्ववादी पद्धतिको पूर्ण रूपले अनुशरण गरेनन् । यस पद्धतिलाई अतितको मूल्यांकनमा मात्र प्रयोग गरे, तर वर्तमान र भविष्यको अध्ययनमा लगाएनन् ।

***डाक्टरी (विद्यावारिधि) थेसिस***

मार्क्सले यस अवधिमा मुख्यतया प्राचीन दर्शनको अध्ययन गर्नुभयो । उहाँ 'डेमोक्रिटको प्रकृतिदर्शन र एपिकुरको प्रकृति दर्शनवीचको भेद' विषयमा डाक्टरी थेसिस तयार गर्दै हुनुहुन्थ्यो । यो मार्क्सको पहिलो वैज्ञानिक कृति थियो र यसमा उहाँको विचारधारा अझ अध्यात्मवादी नै थियो । तर हेगेलसम्बन्धी सोचाइमा उहाँले यथेष्ट स्वतन्त्रता देखाइसक्नुभएको थियो। यथार्थवादी एपिकुरप्रति हेगेल नकारात्मक दृष्टिकोण राख्थे, तर मार्क्सले चाहिँ यस प्राचीन ग्रिक दार्शनिक शिक्षा प्रचारकको धर्म तथा अन्धविश्वास विरोधी सहसिलो संघर्षको निर्क प्रशंसा गर्नुभएको छ। मार्क्सले विज्ञानलाई धर्मको अधिनमा राख्ने, स्वतन्त्र मानव चिन्तमाथि नियन्त्रण राख्ने प्रयासको विरुद्ध कडा संघर्ष गर्नुभयो । मानवजातिको सुखका लागि गौरवपूर्ण र आत्मत्यागमय संघर्ष गर्न पौराणिक देवता प्रोमेथसको उहाँ सम्मान गर्नुहुन्थ्यो । माक्सले लेख्नुभएको थियो - साँच्चि भन्ने हो भने म सबै देवताहरूलाई घृणा गर्छु, तर मार्क्सको शब्दमा 'आकाश र पातालका सब देवताहरूका विरुद्ध संघर्ष गर्नु नै प्रगतिशील दर्शनशास्त्रको उच्चतम आदर्श हो ।'

आकाश र पातालका सबै देवताहरूको विरुद्ध संघर्ष छेडदै एक लडाकु अनिश्वरवादीका रूपमा मात्र नभएर एक क्रान्तिकारी, तथाकथित ईसाई राज्य प्रोइसेन निरंकुश राजतन्त्रको विरुद्ध साहसी योद्धाका रूपमा मार्क्स देखापर्नुभयो । प्रोइसेन राजधानीमा रहेको विश्वविद्यालयमा आफ्नो थेसिसको वास्तविक मूल्यांकन हुन सक्दैन भन्ने कुरा माक्सले देखिसक्नुभएको थियो । तसर्थ उहाँले इयेना विश्वविद्यालयमा आफ्नो थेसिस पठाउनुभयो र अप्रिल १९४१ मा दर्शनशास्त्रका डाक्टरको उपाधि प्राप्त गर्नुभयो ।



मार्क्सले वैज्ञानिक अनुसन्धानमा लाग्ने विचार गर्नुभएको थियो । उहाँ बोन विश्वविद्यालयको प्रोफेसर बन्न चाहनुहुन्थ्यो । तर प्रोइसेन सरकारले, प्रतिक्रियावादी नीति अपनाएको थियो र विश्वविद्यालयहरूबाट प्रगतिशिल प्रोफेसरहरूलाई धपाउने गर्थ्यो । प्रोइसेन विश्वविद्यालयहरूमा प्रगतिशिल वैज्ञानिक विचारधाराको लागि कुनै स्थान छैन भन्ने निष्कर्षमा मार्क्स पुग्नुभयो ।

**राइन पत्रिकाको सम्पादकत्व**

विश्वविद्यालयको कक्षा नभएर अखवार नै माक्सको लागि जर्मन र प्रतिक्रियावादीको विरुद्ध संघर्षको मञ्च बन्न पुग्यो । सन् १८४२ को वसन्तदेखि उहाँले 'च्जभष्लकष्अजभ श्भष्तगलन' मा काम गर्न थाल्नुभयो र त्यसै वर्षको अक्टोवर महिनाको मध्यावधिमा त्यस पत्रिकाको सम्पादक बन्नुभयो । प्रतिक्रियावादी प्रोइसेन व्यवस्थाबाट असन्तुष्ट राइन विरोधी बुर्जुवावर्गले यो पत्रिका निकालेको थियो । पत्रिकाको कार्यकर्ता र सम्पादकको रूपमा मार्क्सले साहित्य र पत्रकातिरतासम्बकन्धी अपूर्व प्रतिभा देखाउनुभयो । उहाँ एक महान् संगठक हुनुहुन्थ्यो र आश्चर्यजनक कार्यक्षमताले विभूषित हुनुहुथ्यो । उहाँको नेतृत्वमा पत्रिकाले निश्चित क्रान्तिकारी जनवादी रूप लिन थाल्यो ।

यस पत्रिकाको माध्यमबाट मार्क्सले त्यस्ता प्रश्नहरूको जवाफ दिने कोशिश गर्नुभयो, जसले जर्मनीमा परिपक्क हुँदै गइरहेको क्रान्तिकारी परिस्थितिमा विशेष उग्ररूप लिन पुगेको थियो । प्रेस स्वतन्त्रताको अभाव र त्यसताका प्रोइसेनमा कडाइसाथ लागु भइरहेको प्रतिक्रियावादी सेन्सर यस्तै प्रश्न थिए । पत्रकारिताको क्षेत्रमा मार्क्सको पहिलो प्रयासको रूपमा देखापरेको लेख नवीनतम प्रोइसेन सेन्सर कानुन यसै विषयमा लेखिएको थियो । सन् १८४३ को सुरुमा लेखिएको यो लेख कडा सेन्सर लागु भएको अवस्थामा जर्मनीमा प्रकाशित हुन सक्दैनथ्यो, तसर्थ युवा हेगेलवादीले सन् १८४३ मा प्रकाशन गरेको संग्रहमा मात्र यो लेख छापिन सक्यो ।

'Rheinsiche Zeitung'मा प्रकाशित मार्क्सको पहिलो लेख पनि प्रेस स्वतन्त्रतावारे नै लेखिएको थियो । जर्मनीमा देखापर्ने कुनै पनि सजिव विचारधाराको घाँटी निमोठ्न चाहने छ प्रतिक्रियावादी सेन्सरको विरोध गर्दै मार्क्सले भन्नुभएको छ , पत्रपत्रिका जनताको वौद्धिक ऐना हुनुपर्दछ, उसको आवश्यकता र आकांक्षाको प्रतिविम्व हुनुपर्छ । पत्रकारितालाई नाफा दिने व्यवसाय, जीवनयापनको सामान्यसाधन बनाउने प्रवृत्तिकाृ उहाँ घोर विरोध गर्नुहुन्थ्यो । लेखकले बाँच्ने र लेख्ने सम्भावना पाउनका लागि कमाउनुपर्छ तर कदापि कमाउनका लागि बाँच्नु र लेख्नु हुन्न ।' मार्क्सले आफ्नो साहित्यिक क्रियाकलापको प्रारम्भकालमा पत्रकारिताको महान् भूमिका र लेखकको गौरममय पेशावारे अत्यन्त संक्षित र स्पष्ट तरिकाले आफ्नो विचार प्रकट गर्नु भएका थियो ।

सरकारी सेन्सर र पत्रिकाका बुर्जुवा सेयरहोल्डरहरूले विभिन्न विघ्नवाधा पैदा गरे तापनि मार्क्स सम्पूर्ण जर्मनीभरि फैलिएको आर्थिक, राजनीतिक तथा बौद्धिक उत्पिडनका विरुद्ध आफ्नो पत्रिकाको माध्यमबाट संघर्ष गर्दै जानुभयो ।

मार्क्सले एक सच्चा क्रान्तिकारी जनवादीका रूपमा जनताका जल्दाबल्दा समस्याहरूका लागि आवाज उठाउनुभयो ।

वास्तविक जीवन, श्रमिकहरू र तिनको अधिकारशून्य अवस्थासँगको परिचयले मार्क्सलाई तत्कालीन जर्मनीका राजनीतिक व्यवस्थाबारे नयाँ किसिमले सोचविचार गर्न बाध्य तुल्यायो । प्रोइसेन सरकार र उनका कर्मचारीहरू जनताको हितका लागि होइन, विशेषाधिकार सम्पन्न वर्गहरूका लागि पुरोहितहरू कर अभिजातवर्गका लागि काम गर्दैछन् भन्ने निर्णयमा मार्क्स पुग्नुभयो । यसप्रकारले वर्गीय समाजमा राज्यको वास्तविक भूमिका कस्तो हुन्छ भन्ने कुरा पत्ता लगाउने दिशामा मार्क्स एक पाइला अघि सर्नुभयो । 'च्जभष्लकष्अजभ श्भष्तगलन' मा प्रकाशित मार्क्सका लेखहरू इतिहासको भौतिकवादी समझदारीको दिशामा पहिलो पाइलो थियो ।

सम्पादकको रूपमा आफ्नो काम चालु राख्नको लागि मार्क्सलाई ठूलो साहस, धैर्य र दृढताको आवश्यक पऱ्यो । राइन प्रान्तमा अझै नेपोलियन ऐन लागू थियो र प्रोइसेनका अन्य भागमा भन्दा यहाँ प्रेस स्वतन्त्रता बढी थियो, तापनि मार्क्स सेन्सरवालाहरू, सरकारी कर्मचारीहरू र पत्रिकाका सेयरहोल्डरहरूसँग दिनहुँ संघर्ष गर्न बाध्य हुनुहुन्थ्यो ।

'Rheinsiche Zeitung' को प्रवृत्ति र यस पत्रिकाको बढ्दो प्रभाव देखेर तर्सेको प्रोइसेन सरकारले पत्रिकामाथि कडा निगरानी राख्न थाल्यो र अन्त्यमा गएर १९ जनवरी १८४३ को दिन १ अप्रिल १८४३ देखि पत्रिकाको प्रकाशन बन्द गर्ने आदेश जारी गऱ्यो । पत्रिकालाई बढी उदारवादी बनाउने सेयरहोल्डरहरूको प्रवृत्तिसँग आफ्नो असहमति जनाउँदै १७ मार्च १८४३ का दिन मार्क्सले पत्रिकाको सम्पादक मण्डलबाट राजीनामा गर्नुभयो ।

'Rheinsiche Zeitung' मा गरिएको कार्य वास्तविक जीवनसँग जर्मनीका श्रमिकहरूको सिथतिसँग प्रत्यक्ष सम्पर्क, फ्रान्स र बेलायतका सर्वहाराहरूका आन्दोलनको थालनी, समाजवादी साहित्यको अध्ययन आदि कुराले मार्क्समा निकै ठूलो परिवर्तन ल्याएको थियो। लेनिनको शब्दमा भन्ने हो भने, यसै बेलादेखि मार्क्सले आध्यात्मवादलाई छोडेर भौतिकवादतर्फ क्रान्तिकारी जनवादलाई छोडेर साम्यवादतर्फ अघि सर्न थाल्नुभएको हो ।'

'Rheinsiche Zeitung' पत्रिका बन्द गर्ने आदेश जारी भएपछि मार्क्सले जर्मनी छोड्ने अठोट गर्नुभयो । जर्मनीमा उहाँ वैज्ञानिक कार्य र पत्रकारिताको क्षेत्रमा कुनै पनि काम गर्न सक्नुहुन्थ्यो । तर यस निर्णयको अर्थ मार्क्सले राजनीतिक संघर्षको बाटो छोडिदिनुभयो भन्ने थिएन । अकर्मण्यता नै सबभन्दा घृणित मानव कमजोरी हो भन्ने धारणा राख्ने व्यक्तिले कदापि आत्मसमर्पण गर्न सक्दैन । मार्क्स त्यस्तो क्रान्तिकारी पत्रिका निकाल्ने योजना बनाउँदै हुनुहुन्थ्यो, जुन गुप्त तरिकाले जर्मनी पठाउन सकियोस् ।

***हेगेलको कानुनी दर्शनको आलोचना***

राज्य र कानुनबारे हेगेलको अध्यात्मवादी विचारधाराको पुनरावलोकन नगरी मार्क्सले उठाउनुभएको समस्याको वैज्ञानिक समाधान भेटाउन सकिन्नथ्यो । हेगेलको अध्यात्मवादी दर्शनको विरोध गर्ने पहिलो दार्शनिक लडभिग फायरवाख थिए । उनका पुस्तक 'इसाई धर्मको सार (सन् १८४१) ले मार्क्सलाई निकै प्रभावित तुल्याएको थियो र भौतिकवादतर्फ आकर्षित गरेको थियो । तर फायरवाख प्राकृतिक घटनाहरूबारे मात्र भौतिकवादी दृष्टिकोण राख्थे । इतिहास, सामाजिक सम्बन्धहरू तथा राजनीतिसम्बन्धी सोचाइमा उनी अध्यात्मवादी नै रहे । फायरवाखका कृतिहरूको ठूलो मूल्यांकन गर्नुका साथै मार्क्सले उनको भौतिकवादमा रहेका सीमितता र असंगति पनि पत्ता लगाउनुभएको थियो । फायरवाखको विपरित मार्क्सले प्रकृतिमात्र नभएर समाजलाई समेत अँगाल्ने एक सुव्यस्थित कर अखण्ड वैज्ञानिक विश्वदर्शन तयार पार्ने प्रयास गर्नुभयो ।

मार्क्सले सामाजिक घटनाहरूको विश्लेषणमा भौतिकवादी दृष्टिकोण लागू गर्नुभयो र भौतिकवादी विश्व दृष्टिकोणको विकास गर्नुभयो । उहाँभन्दा पहिले भौतिकवादी दृष्टिकोण यान्त्रिक तथा अधिभौतिकवादी चरित्रको हुने गर्थ्यो । विश्वलाई कुनै निश्चल र अपरिवर्तनशील कुराको रूपमा हेरिन्थ्यो । वैज्ञानिक तथ्यहरू, प्रकृतिशास्त्रका उपलब्धिहरूका आधारमा मार्क्सले हेगेलको द्वन्द्ववादको पुनरावलोकन गर्न थाल्नुभयो, भौतिकवाद र द्वन्द्ववादलाई एकवद्ध, अखण्ड वैज्ञानिक विश्व दृष्टिकोणको रूपमा विकसित गर्नुभयो ।

मार्क्सको हेगेलको कानुनी दर्शनको आलोचना पुस्तकको पाण्डुलिपि, यस कृतिका लागि उहाँले गर्नुभएको तयारीका साथसाथै यस अवधिमा उहाँले लेख्नुभएका पत्रहरूले मार्क्स कसरी मार्क्स बन्नुभयो अर्थात् विज्ञानको रूपमा समाजवादको संस्थापक बन्नुभयो भन्ने कुरा देखाउँछ । उहाँ भौतिकवादका पहिलेका सबै रूपहरूभन्दा अपरीमित रूपमा सारगर्भित र अतुलनीय रूपमा नियमित आधुनिक भौतिकवादको संस्थापक बन्नुभयो ।

***पेरिसमा निर्वासन***

'Deutsch–Franzoosische Jahrbucher' (जर्मन-फ्रान्सेली वार्षिक पत्रिका) को नामले निस्कने जर्मनी र फ्रान्सेली जनवादीहरूका मुखपत्रका रूपमा पत्रिका प्रकाशन गर्ने तयारी गर्न अक्टोवर १८४३ मा मार्क्स आफ्नी पत्नीसहित पेरिस आइपुग्नुभयो । पेरिस बसाई उहाँको जीवनमा नयाँ ज्ञान, नयाँ राजनीतिक अनुभवको स्रोत बन्यो ।

आफ्नो पेरिस वसाइको समायमा मार्क्सले न्यायप्रिय संघ का नेताहरूसँग र धेरैजसो फ्रान्सेली गोप्य मजदुर समाजहरूका नेताहरूसँग सम्बन्ध जोड्नुभयो, तर उहाँ आफै कुनै यस्तो संस्थाको सदस्य बन्नुभएन । उहाँले फ्रान्सेली समाजवादीहरू र कम्युनिष्टहरू लुई ब्लान, एटएन, काबे, प्येर लेरुका साथै प्येर जोजेफ प्रुडोनसँग चिनापर्जी गर्नुभयो । महान् जर्मन कवि हेनरख हाइनेसँग मार्क्सले मैत्री सम्बन्ध कायम गर्नुभएको थियो । पेरिसमा मार्क्सले बाकुनिन, बोतकिन तथा अन्य रुसी राजनीतिक कार्यकर्ताहरूसँग भेटघाट गर्नुभयो ।

मार्क्स एक बृहत् आर्थिक कृति लेख्ने तयारी गर्दै हुनुहुन्थ्यो । उहाँले वेलायतका शास्त्रीय बुर्जुवा राजनीतिक अर्थशास्त्रीहरू एडमस्मिथ र डेभिड रिकार्डो तथा अन्य अर्थशास्त्रहरूका कृतिहरूको आलोचनात्मक अध्ययन गर्नुभयो । उहाँले अझ जर्मनीमा नै महान् कल्पनावादी, समाजवादीहरू फ्रेन्च आनरी सेन-सिमोन र सार्ल फुरिये तथा अंग्रेजी रोबर्ट ओवेनका कृतिहरू अध्ययन गर्न थाल्नुभएको थियो, पेरिसमा उहाँले यो अध्ययन जारी राख्नुभयो । कल्पनावादी, समाजवादीहरूले पुँजीवादी समाजको निकै कडा र उचित आलोचना गरका थिए । तर उनीहरूले सामाजिक विकासका वस्तुपरक नियम पत्ता लगाउन सकेनन्, न त उनीहरूले नयाँ समाजको स्रष्टा बन्न समर्थ सामाजिक शक्तिको नै भेउ पाउन सके ।

***फ्रेडरिक एगेल्ससँग भेट र मित्रताको थालनी***

सबभन्दा प्रगतिशील र सबभन्दा शोषित वर्गको हितार्थ आफ्नो जीवन अर्पण गर्ने अठोट गर्नुभएको मार्क्सले फ्रेडरिख एङ्गेल्सको रूपमा आफ्नै जस्तो विचारधारा भएको एक अति भरपर्दो सहयोगी र साथी भेटाउनुभयो ।

त्यही राइन प्रान्तको बार्मेन सहरमा जन्मनुभएका एङ्गेल्स मार्क्सभन्दा दुई वर्ष कान्छो हुनुहुन्थ्यो । उहाँको पिता कपडा कारखानाको मालिक हुनुहुन्थ्यो । पिताको आज्ञाअनुसार एङ्गेल्सले स्कुल नसक्याईकनै उहाँको पसलमा काम गर्न थाल्नुभयो । केही समयपछि उहाँ ब्रेमनमा व्यापारिक अध्ययन गर्ने काममा लाग्नुभयो । तर यी अति प्रतिभाशाली, सूक्ष्मदर्शी र साहसी युवकलाई व्यापारी बन्ने कुरा पटक्कै रुचेको थिएन । मजदुर तथा कारिगरहरूको कठोर जीवनसँग परिचित भएपछि जसबारे १८ वषीय एङ्गेल्सले भुपेरतालको चिठी शीर्षक आफ्नो पहिलो लेखमा बढो प्रभावकारी तरिकाले वर्णन गर्नुभएको थियो ।

मार्च १८४२ देखि एङ्गेल्सले'च्जभष्लकष्अजभ श्भष्तगलन' मा एक पक्का क्रान्तिकारी जनवादीका रूपमा नियमितरूपमा लेखहरू लेख्न सुरु गर्नुभयो ।

नोभेम्वर १८४२ मा मेनचेस्टरस्थित धागो कारखानाको अफिसमा काम गर्न एङ्गेल्स बेलायत जानुभयो । यस कारखानामा एङ्गेल्सको पिताको साझेदारी थियो । बाटोमा उहाँ क्योलन पस्नुभयो । यहाँ "Rheinsiche Zeitung" को कार्यालयमा मार्क्ससँग उहाँको पहिलो छोटो भेटघाट भयो ।

यस अवधिमा एङ्गेल्सले लेख्नुभएका लेखहरू र 'राजनैतिक अर्थशास्त्रको आलोचनाबारे केही खेस्राहरू' शीर्षक कृति पढ्दा उहाँ कसरी आफै, आफ्ना वैज्ञानिक एवम् व्यावहारिक अनुभवका आधारमा भौतिकवाद र साम्यवादको बाटोमा पुग्नुभयो भन्ने कुरा थाहा पाइन्छ । यी 'खेस्राहरू' मा एङ्गेल्सले बुर्जुवा राजनीतिक अर्थशास्त्रको आलोचना अर्थात् सर्वहारावर्गको दृष्टिकोणबाट पुँजीवादी व्यवस्थाजको आलोचना सुरु गर्नुभएको थियो । 'जर्मन-फ्रान्सेली वार्षिक पत्रिका' मा प्रकाशित यस कृतिले मार्क्सलाई निकै प्रभावित तुल्याएको थियो । मार्क्सको आर्थिक अनुसन्धानका लागि यो कृति प्रेरणाको नयाँ बन्न गयो ।

सन् १८४४ का आर्थिक एवम् दार्शनिक पाण्डुलिपिहरू मार्क्सका यी अनुसन्धानहरूको पहिलो फल थियो ।

'राजनीतिक अर्थशास्त्रको आलोचनाबारे केही खेस्राहरू' शीर्षक एङ्गेल्सको कृतिसँग मार्क्सको परिचयपछि उहाँहरूबीच पत्र व्यवहार सुरु भयो । अगस्त १८४४ मा बेलायतबाट जर्मनी फर्कंदा एङ्गेल्सले पेरिसमा मार्क्ससँग भेट गर्नुभयो । दस दिनको हाम्रो यो संसर्गमा, पछि गएर एङ्गेल्सले सम्झना गर्नुभएको थियो, 'सबै सैद्धान्तिक क्षेत्रमा हाम्रो पूर्ण एकमत देखापऱ्यो र त्यही बेलादेखि हाम्रो संयुक्त कार्य पनि सुरु भयो ।'

मार्क्स र एङ्गेल्सको यो ऐतिहासिक भेटले एक असाधारण मित्रता र दुई महान् दिग्गजहरूको सहयोगको थालनी गऱ्यो । यस सहयोगले मजदुरवर्गलाई वैज्ञानिक क्रान्तिकारी सिद्धान्तद्वारा सुसज्जित पारेको थियो, सर्वहारा पार्टीको रणनीति र कार्यनीतिको जग बसालेको थियो ।

***'पवित्र परिवार' वैज्ञानिक विश्वदृष्टिकोणको आधार***

पेरिसमा मार्क्स र एङ्गेल्सको भेट भएपछि उहाँहरूले सँगै मिलेर काम गर्न थाल्नुभयो । उहाँहरूले एक संयुक्त कृति लेख्ने काम सुरु गर्नुभयो र फेब्रुअरी १८४५ मा यो कृति बाँकी ८ पेजमा

# चितवन भेलाको ऐतिहासिक फैसला: एकीकृत जनक्रान्तिको कार्यदिशा खारेज




चितवन। नेपाल कम्युनिस्ट पार्टीको विशेष राष्ट्रिय भेला क्रान्ति सम्पन्न गर्ने कार्यदिशा, कार्यनीति, कार्यक्रम र नेतृत्व निर्माण गर्दै आज सम्पन्न हुँदैछ। बुधबार चितवनमा सुरु भएको भेलाले पार्टी र क्रान्तिलाई दलाल पुँजीवादको सेवक बनाउने गलत दिशामा लागेका नेत्रविक्रम चन्द 'विप्लव', खड्गबहादुर विश्वकर्मालगायत संशोधनवादी सुधारवादी नेताहरूलाई पार्टीबाट निष्कासन गरी धर्मेन्द्र बास्तोला 'कञ्चन' लाई संयोजक चयन गरेको छ।

विशेष राष्ट्रिय भेलामा देशभित्रका ७७ जिल्ला, जवस, मोर्चा, विभाग, प्रवास, सहिद बेपत्ता परिवार, घाइते आपाङ्ग, जनसेवकसमेत १५ समूहमा संयोजित समूहका नेताहरूले पार्टीका संयोजक कञ्चनद्वारा प्रस्तुत राजनीतिक प्रतिवेदनमाथि गम्भीर छलफल र बहस गरी सुझावहरू दिएका छन्।

विशेष राष्ट्रिय भेलामा आयोजक समितिका तर्फबाट सम्पूर्ण केन्द्रीय सदस्यहरूले राजनीतिक प्रतिवेदन, पार्टी, आन्दोलन र विश्व कम्युनिस्ट आन्दोलनका विषयमा पार्टीका धारणाहरू प्रस्तुत गरेका छन्। पार्टी नेताहरू सल्लाहकार समितिका अध्यक्ष असारे काका, पवन, संयोजक कञ्चन र सुदर्शनले पार्टी र क्रान्ति सम्पन्न गर्ने विषयमा विचार प्रस्तुत गर्ने कार्यक्रम रहेको जानकारी आयोजक समितिले दिएको छ।

प्राप्त जानकारी अनुसार चितवन भेलाले एकीकृत जनक्रान्तिको कार्यदिशा खारेज गर्ने ऐतिहासिक फैसला गरेको छ र एकीकृत जनक्रान्तिको कार्यदिशा खारेज गर्दै नयाँ कार्य कार्यदिशा, कार्यनीति र नेतृत्व निर्माण गर्दै विशेष राष्ट्रिय भेला आज समापन गर्ने कार्यक्रम रहेको जानकारी प्राप्त गराइएको छ।

# महासचिव किरणद्वारा सच्चा कम्युनिस्टहरुलाई एकताबद्ध हुन र मार्क्सले देखाएको बाटोमा दृढतापूर्वक अगाडि बढ्न अपिल

काठमाडौं। नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य किरणले विश्व सर्वहारा वर्गका महान् नेता कार्ल मार्क्सको जन्म दिवसको अवसरमा एक प्रेस वक्तव्य जारी गर्दै यो बेला सच्चा कम्युनिष्टहरूलाई एकताबद्ध हुन आह्वान गर्दै र कार्यदिशाको विकासगर्दै मार्क्सले देखाएको युगान्तकारी परिवर्तनको बाटोमा दृढतापूर्वक अगाडि बढ्न हार्दिक अपील गर्नुभएको छ।

वक्तव्यमा उहाँले भन्नुभएको छ, 'नेपाली क्रान्तिले जनयुद्धको प्रक्रियामा गम्भीर धक्का खाए पनि हामी प्रतिक्रियावाद तथा संशोधनवादका विरुद्ध भीषण सङ्घर्ष गर्दै नयाँ जनवाद हुँदै वैज्ञानिक समाजवाद तथा साम्यवादको महान् उद्देश्य प्राप्तिका लागि अगाडि बढिरहेका छौं। यो बेला २०४औं जन्मदिवसको अवसरमा कार्ल मार्क्सका ऐतिहासिक तथा युगान्तकारी योगदानहरूको पुनः संस्मरण र मार्क्सवादप्रति निष्ठा जाहेर गर्नुको सार्थकता विश्व सर्वहारा क्रान्तिको एक अभिन्न अङ्गका रूपमा नेपाली क्रान्तिको प्रक्रियामा निरन्तर अगाडि बढ्नुमा रहेको छ। यो बेला सच्चा कम्युनिष्टहरूलाई एकताबद्ध हुन आह्वान गर्दै र कार्यदिशाको विकासगर्दै मार्क्सले देखाएको युगान्तकारी परिवर्तनको बाटोमा दृढतापूर्वक अगाडि बढ्न हामी हार्दिक अपील गर्दछौं।'



संसारका मजदुरहरु एक हौं !

मार्क्सवाद-लेनिनवाद-माओवाद जिन्दावाद !

नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)
Communist Party of Nepal (Revolutionary Maoist)
केन्द्रीय समिति
Central Committee

पत्र संख्या/Serial No. :–
चलानी नं./Regd. No. :–

**प्रेस-वक्तव्य**

आज ५ मई २०२२ तदनुसार २२ वैशाख २०७९ कार्ल मार्क्सको २०४औं जन्म दिवस हो। ५ मई १८१८ का दिन जर्मनीको ट्रियर नगरमा विश्व सर्वहारा वर्गका महान् नेता कार्ल मार्क्सको जन्म भएको थियो। कार्ल मार्क्स मार्क्सवादका प्रवर्तक तथा विश्व कम्युनिस्ट आन्दोलनका महान् शिक्षक हुनुहुन्थ्यो। उहाँले द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादका तीन ओटै क्षेत्रलाई एकीकृत गरी क्रान्तिकारी सिद्धान्त मार्क्सवादको प्रतिपादन गर्नु भयो। मार्क्सवाद विश्व सर्वहारा वर्ग र उत्पीडित जनसमुदायको मुक्तिको सिद्धान्त हो। आज मार्क्सवाद मार्क्सवाद-लेनिनवाद-माओवादका रूपमा विकसित भएको छ। यो हाम्रो पार्टीको पथप्रदर्शक सिद्धान्त हो।

मार्क्सवादको प्रादुर्भाव सँगै संशोधनवादले विश्वव्यापी रूपमा मार्क्सवादमाथि भीषण हमला गर्दै आएको छ। विश्वमा क्रान्ति र प्रतिक्रान्तिका आरोह-अवरोहका प्रक्रिया चल्दै आएका छन्। रूस, चीन लगायतका देशहरूमा भएका प्रतिक्रान्तिका घटनालाई देखाएर विश्वभरि नै प्रतिक्रियावादीहरूले मार्क्सवादको औचित्य समाप्त भयो र साम्यवादी इतिहासको अन्त्य भयो र पुँजीवाद निर्विकल्प भयो भन्ने झुटा प्रचारवाजी गर्दै आएका छन्। तर सत्य के हो भने वर्तमान साम्राज्यवादी नवउदारवाद असफल भएको छ र विश्व भयानक आर्थिक सङ्कटको भुमरीमा फस्दै आएको छ। यो सङ्कटको भार उत्पीडित जनताको थाप्लोमा बोकाउन साम्राज्यवादले गरेका हर प्रयास असफल हुँदै गएका छन्। फलतः विश्वभर पुँजी र श्रमका बीचको अन्तर्विरोध, साम्राज्यवाद र उत्पीडित राष्ट्र तथा जनताका बीचको अन्तर्विरोध एवम् अन्तर-साम्राज्यवादी अन्तर्विरोध सबै चर्किएर गएका छन्। साम्राज्यवादका सबै उपायहरु असफल बन्दै गएको र विश्वका सबै आधारभूत अन्तर्विरोधहरु विष्फोटक बन्दै गएको स्थितिमा कतिपय मानिसहरुले तेस्रो विश्व युद्धको खतरा बढ्दै गएको आँकलन गर्न थालेका छन्। वर्तमान रुस-युक्रेन युद्धले त्यतै सङ्केत गर्दछ। विश्वव्यापी रुपमा विस्तार हुँदै गएको प्रतिरोध र संभावित विश्वयुद्धको खतराले आउने दिनहरु उथलपुथल पूर्ण हुने देखिन्छ।

यो स्थितिमा विश्वव्यापी रूपमा मार्क्सवादको औचित्य र त्यस प्रतिको आकर्षण झनै बढिरहेको छ। मार्क्सवाद तथा वैज्ञानिक समाजवादमा विश्वका जनताले आफ्नो मुक्ति देखिरहेका छन्। साम्राज्यवादको एकमात्र विकल्प वैज्ञानिक समाजवाद हो भन्ने कुरा प्रमाणित हुँदै गएको छ। मार्क्सवाद सङ्घर्षको दर्शन तथा सिद्धान्त हो र सङ्घर्षकै बीचबाट यसको प्रयोग र विकास हुँदै आएको छ। कतिपय बुर्जुवा अर्थशास्त्रीहरुले समेत पुँजीवाद असफल भएको र यसको विकल्प खोज्नुपर्ने आवश्यकता औल्याउन थालेका छन्।

नेपाली क्रान्तिले जनयुद्धको प्रक्रियामा गम्भीर धक्का खाए पनि हामी प्रतिक्रियावाद तथा संशोधनवादका विरुद्ध भीषण सङ्घर्ष गर्दै नयाँ जनवाद हुँदै वैज्ञानिक समाजवाद तथा साम्यवादको महान् उद्देश्य प्राप्तिका लागि अगाडि बढिरहेका छौं। यो बेला २०४औं जन्मदिवसको अवसरमा कार्ल मार्क्सका ऐतिहासिक तथा युगान्तकारी योगदानहरूको पुनः संस्मरण र मार्क्सवादप्रति निष्ठा जाहेर गर्नुको सार्थकता विश्व सर्वहारा क्रान्तिको एक अभिन्न अङ्गका रूपमा नेपाली क्रान्तिको प्रक्रियामा निरन्तर अगाडि बढ्नुमा रहेको छ। यो बेला सच्चा कम्युनिष्टहरूलाई एकताबद्ध हुन आह्वान गर्दै र कार्यदिशाको विकासगर्दै मार्क्सले देखाएको युगान्तकारी परिवर्तनको बाटोमा दृढतापूर्वक अगाडि बढ्न हामी हार्दिक अपील गर्दछौं।

विश्वभरिका सम्पूर्ण क्रान्तिकारी कम्युनिष्ट कमरेडहरू लाल सलाम !
सर्वहारा अन्तर्राष्ट्रियतावाद जिन्दावाद !!

मिति : वैशाख २२, २०७९

किरण
महासचिव
नेकपा (क्रान्तिकारी माओवादी)

केन्द्रीय सम्पर्क कार्यालय : कुपण्डोल, सम्पर्क नं. ९८६३०३४७३,

***यस्तो छ वक्तव्यको पूर्णपाठ :***

'आज ५ मई २०२२ तदनुसार २२ वैशाख २०७९ कार्ल मार्क्सको २०४औं जन्म दिवस हो। ५ मई १८१८ का दिन जर्मनीको ट्रियर नगरमा विश्व सर्वहारा वर्गका महान् नेता कार्ल मार्क्सको जन्म भएको थियो। कार्ल मार्क्स मार्क्सवादका प्रवर्तक तथा विश्व कम्युनिस्ट आन्दोलनका महान् शिक्षक हुनुहुन्थ्यो। उहाँले द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादका तीन ओटै क्षेत्रलाई एकीकृत गरी क्रान्तिकारी सिद्धान्त मार्क्सवादको प्रतिपादन गर्नु भयो। मार्क्सवाद विश्व सर्वहारा वर्ग र उत्पीडित जनसमुदायको मुक्तिको सिद्धान्त हो। आज मार्क्सवाद मार्क्सवाद-लेनिनवाद-माओवादका रूपमा विकसित भएको छ। यो हाम्रो पार्टीको पथप्रदर्शक सिद्धान्त हो।

मार्क्सवादको प्रादुर्भाव सँगै संशोधनवादले विश्वव्यापी रूपमा मार्क्सवादमाथि भीषण हमला गर्दै आएको छ। विश्वमा क्रान्ति र प्रतिक्रान्तिका आरोह-अवरोहका प्रक्रिया चल्दै आएका छन्। रूस, चीन लगायतका देशहरूमा भएका प्रतिक्रान्तिका घटनालाई देखाएर विश्वभरि नै प्रतिक्रियावादीहरूले मार्क्सवादको औचित्य समाप्त भयो र साम्यवादी इतिहासको अन्त्य भयो र पुँजीवाद निर्विकल्प भयो भन्ने झुटा प्रचारवाजी गर्दै आएका छन्। तर सत्य के हो भने वर्तमान साम्राज्यवादी नवउदारवाद असफल भएको छ र विश्व भयानक आर्थिक सङ्कटको भुमरीमा फस्दै आएको छ। यो सङ्कटको भार उत्पीडित जनताको थाप्लोमा बोकाउन साम्राज्यवादले गरेका हर प्रयास असफल हुँदै गएका छन्। फलतः विश्वभर पुँजी र श्रमका बीचको अन्तर्विरोध, साम्राज्यवाद र उत्पीडित राष्ट्र तथा जनताका बीचको अन्तर्विरोध एवम् अन्तर-साम्राज्यवादी अन्तर्विरोध सबै चर्किएर गएका छन्। साम्राज्यवादका सबै उपायहरू असफल बन्दै गएको र विश्वका सबै आधारभूत अन्तर्विरोधहरू विष्फोटक बन्दै गएको स्थितिमा कतिपय मानिसहरूले तेस्रो विश्व युद्धको खतरा बढ्दै गएको आँकलन गर्न थालेका छन्। वर्तमान रुस-युक्रेन युद्धले त्यतै सङ्केत गर्दछ। विश्वव्यापी रूपमा विस्तार हुँदै गएको प्रतिरोध र संभावित विश्वयुद्धको खतराले आउने दिनहरू उथलपुथल पूर्ण हुने देखिन्छ।

यो स्थितिमा विश्वव्यापी रूपमा मार्क्सवादको औचित्य र त्यस प्रतिको आकर्षण झनै बढिरहेको छ। मार्क्सवाद तथा वैज्ञानिक समाजवादमा विश्वका जनताले आफ्नो मुक्ति देखिरहेका छन्। साम्राज्यवादको एकमात्र विकल्प वैज्ञानिक समाजवाद हो भन्ने कुरा प्रमाणित हुँदै गएको छ। मार्क्सवाद सङ्घर्षको दर्शन तथा सिद्धान्त हो र सङ्घर्षकै बीचबाट यसको प्रयोग र विकास हुँदै आएको छ। कतिपय बुर्जुवा अर्थशास्त्रीहरूले समेत पुँजीवाद असफल भएको र यसको विकल्प खोज्नुपर्ने आवश्यकता औल्याउन थालेका छन्।

नेपाली क्रान्तिले जनयुद्धको प्रक्रियामा गम्भीर धक्का खाए पनि हामी प्रतिक्रियावाद तथा संशोधनवादका विरुद्ध भीषण सङ्घर्ष गर्दै नयाँ जनवाद हुँदै वैज्ञानिक समाजवाद तथा साम्यवादको महान् उद्देश्य प्राप्तिका लागि अगाडि बढिरहेका छौं। यो बेला २०४औं जन्मदिवसको अवसरमा कार्ल मार्क्सका ऐतिहासिक तथा युगान्तकारी योगदानहरूको पुनः संस्मरण र मार्क्सवादप्रति निष्ठा जाहेर गर्नुको सार्थकता विश्व सर्वहारा क्रान्तिको एक अभिन्न अङ्गका रूपमा नेपाली क्रान्तिको प्रक्रियामा निरन्तर अगाडि बढ्नुमा रहेको छ। यो बेला सच्चा कम्युनिष्टहरूलाई एकताबद्ध हुन आह्वान गर्दै र कार्यदिशाको विकासगर्दै मार्क्सले देखाएको युगान्तकारी परिवर्तनको बाटोमा दृढतापूर्वक अगाडि बढ्न हामी हार्दिक अपील गर्दछौं।

*विश्वभरिका सम्पूर्ण क्रान्तिकारी कम्युनिष्ट कमरेडहरू लाल सलाम !*
*सर्वहारा अन्तर्राष्ट्रियतावाद जिन्दावाद !!*

मिति : वैशाख २२, २०७९

*किरण*
*महासचिव*
*नेकपा (क्रान्तिकारी माओवादी)'*

# नेकपा (क्रान्तिकारी माओवादी)द्वारा प्रदेश सदस्य केदार गुरागाई (रत्न) र यज्ञ बहादुर कटुवाल (गणेश)लाई पार्टीबाट निष्कासन

नेकपा(क्रान्तिकारी माओवादी) प्रदेश नम्बर १ कमिटीले पार्टी हित विपरीत काम गरेको ठहर गरी दुईजना प्रदेश कमिटि सदस्यलाई निष्कासन गरेको छ।

लामो समय देखि पार्टी लाईनमा काम नगरिकन पार्टीलाई प्रतिकुल हुनेगरी गतिविधि गर्ने प्रदेश सदस्य केदार गुरागाई (रत्न) र यज्ञ बहादुर कटुवाल (गणेश)लाई पार्टीको साधारण सदस्य समेत नरहने गरी निष्कासन गरिएको पार्टी प्रदेश १ सचिव सरलले जारी गरेको निम्न प्रकाशित विज्ञप्तिमा उल्लेख गरिएको छ :

# काठमाडौंका गोकर्णेश्वर, शंकरापुर र कागेश्वरी नगरपालिकाहरूमा नेकपा(क्रान्तिकारी माओवादी) को स्थानीय निर्वाचन बहिष्कार अभियान सफलतापूर्वक सम्पन्न



काठमान्डौ। नेकपा(क्रान्तिकारी माओवादी) को स्थानीय निर्वाचन बहिष्कार सम्वन्धी अभियानका कार्यक्रमहरू काठमान्डौका गोकर्णेश्वर, शंकरापुर र कागेश्वरी नगरपालिकाहरूमा सफलता पूर्वक सम्पन्न भएका छन्।

बैशाख ५ देखि २० गतेसम्म करीव एक हप्ते कार्यक्रममा गोकर्णेश्वर, शंकरापुर र कागेश्वरी नगरपालिकाहरूका विभिन्न वडाहरूमा पोष्टर टास्ने, पर्चा, पम्प्लेट वितरण गर्ने, भित्ते लेखन, कोणसभाहरू सम्पन्न भएका जानकारी अभियान टिमका सहसंयोजक ढोगप्रसाद अधिकारीले दिनु भयो। ती सबै दिनहरूमा नेकपा(क्रान्तिकारी माओवादी) केन्द्रीय सदस्य फूर्नाम्गेलको नेतृत्वमा कार्यक्रमहरू सम्पन्न गरिएका थिए। कोणसभाहरूको बक्तामा फूर्नाम्गेल र संचालन ढोगप्रसाद अधिकारीले गर्नु भएको थियो।

कार्यक्रमहरूको दौरानमा तीनवटै नगरपालिकाहरूमा एक एकवटा भित्ते लेखन पनि गरिएका र कोणसभाहरू संचालन गरिएका थिए। बैशाख २० गतेको शाँखुको कार्यक्रममा प्रहरी हस्तक्षेप भएको र प्रहरीले जवर्जस्ती व्यानर र झण्डा खोस्ने आदि काम गरेको थियो। तै पनि कार्यक्रम सफलतापूर्वक सम्पनन गरिएको जानकारी प्राप्त भएको छ।

# श्रद्धा ईन्स्टिच्यु अफ हेल्थ साइन्सेज कलेज भक्तपुरमा हस्तबहादुर सिजापतीको अध्यक्षतामा स्थानीय तहको निर्वाचन बहिस्कारसँगै १९ सदस्यीय मूल इकाई समिति गठन



भक्तपुर। अखिल क्रान्तिकारी सिटिभिटी इन्स्टीच्युट अफहेल्थ साइन्सेज कलेजमा हस्तबहादुर सिजापतिको अध्यक्षतामा स्थानीय निर्वाचन बहिष्कारसँगै १९ सदस्यीय मूल इकाई समिति गठन गरिएको छ, जसमा रोहित कुँवर उपाध्यक्ष, अन्सु महत सचिव, क्षितिजा तामांग कोषाध्यक्ष, निकिता चौकोटी सहसचिव हुनुहुन्छ।

मूल इकाई समिति सदस्यहरूमा महेस सुनार, प्रनिसा तिमिल्सिना रोशना थापा, दिनेश हमाल, ढोगकुमारी मगर, प्रेमलक्ष्मी पाण्डे, करुणा शिल्पकला, कलपना बुढा, रेखा महत, अन्जु बराल, स्वस्तीका श्रेष्ठ, रेखा बयाजु, रमेश सुजाकु, रविना श्रेष्ठ हुनुहुन्छ।

उक्त कार्यक्रममा अखिल क्रान्तिकारी केन्द्रीय सदस्य एवम सिटिभिटि संयोजक नरबहादुर कुमाल र विद्यार्थी नेता सुर्य बिकको उपस्थिति थियो।

# मार्क्सको पर्यावरणीय शिक्षा

*फ्रान्सले व्यापार र उद्योगले वातावरणमाथि अनिवार्य रुपमा क्षति पुऱ्याएको निराशावादी निष्कर्ष निकाले। तर, मार्क्सले उत्पादनका साधनमा प्रजातान्त्रिक नियन्त्रणमार्फत मानिस र प्रकृतिबीच अन्तरक्रियाको न्यायपूर्ण नियमनमार्फत उनीहरुबीच एकता कायम गर्नुका साथै मेटाबोलिक खाडल पुर्न सहयोग गर्ने निष्कर्ष निकाले। तर, त्यसको निम्ति पुँजीवादी व्यवस्थालाई भत्काउनुपर्ने उनको निचोड थियो*

● मार्टिन इम्प्सन ●

पछिल्ला दुई दसकमा प्रकाशित विभिन्न कृतिहरूले कार्ल मार्क्सका कृतिमा रहेका पर्यावरणसम्बन्धी कुरालाई सतहमा ल्याएका छन् । मार्क्सले पर्यावरणको प्रश्नलाई कुनै विचार दिएका थिएनन् भन्ने भनाइलाई ती कृतिले खण्डन गरेका छन् । पुँजीवादी व्यवस्था र प्रकृतिको विनाशबारे मार्क्सको क्रान्तिकारी विचारलाई तिनले अझ उजागर गरेको छ । तथापि केही प्रश्न भने अझै अनुत्तरित छन्ः मार्क्स कसरी ती विचारसम्म पुगे र उनको जीवनका विभिन्न चरणमा पर्यावरणसम्बन्धी विचारले कस्तो खालको प्रभाव पाऱ्यो ?

सन् १९९० दसकको अन्त्यसम्ममा मानव समाज र प्रकृतिबीचको अन्तरक्रियाबारे मार्क्सका कृतिहरूमा या त त्यति ध्यान गएको थिएन अथवा तिनलाई गलत ढङ्गले बुझिएको थियो । पल बुर्केटको 'मार्क्स एन्ड नेचर' (१९९९) र जोन बेलामी फोस्टरको 'मार्क्स इकोलोजी' (२०००) दुई वटा कृति प्रकाशित भएपछि भने यो विषयमा मानिसहरूको सोचाइमा केही भिन्नता आएको छ । दुवै कृतिले पर्यावरणसम्बन्धी मार्क्सका विचारलाई आधारभूतरूपमा प्रकाश पारेको छ। यसले नयाँ पुस्ताका मार्क्सवादीहरूलाई वातावरणको विषयमा चिन्तन गर्न र लेख्न उत्साहित गरेको छ। कोहे साएटोले मार्क्सको हालै प्रकाशित नोटबुकहरूको विस्तृत अध्ययन गरी लेखेको नयाँ पुस्तकले पर्यावरणसम्बन्धी मार्क्सका विचारलाई अझ प्रस्ट बनायो। बुर्केट, फोस्टर र अन्य सोसम्बन्धी बुझाइलाई साएटोको कृतिले अझ फराकिलो बनायो। मार्क्सको कृतिको विस्तृत अध्ययन गरिएको त्यो महत्वपूर्ण पुस्तकले अर्थ-राजनीतिसम्बन्धी आफ्नो अध्ययनलाई हिस्साको रूपमा समकालीन विज्ञानमा मार्क्सको लामो संलग्नताबारे प्रस्ट पारिएको छ । यही लामो संलग्नताले नै पर्यावरणसम्बन्धी मार्क्सको विचार निर्माणमा टेवा पुऱ्यायो । हालै इयान अन्गसले समाजवादी विचारको आधार बनाउन विज्ञानमा मार्क्स र एङ्गेल्सको संलग्नताको महत्वबारे प्रकाश पारेका छन् ।

'(मार्क्स र एङ्गेल्सले) मजदुर आन्दोलनमा सक्रिय सहभागितामार्फत संसारले कसरी काम गर्छ र कसरी परिवर्तन हुन्छ भन्ने आफ्नो विचारको परीक्षण गरे । त्यसक्रममा इतिहास, अर्थशास्त्र र प्राकृतिक विज्ञानको गहन अध्ययन गरे । उनीहरूले यो काम आफ्नो बौद्धिक उत्सुकता मेटाउनमात्र गरेका थिएनन्' पुँजीवादको विकासका भौतिक परिस्थिति र भविष्यमा त्यसले पार्ने असरबारे विस्तृतरूपमा नबुझी पुँजीवादबारे बुझ्न र प्रतिरोध गर्न सम्भव नभएको कुरा उनीहरूलाई राम्ररी थाहा थियो ।' (इयान एन्गस, द रेड्डर सेड अफ ग्रिनः इन्टरसेक्सन्स अफ साइन्स एन्ड सोसिएलिजम् (न्यु योर्कः मन्थ्ली रिभ्यु प्रेस, २०१७, २६)

पर्यावरणसम्बन्धी मार्क्सको अवधारणा बुझ्नुको अर्थ उनको भौतिकवादी तरिकाअनुसार नै उनको विचारधाराको विकासक्रमबारे बुझ्नु हो। त्यस अर्थमा सुरुको मार्क्स र उनका पछिका विचारबीच कुनै विखण्डन थिएन, बरु उनका अवधारणा र विचारको विकासको सिलसिला थियो । मार्क्सका आर्थिक लेखहरूमा यी कुरालाई ध्यान दिइएको भए पनि प्रकृतिबारे उनको यो विचारको हकमा यो सत्य भएको कुरा भने स्वीकारिएको थिएन । साइटोले भनेका छन्ः 'अलग वास्तविकतामा एउटा काल्पनिक आदर्श थोपर्ने मार्क्सअघिका दार्शनिक चिन्तनभन्दा अघि बढेर मार्क्सले मानिस र प्रकृतिबीचको मूर्त सम्बन्धको विश्लेषण गर्न सिके। मानिस र प्रकृतिबीचको मूर्त सम्बन्ध एकातिर 'अन्ततः आवश्यकता' को रूपमा शाश्वत कुरा हो भने अर्कोतिर मानव समाजको विकासक्रमका हरेक उत्पादनको चरणमा श्रमको भिन्नाभिन्नै आर्थिक भूमिकाको आधारमा यो सम्बन्धको सामाजिक आयाम पनि छ ।'

### *डेभिड रिकार्डो*

मार्क्सले एउटा यस्तो समाजको आवश्यकतालाई जोड दिएका छन् जसको 'मूल काम' भनेको 'सम्बन्धित उत्पादकबाट मानिस र प्रकृतिबीचको भौतिक अन्तरक्रियालाई सचेत रूपमा नियमन गर्नसक्छ । साइटोले यसलाई 'अवधारणामै आएको परिवर्तन' को रूपमा उल्लेखनीय परिवर्तन भनी व्याख्या गरेका छन् । तर, यसलाई मार्क्सको आफ्नो अर्थ-राजनीतिक सिद्धान्तबाट अलग बनाउन सकिन्न ।

साइटोले मार्क्स 'सुरुबाटै पर्यावरणबारे चिन्तन गर्ने' थिएनन् । वास्तवमा उनलाई यस विषयमा सुरु-सुरुमा 'जानकारीको कमी' थियो । मार्क्सका सुरु सुरुका लेखनमा उल्लेखित



प्रमिथसवादी सोचले उनमा विज्ञान र प्रविधिको अन्त्यहीन प्रगतिप्रतिको विश्वास थाहा पाउन सकिन्छ । कृषिको क्षेत्रमा विज्ञान र प्रविधिको प्रयोगले पृथ्वीको प्राकृतिक सीमिततालाई जित्न सकिने सोच्थे । मार्क्सले त्यत्तिबेला त्यस्तो विचार राख्नु कुनै आश्चर्यको कुरा थिएन किनभने त्यत्तिबेलाका नाम चलेका वैज्ञानिकहरू त्यसरी नै सोच्थे । यो विषयमा मार्क्सलाई महत्वपूर्ण प्रभाव पारेका थिए-स्कटल्यान्डका कृषिविद् जेम्स एन्डरसन । उनी 'उत्पादकत्व बढाउने प्रक्रियामा माटोको गुणस्तर वृद्धिको पनि भूमिका हुने' तर्क गर्थे । ''उपयुक्त बन्दोबस्तअन्तर्गत माटोको गुणस्तर वृद्धिको लागि श्रमले पनि भूमिका खेलेको हुन्छ ।' मार्क्सलाई उनको तर्कले दुई कोणबाट आकर्षित गऱ्यो । पहिलो एन्डरसनको विचारले श्रममा आधारित न्यायसङ्गत कृषिसम्बन्धी उनको धारणालाई समर्थन गरेको थियो । दोस्रो कारण, यो तर्कले थोमस माल्थस र डेभिड रिकार्डोको विचारको आलोचना गर्थ्यो जसले माटोको उर्वरतामा कमीले भविष्यको सङ्कटप्रति निराशाजनक धारणालाई उत्साहित गर्थ्यो ।

मार्क्सले त्यस्ता वैज्ञानिकहरूको विस्तृत अध्ययन गरेका थिए, तिनका कृतिबारे बहस र छलफल गरेका थिए, तिनमाथि आलोचनात्मक अध्ययन गरेका थिए। त्यसले विषयवस्तुलाई विस्तृतरूपमा बुझ्न उनलाई सक्षम बनाएको थियो । मार्क्सले 'प्रकृतिमाथि मनपरी दोहन गर्नु नहुने र प्राविधिक विकासमार्फत पनि प्रकृतिको रूप बिगार्न नहुने' भनी आफ्नो दृष्टिकोण विकास गरेका थिए। निष्कर्षमा उनले भनेका छन्, 'प्रकृतिमा पनि जित्न नसकिने सीमितताहरू हुन्छन् ।'

यो विषयमा मार्क्सका विचारको विकासमा जर्मनीका कृषिविद् जस्टस भोन लेबिग (१८०३-१८७३) का कृतिहरूको महत्वपूर्ण भूमिका खेलेको छ । पर्यावरणसम्बन्धी मार्क्सका विचारबारे पुस्तकहरूमा लेबिगको भूमिकाबारे प्रकाश पारिएको छ । त्यतिबेलाको प्राकृतिक विज्ञानबारे आफ्नो सिद्धान्त विकास गर्न मार्क्सले लेबिगका कृतिहरू (धेरै स-साना परिवर्तनसहित लेविगका कृतिका धेरै संस्करण प्रकाशित छन्) र लेबिगका विचारमाथि भएका वैज्ञानिक बहसको मार्क्सले गरेको गम्भीर अध्ययनबारे साइटोले विस्तृत रूपमा प्रकाश पारेका छन् ।

सुरुमा मार्क्सले पर्यावरणसम्बन्धी आफ्नो विचार बनाउन लेबिगबारे अध्ययन गरेका थिएनन् । रिकार्डोजस्ता चिन्तकहरूबारे आलोचनात्मक धारणा बनाउन मार्क्सले लेबिगको अध्ययन गरेका थिए । विशेषतः मार्क्सले सीमान्त प्रतिफलको नियमबारे अध्ययन गरेका थिए। सीमान्त प्रतिफलको नियम भन्नाले माटोको सुधारको लागि रसायनिक मल वा पुँजीगत लगानी भए पनि त्यसको कृषि प्रतिफल क्रमशः घट्दै जाने नियम हो । भूमिको तिरोसम्बन्धी सिद्धान्त बुझ्न यो महत्वपूर्ण नियम थियो । यहाँ मार्क्सले 'कृषिको उत्पादकत्वको अनुपातिक वृद्धि हुने' विचार अघि सारेका थिए । उनले माटोको उर्वरतामा कमी र प्राकृतिक स्रोतमा सीमिततालाई प्रमुख प्रश्नको रूपमा लिएनन् किनभने उनले सरलतापूर्वक यसलाई 'पुँजीवादमा मात्र आउने समस्या' को रूपमा हेरेका थिए ।

### *जस्टस फ्रेहर लिबिग*

तर, 'पुँजी' लेख्न थाल्दासम्म मार्क्सले आफ्नो विचारमा परिमार्जन गरिसकेका थिए । 'कृषिमा डकैती प्रणाली कृषि क्षेत्रमा भौतिक सीमितताको विशिष्ट आधुनिक परिणाम हो' भन्ने लेबिगको विचार मार्क्सले पछ्याए । लेबिगलाई मार्क्सले दुई वटा महत्वपूर्ण विचार दिएः पहिलो, पुँजीवादी कृषिमा प्रकृतिको सीमितता हुन्छ । जस्तैः माटोको प्रकार, स्थानीय मौसम आदि । एक नयाँ किसानले अथाह पुँजी लगानी गरे पनि लगानीको प्रतिफल भने त्यस्ता प्राकृतिक कुराले सधैँ अवरोध सिर्जना गरेको हुन्छ । दोस्रो, लेबिगले आधुनिक कृषि प्रणालीले संस्थागतरूपमै माटोको पोषक तत्व कमजोर बनाउँछ र त्यसको पुनःस्थापना भने गर्नसक्दैन । साइटोले यो प्रक्रियाबारे जानकार भएपछि मार्क्सको 'उत्साह' बारे जोड दिएका छन् । यो प्रक्रियाले 'सहर र गाउँबीचको आपसमा विरोधी सम्बन्धको वैज्ञानिक कारण' प्रस्ट बनाएको छ ।

लेबिग र अन्य कृषि वैज्ञानिकहरू न्यायसङ्गत कृषि सम्भव भएको कुरामा मार्क्सको चित्त बुझाउन सफल भयो । सँगै त्यस्तो कृषि प्रणाली पुँजीवादी कृषि सम्बन्धबाट सम्भव नभएको कुरा पनि प्रस्ट बनायो । पुँजीवादी व्यवस्थाअन्तर्गत जब माटोको उर्वरता घट्छ, लागत बढ्छ किनभने त्यसमा सुधार मानिसको श्रममार्फत मात्र गर्नसक्छ, 'स्वतन्त्र प्राकृतिक शक्ति' हद्पेर गर्न सकिन्न । साइटोका अनुसार मार्क्समा 'पुँजीवादी व्यवस्थाअन्तर्गत पुँजीमुखी कृषिले माटोको दिगो र दीर्घकालीन सुधार गर्न सम्भव नहुने र माटोको उर्वरता बढाउन पुँजी लगानी बढ्दै गएपछि उत्पादन लागत बढ्ने आलोचनात्मक दृष्टिकोण' को विकास भइसकेको थियो । तर, पुँजीवादी कृषि नाफा बढाउन 'प्रकृतिको स्वतन्त्र शक्ति'को अधिकतम प्रयोग गरेको हुन्छ । त्यस्तो सम्बन्धलाई व्यवस्थित गर्नसक्ने न्यायसङ्गत नयाँ आर्थिक प्रणालीले मात्र माटोको उर्वरताको ऐतिहासिक ह्रासलाई जित्न सक्नेछ ।

लेबिग र अन्य वैज्ञानिकहरूको अध्ययनको निष्कर्षमा मार्क्सले 'मेटाबोलिक खाडल' को विकास गरे । पुँजीवादी कृषिको 'डकैती प्रणाली' बारे उनको बुझाइ अलि पछि मात्र आयो, सन् १८६० को दसकतिर । यसको कारण उनले त्यसअघि यो विषयमा अध्ययन गरेको थिएन भन्ने होइन । बरु त्यसअघि माटोको उर्वरतासम्बन्धी समस्या समाधान गर्न रसायनिक मलको क्षमतासम्बन्धी सकारात्मक विश्वासबारे लेबिगजस्ता लेखकका सकारात्मक धारणामा उनी केन्द्रित थिए ।

मार्क्सले यो उपलब्धिलाई एक हदसम्म खुसीपूर्वक लिएका थिए । सन् १८५० को दसकमा आफ्नो लन्डन नोटबुकमध्ये एउटामा उनले लेबिगको भनाइ अघि सारेका छन् :'कृषिको यो पुनःस्थापना मल, खरानी वा हड्डीको कारण प्रभावित बन्छ वा बन्दैन भन्ने कुरा धेरै मात्रामा महत्वपूर्ण विषय होइन । त्यस्तो समय पनि आउनेछ, जब रसायन कारखानामा बनेको काँच बनाउने रसायन (पोटासको सिलिकेट) सँगै परालको खरानी र फोस्फोरस अम्ल मिलाइएको मलले माटोको उर्वरता बढाउनेछ ।' सन् १८५१ का नोटबुकमा उल्लेखित माटोको उर्वरा सङ्कटको पृष्ठभूमिमा यो विशुद्ध प्राविधिक समाधानप्रति मार्क्सको विश्वास 'ज्यादै उत्साहप्रद' भनी साइटोले टिप्पणी गरेका छन् । सन् १८६३ भन्दाअघि लेबिगबारे मार्क्सको अध्ययन आधुनिक कृषिबारे वास्तवमा आलोचनात्मक भई नसकेको निष्कर्ष निकाल्नु उपयुक्त हुन्छ । तथापि, 'पुँजी' मा आएर यसमा परिवर्तन भएको देखिन्छ ।

मार्क्सलाई आफ्नो बुझाइमा परिवर्तन गर्न के कुराले घच्घच्यायो ? 'पुँजी' लेख्दा मार्क्सको ध्यान पुँजीवादी व्यवस्थाअन्तर्गत श्रमलाई मानवीय आवश्यकता पूरा गर्न नभई पुँजीवादी व्यवस्थाको लागि अधिकतम धन सङ्कलन गर्न कसरी प्रयोग हुन्छ भन्नेमा केन्द्रित थियो । उनले त्यही बेला लेखेका छन्, 'पुँजीवादी व्यवस्थाले श्रमिकको जीवनमा धेरै थरी समस्याहरू जस्तै धेरै काम, मानसिक तथा शारीरिक समस्या, बाल श्रम आदि निम्त्याउने गर्छ । ' पुँजीको यो प्रभुत्व कारखानामा श्रमको पुनःसङ्गठनभन्दा पर पुग्छ । ' मानिस र प्रकृतिबीचको प्राकृतिक अन्तरक्रियालाई खलल पुग्ने गरी भौतिक विश्वमा अनेक प्रकारका विकृति देखापर्छन् ।'

नयाँ ज्ञानको खोजीमा मार्क्सले कृषि विज्ञानको अध्ययनलाई निरन्तरता दिए । सन् १८५६-६६ का मार्क्सका नोटबुकहरूको अध्ययनपछि साइटोका अनुसार उनलाई लेबिगको विचारमाथि आलोचनात्मक धारणा विकास गर्न मद्दत पुग्यो । त्यत्तिञ्जेल लेबिगको विचारमा पनि परिवर्तन आइरहेको थियो । लेबिग आफैँ पनि पुँजीवादी कृषिको आलोचनामा प्रस्ट बन्दै थिए । कृषि उत्पादन बढाउने नाममा माटोको गुणस्तरमा सम्झौता गर्न नसकिनेमा उनी प्रस्ट थिए । उनले लेखेका थिए, 'माटोको पोषक तत्वको कारणमात्र कृषि उत्पादन बढ्ने होइन । बरु माटोको गुणलाई क्षति पुऱ्याउने तौरतरिकाको कारण कृषि उत्पादन बढिरहेको छ ।' लेबिग पुँजीवादी कृषि 'डकैतीको प्रणाली' मा निर्भर हुने मतमा प्रस्ट भए । संसारभरका टापुमा जम्मा भएका जीवजन्तु र चराचुरुङ्गीको मलको प्रयोग अध्ययनपछि उनी यो मतमा दृढ बने । उनले बेलायतको कृषि उद्योगलाई बाँकी संसारको लागि रगत खाने राक्षस (भ्याम्पायर) को रूपमा व्याख्या गरे । बेलायती कृषि उद्योगले प्राकृतिक स्रोतसाधनको दोहनलाई लिएर उनले त्यस्तो उपमा दिएका थिए । त्यसरी प्राकृतिक स्रोतको दोहनले मूलतः कुनै दिगो उपलब्धि हासिल नहुने उनको विचार थियो ।

यी विश्लेषणहरूलाई आधार मानेर मार्क्सले आफ्नो तर्कमा पनि परिवर्तन गरे । उनले प्रविधि र विज्ञानमा केन्द्रित 'उत्साहप्रद' मतमा त्यागे । साइटोको शब्दमा मार्क्सले 'नाफामुखी' प्रविधिले माटोमा उर्वरताको कमी र प्राकृतिक स्रोतको अभावजस्ता अनपेक्षित र विनाशकारी परिणाम निम्त्याउने' देखे । लेबिगका लेखहरू माटोको उर्वरता सङ्कट समाधान गर्न वैज्ञानिकहरूबीच व्यापक छलफल भएको थियो । उर्वरता सङ्कटको समाधान 'रसायनिक समाधान' हुनुपर्ने र लेबिगको जस्तो 'खनिज समाधान' हुनुपर्ने तर्क गर्नेबीच त्यत्तिबेला गम्भीर बहस भएको थियो । मार्क्सले जर्मनीका वैज्ञानिक कार्ल फ्रान्सका कृतिहरूको पनि अध्ययन गरे । मार्क्सको विचारमा फ्रान्सका विचारले 'अचेत सामाजिक झुकाव' प्रदर्शन गरेको छ। फ्रान्सको विचारमा माटोमा कृत्रिम मलमार्फत रसायन मिसाउनुभन्दा माटोको उर्वरता बढाउने अरु नै उपायहरू भएको बताए । जस्तैः खेतको माटो र पोषकमा प्राकृतिकरूपमा फेरबदल गर्न बाढी हुल्ने उपाय । तर महँगो रसायनिक मलमा भरपर्न नहुने उनको धारणा थियो । त्यसले पनि न्यायसङ्गत कृषि सम्भव भएको मार्क्सको बुझाइमा अझ मलजल गऱ्यो ।

फ्रान्सको अध्ययनले मार्क्सलाई जलवायु र त्यसले कृषि र सभ्यतामा पार्ने असरको विषयमा पनि अध्ययन गर्न हौस्यायो । मार्क्सले फ्रान्सको पुस्तक 'क्लाइमेट एन्ड द प्लान्ट वर्ल्ड ओभर टाइम्स' (१८४७) पढे । त्यो पुस्तकमा वनविनाशले जलवायुमा पार्ने प्रभावबारे मार्क्सले अध्ययन गरे । फ्रान्सले आफ्नो पुस्तकमा वनविनाश र अन्य वनस्पतिको विनाशले कुनै पनि क्षेत्रको प्राकृतिक चरित्रमा 'गहिरो फेरबदल' ल्याउने कुरा लेखेका छन् । वनविनाश र मरुभूमीकरणबारे फ्रान्सका पुस्तकबाट मार्क्सले विस्तृत नोट बताए । जसबाट मानिस-प्रकृति मेटाबोलिज्मलाई कसरी पुँजीवादी व्यवस्थाले असर गर्छ भन्ने विषयमा मार्क्सको बुझाइलाई अझ व्यापक बनाउन मद्दत गऱ्यो । साइटोले निष्कर्ष निकालेका छन्ः

'फ्रान्सको ऐतिहासिक अध्ययनले अघिल्लो लेबिगको माटोको उर्वता ह्राससम्बन्धी सिद्धान्तले भन्दा पर्यावरणसम्बन्धी मार्क्सको बुझाइलाई अझ फराकिलो बनायो । मानिसको कारण प्राकृतिक अन्तरक्रियामा निम्तिने दखलबारे मार्क्सको अध्ययनको लागि जलवायु परिवर्तन एउटा नयाँ र महत्वपूर्ण विषय थियो । 'क्लाइमेट एन्ड द प्लान्ट वर्ल्ड ओभर टाइम'ले मार्क्सलाई आधुनिक पुँजीवादी उत्पादनले मानिस र प्रकृतिबीचको अन्तरक्रियामा थप दखल पुऱ्याएको विषयमा मार्क्सलाई सचेत बनायो ।'

फ्रान्सले व्यापार र उद्योगले वातावरणमाथि अनिवार्यरूपमा क्षति पुऱ्याएको निराशावादी निष्कर्ष निकाले । तर, मार्क्सले उत्पादनका साधनमा प्रजातान्त्रिक नियन्त्रणमार्फत मानिस र प्रकृतिबीच अन्तरक्रियाको न्यायपूर्ण नियमनमार्फत उनीहरूबीच एकता कायम गर्नुका साथै मेटाबोलिक खाडल पुर्न सहयोग गर्ने निष्कर्ष निकाले । तर, त्यसको निम्ति पुँजीवादी व्यवस्थालाई भत्काउनुपर्ने उनको निचोड थियो ।

यसरी समकालीन वैज्ञानिकहरूको गम्भीर अध्ययन र त्यसमाथिको बहसको लामो सिलसिलापश्चात् मार्क्स आफ्नो मेटाबोलिक सिद्धान्तमा पुगे । तर, दिगो विश्वबारे अझ बढी स्पष्ट हुन हामीले पुँजीवादी व्यवस्था किन यति विनाशकारी हुन्छ भन्ने कुरा बुझ्न जरुरी छ । यहाँ आएर साइटोले पर्यावरणसम्बन्धी विचारसामु मार्क्सको अतिरिक्त मूल्यको सिद्धान्तको केन्द्रीयतालाई उपेक्षा गर्न नसकिने तर्क गर्छन् ।

पुँजीवादले नाफाको दौडको लागि मात्र पृथ्वीलाई ध्वस्त पार्छ भन्ने बुझाइ पूर्ण बुझाइ होइन । साइटोको बुझाइमा यो तर्क स्वयम् मार्क्सको भौतिकवादी विधिविपरीत हो । बरु हामीले यसको निम्ति मानिस र प्रकृतिबीचको अन्तरक्रियालाई बङ्ग्याउन पुँजीले कसरी भूमिका खेलेको हुन्छ भनी गहिराइमा अध्ययन गर्न जरुरी छ । पुँजीले सामाजिक उत्पादन र सञ्चार प्रकृति र मानिसबीचको अन्तरसम्बन्ध बिथोल्ने गरी हुने काम गरेको हुन्छ । साइटोले निकै जोडका साथ लेखेका छन्,'पुँजीवादी व्यवस्थामा श्रमको कुल मूल्यको निर्धारण र पुँजीवादी उत्पादनको कुल वितरण मूल्यले निर्धारण गर्ने भएकोले मानिस र प्रकृतिबीचको मेटाबोलिक अन्तरक्रिया अमूर्त श्रमले निर्धारण गर्ने गर्छ ।'

पुँजीवादले प्रकृति र समाजबीचको सम्बन्धको निर्धारण धन जम्मा गर्नसक्ने क्षमताले निर्धारण गर्ने गर्छ । त्यसले प्रकृतिको दोहन र 'श्रमलाई क्षीण' बनाउने अवस्था निम्त्याउँछ। त्यसकारण आज हामीले भोगिरहेको ठूलो पर्यावरणीय सङ्कटको मूल कारण हामीसँग प्रविधि वा विज्ञानसम्बन्धी ज्ञान नभएर होइन, बरु पुँजी परिचालनको तरिका नमिलेर हो। त्यसकारण विगत एकचौथाइ शातब्दीभरि जलवायु परिवर्तन समाधानको निम्ति भएका सबै प्रयास असफल बनिरहेका छन् । ती सबै प्रयासले प्राविधिक समाधानमात्र खोजिरहेका छन् अथवा बजार संयन्त्र मिलाउन खोजिरहेका छन् वा दुवैलाई मिलाउन खोजिरहेका छन् । तर, उनीहरूले प्रकृतिसँगको अन्तरक्रियालाई विकृत बनाउने आधारभूत तरिकाबारे बुझ्न असमर्थ भएका छन् । फलतः पुँजीवादी पर्यावरणीय सङ्कट समाधान गर्न उनीहरू असफल छन् ।

कार्ल मार्क्सको 'पर्या-समाजवाद' (इकोसोसिएलिजम्) मा मानव समाज र प्रकृतिबीचको अन्तरक्रियाबारे मार्क्सको विचार अझै अपूर्ण रहेको देखाएको छ। बरु यसले विज्ञान र दर्शनबीचको गहिरो अध्ययनलाई जोड दिएको छ । मार्क्सको विचारले हामीलाई निःसन्देह पुँजीवादले वातावरणलाई कसरी ध्वस्त बनाउँछ भन्ने कुरालाई अझ स्पष्ट पार्छ। साइटोको पुस्तकले मार्क्सको पर्यावरणसम्बन्धी विचारमा क्रमिकरूपमा भएको प्रगतिलाई उजागर गरेको छ। उनको मेटाबोलिक खाडल सिद्धान्त र त्यसको महत्व बुझ्न यो उपयोगी छ र पढ्न जरुरी छ ।

*स्रोतः मन्थली रिभ्यु, २०१८ (पूर्णाङ्क ६९, अङ्क ११ अप्रिल, २०१८) नेपाली अनुवादः नीरज*

# धर्मान्द बारे केही कुरा



● मोदनाथ मरहट्टा ●

मानव सभ्यताको इतिहास खोज्दै जाँदा पौराणीक कालिन वा वैदिककालिन समाजसम्म अध्ययनको क्षेत्र बनेको छ। धर्मलाई त्यस कालमा सामाजिक सभ्यताको रूपमा बुझिएको हो। धर्म वा धार्मिक परम्परा कायम राख्न विचार दर्शनले खास काम गरेको छ। ईश्वरीय सत्ताको अस्तित्व र ईश्वरीय देन माथी विश्वास दिलाउने काम आध्यात्मिक दर्शन वा चिन्तनले गऱ्यो र त्यसलाई स्थापित गराउन शासक वर्गको मुख्य भूमिका रह्यो। जबजब मानिसमा ज्ञान चेतनाको विकाश हुँदै आयो विज्ञानको माध्यमबाट सत्य तथ्यको खोजि हुन थाल्यो। हरेक वस्तु घटनालाई विज्ञानसँग जोडेर बुझ्न थालेपछि भौतिक ज्ञानको प्रादुर्भाव भएको हो। तर हाम्रो समाज यो युगसम्म आउँदा धार्मिक अन्धविश्वासमा रुमल्लिएको छ।

धर्मलाई कसैले मोक्षको साधन माने कसैले अफिम। अहिलेको नेपालको संविधानले धर्मलाई ऐच्छिक मान्यो तर धर्मको आडमा आफूलाई उभ्याउँदै आएका एकथरी धर्मभिरुहरू भने सिंङगो मुलुक नै धार्मिक राज्य हुनुपर्दछ भन्ने मान्यतामा छन्। यो मान्यता भित्रका कतिपय पात्रहरू सनातन धार्मिक मतमा छन्। धर्ममा सानो ठूलो नहुनु पर्थ्यो तर हुन्छ किन। धर्ममा सेवा भाव हुनु पर्दछ तर यसैलाई कमाउको विषय बनाइन्छ किन ?

एकछिन घोत्लिन्छु। मान्छेले ईश्वरको आविष्कार कहिले गऱ्यो। ईश्वरको उपासना, आरधना गरेर ठोसमा के पायो। कुनै पुरोहित पुजारी वा साधु सन्तले प्रमाण पुऱ्याउन सक्दैनन्। धर्म एउटा साँस्कृतिक परम्परा हो। समाज विकाशको क्रममा कतिपय प्राकृतिक परिवर्तनलाई मान्छेले गहिरोसित बुझ्न नसक्दा र कुनै काल्पनीक शक्तिको कल्पना गर्दा ईश्वरको आविष्कार गऱ्यो त्यसैको आडमा पूजा पाठ स्तुतिका साधनहरू विकाश भए र धर्मको स्वरूप बन्यो तर यही धर्म भित्र विभेदको मान्यता झ्याङ्गिदै आयो र अहिलेसम्म पनि कायम छ।

विभेदको श्रृङ्खला परिवार भित्रबाटै शुरु भएको छ। परिवारमा घरमूलिसित श्रीमती छोरा छोरी बुहारी नाति नातिनीहरू हुन्छन्। परिवारमा पहिलो विभेद लिङ्गको आधारमा हुन्छ। परिवारमा छोरो अंशको हकदार हुन्छ उसको जन्म हुर्काइ बढाइ पढाइ छोरीको दाँजोमा विशेष हुन्छ हामीले देखेका छौं ५-७ छोरी जन्मदा पनि छोराको चाहनामा दोश्रो विहे गर्ने वावुहरू कयौं थिए। हाम्रो साँस्कृतिक वा धार्मिक मान्यतामा अपुत्रस्य गतिम नास्ति वा छोरो भनेको भविष्यको पिण्ड पानिको आधार हो। स्वर्ग नैवच नैवच अर्थात् मृत्यु पछि स्वर्गको वासको कल्पना हो भन्ने भ्रम पालिएको छ।

हाम्रा धार्मिक भाष्य, पूराण वा कथाहरूमा यस्ता उक्तिसुक्ति प्रशस्त पाइन्छन्। सोझो भाषामा भन्दा धर्मले दया, करुणा परउपकार र विश्ववन्धुत्वको मान्यता राख्छ भनिन्छ तर यदि यसो हो भने विभेद किन हुन्छ र धर्मको आडमा कमाउ धन्दा किन फस्टाउछ। धर्मका कट्टर अनुयायिहरूमा राग द्वेष र अभिमान किन हुन्छ।

हामीले सुनेका छौं खवरहरू पढेका छौं धर्मका नाममा भडकिएका हिंसाले घर परिवार विहीन मानव समुदाय पनि देखेका छौं। धर्मका निहुँमा मन्दिर, चर्च, गुम्बा वा मस्जिदको विषयलाई लिएर चर्को वैरत्व पनि देखिएको छ। साङ्ख्यकीलाई आधार मानेर अल्पसाङ्ख्यकीहरू माथी गरिने विभेद मानव सभ्यतामा कलङ्कित छन्। एउटै धर्म भित्र हुने वेमत पनि वैरत्वको कारण बनेको हुन्छ। वैष्णव वा शैव, महायानी- हीनायानी क्याथोलिकी र प्रोटोटस यि परस्पर विरोधी मत हुन्।

धार्मिक सम्प्रदायिकता हेरेर मन्दिर, मठ, गुम्बा वा चर्च निर्माण गरिएको हुन्छ। त्यस्तो सम्पदाभित्र मानवीय मूल्यको सम्मान हुनु पर्दछ तर त्यस्तो पाइँदैन। हिन्दु धर्मका नाउँमा थुप्रै शक्तिपीठ र देव देवीका नाममा मन्दिर निर्माण गरिएका छन्। यस्ता स्थलहरूमा खास खास पर्व मानेर धार्मिक मेला लाग्छन्। यही मेलालाई वहाना बनाएर व्यविचार, ठगी चोरी वा नाफाखोरी मौलाइ रहेको छ। दिनमा लाग्ने मेला पर्वको तुलनामा राति लाग्ने मेला पातमा धेरै अपराधिक गतिविधिहरू सञ्चालन हुन्छन्। पूज्य मानिएका शक्तिपीठमा चलेको मेलाहरूमा कयौं महिलाहरूको अस्मिता लुटिएको हुन्छ। मन्दिर वा शक्ति पीठलाई आधारमानेर गरिने वन्द व्यापार होस् वा धर्मको नाउँमा हुने अन्ध विश्वासको परिणाम यस्तै देव देवीको मन्दिर आसपास हुन्छ। पूजा अर्चनामा भक्तहरूद्वारा चढाइएको भेटी वा दान चन्दा जस्ता नगद वस्तुको अपचलन हुने वा पुजारी र सञ्चालकले आफू खुसी कब्जा गर्ने घटना पनि सार्वजनिक भएका छन्।

नेपाली हिन्दु धार्मिक मान्यतामा पुरुषको दाँजोमा महिलाहरू बढी अशक्त हुन्छन्। तर उनीहरू माथि नै दुर्व्यवहार भइरहेको छ। कतिपय महिलाहरूले जान्दा-जान्दै र कतिपय अन्धविश्वासको कारणले अन्यायमा परिरहेछन्। धार्मिक गूरु वा पण्डित पुरोहितका प्रवचनहरू महिला सौन्दर्य लक्षित हुने र आफ्नो प्रशंसामा आँफै भुक्किने कारणबाट महिला लक्षित शोषण दोहन मौलाएको हुन्छ। महिलाहरू अधिकांशमा गरगहना प्रदर्शन र श्रृङ्गार मोह हुन्छ। यसकारण पनि लुटपाट र व्यभिचारको शिकारमा उनीहरू पर्दछन्।


मन्दिर धाउनु, पूजा गर्नु धर्म हो या संस्कृति यस विषयमा छुट्टै वहस हुनु वाञ्छनीय हुन्छ तर पूजा पाठ र व्रत उपासना वा दान दक्षिणा सबै सोलोडोलो धार्मिक गतिविधि भित्र पार्ने गरिएको छ। धर्मसित अभिन्न रूपमा संस्कृति जोडिएको छ। मन्दिर धाउनु पूजा पाठ गर्नु धार्मिक संस्कृति मानिन्छ तर यस कार्यको निशिचत सीमा र घेरा तयार गरिएको छ। हिन्दु संस्कृतिसित जात व्यवस्था जोडिएको छ। धर्मका नाममा निर्माण गरिएका देव मन्दिरहरूमा जात हेरेर प्रवेश निषेध गरिएको हुन्छ। यो प्रथा सबै भन्दा डरलाग्दो मानवीय शून्यताको चेत हो। जात प्रथाले दलित भनिएका मानव माथि यस्तो विभेद गरिनु धर्म वा संस्कारको कुरूप चित्र हुन् यस्तो विभेद जरादेखि नै उखेल्नु पर्दछ।

नेपालको संविधान २०७२ ले धर्म निरपेक्ष राज्यको व्यवस्था गरे पनि एकाथरी धर्मभिरहरू हिन्दु राज्यको मागदावी प्रस्तुत गरी रहेछन् भने एकथरी अवसरवादी वाइवल र पैसाको विटो वोकेर इशाइकरणको अभियानमा उदृत छन्। यिनीहरू कथित हिन्दुवादको विभेदलाइ आधार मानेर र गरिबीको फाइदा उठाउँदै वस्ति-वस्तिमा चर्चहरूको निर्माण गरिरहेछन्। यी दुवै अतिलाई राज्यले नियन्त्रण गर्नु पर्दछ तर सारमा त्यस्तो देखिंदैन। आफूलाई खाँटी भौतिकवादी मान्ने र कम्युनिष्ट नैतिकताको वखान गर्नेहरू नै धार्मिक भ्रममा जनता भुक्याइ रहेछन्। यस्ता गतिविधिहरूले धार्मिक अन्धतालाई मलजल गरिरहेछ। एकातिर शासकहरू शक्तिको ढोङ फुकिरहेछन्। अर्कोतिर शक्तिको आडमा पूराना मठमन्दिरका गजुर, मुर्ति वा पुरातात्विक वस्तुहरूको चोरी तस्करी गरिरहेछन्। विडम्वना कस्तो छ भने देव मानेको मूर्ति चोरी गर्ने बिक्री गर्ने खुल्ला भएर हिंडिरहेछ गर्जी रहेछ उता बुढो भएको गोरु कुनै जाति विशेषले भक्ष्य गऱ्यो भने मुद्धा खेपिरहेको वा जेलको छिंडी कुरीरहेको हुन्छ। यस्तो घटनामा संविधान चुपचाप कुँजिन्छ।

हामी विज्ञानको युगमा विचरण गरिरहेछौं धर्म वा संस्कृति/संस्कारसित जोडिएका विज्ञान सम्मत विधिको संरक्षण, अनुसरण गर्दै अवैज्ञानिक विभेदपूर्ण मान्यताहरू खारेज गर्नतर्फ हामी सबैले आ-आफ्नो तहबाट थालनी गर्नुपर्छ।

❑ यो साताको कविता

## चुनावी फ्लु



❑ बलराम तिमल्सिना ❑

*एउटा कवि*
*घाँटीमा ब्रोइलरको हड्डी अड्केर मर्यो*
*अर्को कवि*
*चुनावी रक्सी सर्केर मर्यो*
*तेश्रो कवि*
*भविष्यमा प्राज्ञ बनाइदिने आश्वासन सुनेपछि*
*लामो सास तानेर मर्यो*
*चौथो कवि*
*अर्को पटकको वडा अध्यक्षको बचन पाएपछि*
*हृदयाघात भएर मर्यो*
*पाँचौं कवि अलि कडा थियो*
*उसले पनि उपाध्यक्षको हाताहाती टिकट पायो*
*त्यसपछि मलमुत्रको पोखरीमा डुबेर*
*हेर्दा हेर्दै ठाउँको ठाउँ मर्यो ।*

*एक हुल कविहरू छन अझै*
*गणतन्त्रको दायाँ किनारमा उभिएका*
*गायत्री मन्त्र सुनाएझैं पण्डितले*
*कानमा उखान टुक्का सुनाइरहेछ कोही*
*हेर्दा हेर्दै*
*कविहरूले खुट्टा टेक्न छोडेका छन*
*र सबै लम्पसार परेर सुतेका छन*
*उनीहरूलाई*
*हतार हतार अस्पताल पुर्याइएको छ*
*र,चिकित्सकले सबैलाई मृतक घोषणा गरेका छन ।*
*ठूलै षडयन्त्रको हल्ला भएपछि*
*सबैको पोष्टमार्टमको माग उठ्यो*
*र सबैको पोष्टमार्टम पनि गरियो*
*पोष्टमार्टमको रिपोर्टमा लेखिएको थियो-*
*विषालु बिचारको अत्यधिक सेवनले*
*दिमागमा विष जमेर मरेका हुन उनीहरू ।*
*यसरी एउटा महामारी बोकेर*
*चुनाबी फ्लु आयो*
*र एक हुल कविहरूलाई सोहोरपट्टार पार्यो ।*

*२०७९ वैशाख २०*

## मार्क्सवादको...

भयो। यो विश्वको इतिहासमा एक अद्वितीय तथा महान् युगान्तकारी कदम थियो।

३. मार्क्सवादको जन्म पुँजीवादी युग र सर्वहारा क्रान्तिको विहानीको ऐतिहासिक अवधिमा भएको थियो। त्यस वेला कम्युनिस्ट पार्टीको घोषणापत्र र पेरिस कम्युन सम्बन्धी विषयमा विश्व ऐतिहासिक महत्वका दस्तावेजहरू तयार पारिएका थिए। र, तिनले समाजवादी क्रान्ति सम्पन्न गर्दै साम्यवादको लक्ष्य हासिल गर्ने दिशामा अगाडि बढ्नका लागि सैद्धान्तिक पथप्रदर्शन गरेका थिए।

४. मार्क्सवादका तीन सङ्घटक अङ्ग छन्, ती हुन्- दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवाद। द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद मार्क्सवादी दर्शन हो। यो सबै खाले आदर्शवाद तथा अधिभूतवादका विरुद्ध वैज्ञानिक भौतिकवादको पक्षमा रहेको छ। मार्क्सको राजनीतिक अर्थशास्त्र उत्पादक शक्ति र उत्पादन सम्बन्ध, आधार र उपरिसंरचना, सामाजिक सत्ता र सामाजिक चेतना, उत्पीडक र उत्पीडित वर्गका बिचको सङ्घर्ष, मूल्यको श्रम सिद्धान्त र अतिरिक्त मूल्यको सिद्धान्तमा आधारित छ। मार्क्सको समाजवाद वैज्ञानिक समाजवाद हो। यो वर्ग, वर्गसङ्घर्ष, बलप्रयोगको मान्यता, सर्वहारा वर्गको अधिनायकत्व र साम्यवादको सिद्धान्तमा आधारित छ। मार्क्सवाद सर्वहाराको क्रान्ति र मुक्तिको सिद्धान्त हो। यसले विश्वलाई बुझ्ने मात्र होइन, मुख्यतः बदल्ने कुरामा जोड दिन्छ।

५- मार्क्सवादले वर्गसङ्घर्ष र सामाजिक जीवनको हरियो धर्तीमा प्रयोगको माग गर्दछ। मार्क्सवाद एउटा विज्ञान हो र विज्ञान प्रयोगसित अभिन्न रूपमा गाँसिएको छ। अफ्नो जीवनकालमा मार्क्स र एङ्गेल्सले मार्क्सवादको प्रतिपादनका साथै प्रयोगमा समेत विशेष ध्यान दिनु भयो। त्यस पश्चात् मार्क्सवादको प्रयोग र विकासमा लेनिनको उल्लेखनीय भूमिका रह्यो। लेनिनले रुसी धर्तीमा मार्क्सवादको प्रयोग गर्नु भयो। फलतः १९१७ अक्टोबरमा रुसमा समाजवादी क्रान्ति सम्पन्न भयो। यसले विश्वलाई झक्झक्यायो र संसारमा विभिन्न देशहरूमा रुसी समाजवादी क्रान्तिको प्रभाव पऱ्यो। मार्क्सवादको सफल प्रयोग र विकासका बिचबाट लेनिनवाद जन्मियो। चीनमा माओत्सेतुङले मार्क्सवाद-लेनिनवादको सफल प्रयोग गर्दै १९४९ मा नयाँ जनवादी क्रान्ति संपन्न गर्नु भयो। दोस्रो विश्व युद्धको प्रक्रिया र त्यस पश्चात् विश्वका विभिन्न देशहरूमा सर्वहारा वर्गको नेतृत्वमा जनवादी तथा समाजवादी क्रान्ति सम्पन्न हुँदै गए। चीनमा माओको नेतृत्वमा महान् सर्वहारा सांस्कृतिक क्रान्ति (१९६६- १९७६) गरियो। विश्व क्रान्तिमा भारी उथल पुथल पैदा भयो। यसै क्रममा मार्क्सवाद-लेनिनवादको प्रयोग र विकासका बिचबाट मार्क्सवाद-लेनिनवाद-माओवाद जन्मियो।

६- क्रान्ति एक निरन्तर प्रक्रिया हो । क्रान्तिले अनेकौं प्रतिक्रान्तिका बिचबाट पूर्णता प्राप्त गर्दछ। रुसमा स्तालिनको निधन पश्चात् १९५४ मा ख्रुश्चोभको नेतृत्वमा प्रतिक्रान्ति भई पुँजीवादको पुनः स्थापना गरियो। चीनमा पनि माओको निधन पश्चात् तेङको नेतृत्वमा १९७६ मा प्रतिक्रान्ति भई पुँजीवादको पुनः स्थापना गर्ने काम भए। विश्व सर्वहारा क्रान्तिले गम्भीर धक्का खान पुग्यो। रुसमा पुँजीवादको पुनःस्थापना पश्चात् माओले चीनमा त्यसो नहोस् भनेर महान् सर्वहारा सांस्कृतिक क्रान्तिको थालनी गर्नु भएको थियो। परन्तु, त्यसले पूर्णता प्राप्त गर्न सकेन।

७- प्रतिक्रान्तिको यो प्रक्रिया र नाम मात्रकै भए पनि सोभियत सङ्घको पतनपश्चात् विश्वका सारा प्रतिक्रियावादीहरू समाजवाद असफल भयो भन्दै चिच्याउन थाले। सारा अवसरवादीहरू रुन्चे स्वरमा क्रान्तिकारी मार्क्सवादीहरूलाई सराप्दै गुन्गुनाउन थाले। प्रतिक्रान्तिबारे प्रतिक्रियावादी, संशोधनवादी र क्रान्तिकारी मार्क्सवादीहरूका तर्फबाट विभिन्न प्रतिक्रिया तथा धारणाहरू अभिव्यक्त गर्ने काम भए।

८- प्रतिक्रियावादीहरू एकातिर सर्वहारावर्गीय नेतृत्वको समाजवादी व्यवस्थालाई कम्युनिस्टहरूको एकदलीय अधिनायकवाद भनेर विरोध गर्दछन् भने अर्कोतिर समाजवादको असफलता, साम्यवादको अन्त्य तथा उदारवादी संसदीय लोकतन्त्रलाई चिरञ्जीवी बताउँछन्। वस्तुतः सर्वहारावर्गीय नेतृत्वको समाजवाद कम्युनिस्टहरूको एक दलीय व्यवस्था नभई सर्वहारा वर्गको अधिनायकत्व हो। यो कुरा कम्युनिस्टहरू लुकाउँदैनन्। परन्तु, अर्कोतिर के कुरा पनि सत्य हो भने पुँजीवादीहरूले भन्ने गरेको संसदीय व्यवस्था वा उदारवादी लोकतन्त्र पनि पुँजीपति वर्गको अधिनायकत्व हो। वर्गसमाजमा राज्यव्यवस्था अधिनायकत्वमा आधारित हुन्छ। यहाँ प्रश्न अधिनायकत्वको होइन, मुख्यतः कुन वर्गले कुन वर्गमाथि अधिनायकत्व लागु गर्ने भन्ने प्रश्न हो। पुँजीपतिहरूले ढाँटछल गरी लोकतन्त्रका नाममा आफ्नो अधिनायकत्वलाई चिरञ्जीवी बनाउन खोज्दछन्। परन्तु, कम्युनिस्टहरू स्पष्ट भाषामा सर्वहारा अधिनायकत्वलाई संक्रमणकालीन व्यवस्था बताउँदै तथा सर्बहारा जनवादको अभ्यास गर्दै सबैखाले वर्गीय राज्यसत्ता एवम् अधिनायकत्वको अन्त्य गरी साम्यवादको स्थापना गर्न चाहन्छन्।

९- संशोधनवादीहरू सोभियत रुस लगायतका देशहरूमा समाजवादको असफलताको प्रमुख कारण कम्युनिस्टहरूद्वारा जनवादको अभ्यासमा गल्ती कमजोरी हुनु हो भन्दछन् र यसको लागि स्तालिनमाथि गम्भीर प्रकृतिका आरोपहरू लगाउँछन्। वस्तुतः सोभियत रुस लगायतका देशहरूमा समाजवादको असफलताका पछाडि जनवादको अभ्यासमा कमी होइन मुख्यतः सर्वहारा वर्गीय अधिनायकत्वलाई राम्रोसित लागु गर्न नसक्नु हो। यद्यपि स्तालिनमा पछिल्लो कालमा रुसी समाजका अर्न्तविरोधहरूलाई ठीकसित ठम्याउने र तिनको समाधान गर्ने काममा कतिपय गल्ती कमजोरीहरू अवश्यै भए, परन्तु अन्ततः वहाँ महान् मार्क्सवादी-लेनिनवादी नै हुनुहुन्थ्यो। माओद्वारा स्तालिनमा ३० प्रतिशत दुर्बल र ७० प्रतिशत सबल पक्ष रहेका छन् भनेर जुन मूल्याङ्कन गरियो, त्यो वैज्ञानिक नै रहेको छ।

१०- क्रान्तिकारी कम्युनिस्टहरूका दृष्टिमा प्रतिक्रान्तिका वस्तुगत र आत्मगत दुई प्रकारका कारण हुने गर्दछन्। पराजित प्रतिक्रियावादीद्वारा पुँजीवादको पुनः स्थापनाका निम्ति अत्यधिक कसरत गरिनु, समाजवादी समाजमा विद्यमान लघु उत्पादन पुँजीवादको पुनः स्थापनाका लागि मूल आधार तथा स्रोत बन्नु, साम्राज्यवादद्वारा सम्बन्धित देश र पुँजीवादीपन्थीहरूलाई सहयोग गरिनु र सम्बन्धित देशको कम्युनिस्ट पार्टीभित्रै संशोधनवाद पैदा हुनु आदि प्रतिक्रान्तिका वस्तुगत कारण बनेका हुन्छन्। प्रतिक्रान्तिका आत्मगत कारणका रूपमा क्रान्तिकारीहरूद्वारा समाजमा विद्यमान अन्तर्विरोध तथा प्रतिक्रान्तिका बीजहरूलाई पहिचान गर्ने र तिनको हल गर्ने काममा पर्याप्त भूमिका नखेलिनु र क्रान्तिकारीहरूको शक्तिलाई सुदृढ तथा प्रतिक्रान्तिकारीहरूलाई कमजोर तुल्याउने कार्यमा आवश्यक पहल नगरिनु आदिलाई लिन सकिन्छ। प्रतिक्रान्तिका उक्त वस्तुगत तथा आत्मगत कारणहरूमा कुनै वेला कसैको प्रमुख भूमिका हुने भएपनि अन्ततः वस्तुगत कारणकै निर्णायक भूमिका हुने गर्दछ। समाजवादी कालमा सर्वहारा वर्गको अन्तिम विजयका लागि दीर्घकालीन अवधि आवश्यक हुने र कुनै मुलुक विशेषमा क्रान्तिको जितको सुनिश्चितका लागि अन्ततः विश्व क्रान्ति कै विजय अपेक्षित रहने गर्दछ। यी विषयबारे लेनिन र माओले राम्रो प्रकाश पार्दै आउनु भएको छ।

११- प्रतिक्रियावादीहरू के ठान्ने गर्दछन् भने समाजवादी सत्ताहरू एकपटक असफल भएपछि तिनले कहिल्यै पनि पुनः विजय हासिल गर्न सक्तैनन् र त्यो असफलता मार्क्सवादकै सैद्धान्तिक असफलता हो। यो नितान्त गलत कुरा हो। क्रान्तिले जीत हारका अनेकौं श्रृङ्खलाहरूका बिचबाट अन्तिम विजय हासिल गर्दछ। इतिहासमा विभिन्न मुलुकहरूका पुँजीवादी क्रान्ति पनि अनेकौं हारहरूको सामना गर्दै अगाडि बढेका देखिन्छन्। यस सन्दर्भमा माओको भनाइ विशेष ध्यान दिन योग्य छ। माओ के भन्नु हुन्छ भने सङ्घर्षको क्रममा प्रगतिशील वर्गको प्रतिनिधित्व गर्ने शक्तिहरू कहिले काहीं उनीहरूका विचार सही नभएकाले होइन कि सङ्घर्षमा संलग्न शक्तिहरूको सन्तुलनमा केही समयका निम्ति प्रतिक्रियावादी शक्ति सरह क्रान्तिकारीहरू शक्तिशाली नभएकोले पराजित हुन पुग्दछन्, अस्थायी रूपमा उनीहरूले पराजय भोग्नु परे पनि अन्ततः तिनले विजय प्राप्त गर्नु अवश्यंभावी छ। यसरी के स्पष्ट हुन्छ भने समाजवादी सत्ताहरू असफल भएपनि त्यो अस्थायी असफलता हो र अन्ततः सर्वहारा वर्ग तथा उत्पीडित जनसमुदायको विजय अपरिहार्य छ।

१२- मार्क्सवाद सैद्धान्तिक र व्यावहारिक दुवै दृष्टिले वैज्ञानिक र सर्वशक्तिमान रहेको छ। दर्शनको क्षेत्रमा द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद, राजनीतिक अर्थशास्त्रको क्षेत्रमा मूल्यको श्रम तथा अतिरिक्त मूल्यको सिद्धान्त, समाजवादको क्षेत्रमा वर्ग, वर्गसङ्घर्ष, सर्वहारावर्गीय अधिनायकत्व एवम् राज्य सत्ताको विलोपीकरण अर्थात् साम्यवादमा आधारित प्रस्थापना ऐतिहासिक र तार्किक दुवै दृष्टिले वैज्ञानिक र संगतिपूर्ण रहेका छन्। परन्तु, यसको विपरीत ध्रुव पुँजीवाद अर्थात् साम्राज्यवाद सैद्धान्तिक र व्यावहारिक दुवै दृष्टिले अवैज्ञानिक र असङ्गतिपूर्ण रहेको छ। आज यसले इतिहास, विचारधारा, मानिस र यथार्थ सबैको अन्त्यको घोषणा गर्ने उत्तरआधुनिकतावादलाई आफ्नो सैद्धान्तिक आधार बनाएको छ। दर्शनको क्षेत्रमा यसले शून्यवाद, अतर्कबुद्धिवाद, बहुलवाद र सारसङ्ग्रहवादमा आधारित अधिभूतवादी तथा आदर्शवादी चिन्तनलाई अंगालेको छ। अर्थशास्त्रको क्षेत्रमा यो एकाधिकारी पुँजीवाद, बहुराष्ट्रिय कंपनीहरूको सञ्जाल, पुँजीको सङ्केन्द्रण तथा वित्तीयकरण, मुनाफावाद र आर्थिक सङ्कटको उम्कनै नसक्ने भयावह चक्रब्यूहमा फसेको छ। राजनीतिक क्षेत्रमा यसले लोकतन्त्रको मायावी भ्रमजाल सृष्टि गरेर बहुसंख्यक जनसमुदायमाथि अल्पसंख्यक अभिजात वर्गको अधिनायकवाद थोपर्दै आएको छ। यसले फलाको हाल्ने गरेका स्वतन्त्रता, समानता र भातृत्वका नाराहरू हात्तीको देखाउने दाँत सिवाय अरु केही होइनन् भन्ने कुरा प्रमाणित भइसकेको छ। यसको अन्तिम परिणति फासिवाद हो। आज भूमण्डलीकृत साम्राज्यवाद नवउदारवादी खुला अर्थतन्त्र र संरक्षणवादको भीषण सङ्घर्षका बिचबाट नवफासीवादतर्फ धकेलिइरहेको छ। तसर्थ, सैद्धान्तिक र व्यावहारिक दुवै दृष्टिले मार्क्सवादको भविष्य समुज्ज्वल र एकाधिकार पुँजीवादको भविष्य अन्धकारमय रहेको छ। तसर्थ वर्तमान युगमा सबैखाले समस्या तथा अन्तरविरोधहरूको समाधान गर्ने सामर्थ्य मार्क्सवादमै सन्निहित छ र मार्क्सवादको सान्दर्भिकता अझै बढेर गएको छ।

१३- माओले सबैखाले प्रतिक्रियावाद र साम्राज्यवादलाई तात्कालीन तथा कार्यनीतिका दृष्टिले साँच्चैका बाघ र दीर्घकालीन तथा रणनीतिक दृष्टिले कागजी बाघ बताउनु भएको थियो। यो कुरा वर्तमान सन्दर्भमा पनि सत्य हो। आज साम्राज्यवाद बहुराष्ट्रिय कम्पनी र भूमण्डलीकृत स्वरूपको नयाँ कलेवरमा पुँजीको वित्तीयकरणको चरम अवस्थामा अभिव्यक्त भएको छ। त्यसले विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्राकोष र विश्व व्यापार सङ्गठनको बाहुपासमा विश्वलाई लपेट्न खोजे पनि आज त्यो नवउदारवाद र संरक्षणवादका बीचको सङ्घर्ष र भयावह व्यापार युद्धमा फँस्दै गएको छ। हो, आज साम्राज्यवाद रूपमा शक्तिशाली देखिन्छ, परन्तु सारमा त्यो दिनप्रतिदिन कमजोर बन्दै गएको छ। त्यसैगरी रूपमा आज विश्व सर्वहारा वर्ग र कम्युनिस्ट आन्दोलन कमजोर अवस्थामा छ, तर सारमा त्यो समुज्ज्वल भविष्यले युक्त छ। सच्चा मार्क्सवादीहरूले रूप मात्र होइन मुख्यतः सारतत्व माथि ध्यान दिनु पर्दछ।

१४- माओको निधन र समाजवादी देशहरूमा पुँजीवादको पुनः स्थापना पश्चात् विश्वका विभिन्न देशका क्रान्तिकारी कम्युनिस्ट पार्टी तथा संगठनहरूले विश्व सर्वहारा वर्गको पथप्रदर्शक सिद्धान्तलाई मार्क्सवाद-लेनिनवाद-माओवादका रूपमा संश्लेषण गरेर क्रान्तिको प्रक्रियालाई अघि बढाउने काम गरे। यसै क्रममा क्रान्तिकारी अन्तर्राष्ट्रियतावादी आन्दोलन (चक्ः) को गठन भयो। फिलिपिन्स, पेरु, भारत, नेपाल लगायतका देशहरूमा जनयुद्ध विकसित हुँदै गए। यसबाट विश्वमा क्रान्ति र उत्साहको नयाँ लहर पैदा भयो। परन्तु, केही समय पश्चात् जनयुद्धमा संलग्न तात्कालीन नेकपा (माओवादी)को मुख्य नेतृत्वपंक्तिमा गम्भीर प्रकारको दक्षिणपन्थी अवसरवाद पैदा भयो र महान् जनयुद्धले गम्भीर धक्का खायो। यसैबिच अमेरिकाको आर.सी.पी.को नेतृत्वले नयाँ संश्लेषणका रूपमा विश्व कम्युनिस्ट आन्दोलनको इतिहास र मार्क्सवाद-लेनिनवाद-माओवादमाथि गम्भीर सैद्धान्तिक प्रहार गर्दै उत्तरमार्क्सवादको बाटो पक्ड्यो। फलतः क्रान्तिकारी अन्तर्राष्ट्रियतावादी आन्दोलन विघटित अवस्थामा पुग्यो र पुनः विश्वका क्रान्तिकारी कम्युनिस्ट पार्टी तथा सङ्गठनहरूले नयाँ अन्तर्राष्ट्रिय गठनका लागि आवश्यक पहल गरिरहेका छन्। आज पनि एशिया, अफ्रिका र दक्षिण अमेरिकामा मूल प्रवृतिका रूपमा क्रान्ति जारी छ। विकसित देशहरूमा पनि क्रान्ति नयाँ ढङ्गले सङ्गठित बन्दै गइरहेको छ।

१५- आज मार्क्सवादका विरुद्ध विभिन्न रूपका प्रतिक्रियावाद मात्र होइन संशोधनवाद पनि लागि परेका छन्। आज एकथरी संशोधनवादीहरूले खुलारूपमा नवउदारवाद तथा संसदवादको पक्षपोषण र अर्काथरी संशोधनवादीहरूले विज्ञान तथा प्रविधिको विकासले मानिसलाई होइन प्रविधिलाई प्रमुख बनाइ दियो भन्दै मार्क्सको अतिरिक्त मूल्यको सिद्धान्तका विरुद्ध पुँजीवादकै पुर्पक्ष गर्न गइरहेका छन्। आज क्रान्तिका लागि संशोधनवादका विरुद्ध वैचारिक सङ्घर्ष गर्न जरुरी छ। साथै यहाँनेर कुन कुरामा पनि ध्यानदिन जरुरी छ भने प्रविधिको विकास उत्पादक शक्तिको विकास पनि हो। यसले एकातिर कार्यदिशालाई समृद्ध तुल्याउने माग गर्दछ भने अर्कोतिर उत्पादक शक्तिको विकासले उत्पादन सम्बन्धमा क्रान्तिको आवश्यकतालाई पनि औल्याउँछ।

१६- उक्त सबै विषयहरूमा आवश्यक दृष्टिपात गर्दै हामीले नेपाली क्रान्तिका साथै विश्वक्रान्तिका कार्यभारबारे पनि विशेष ध्यान दिन जरुरी छ। यस सन्दर्भमा उल्लेखनीय विषय मूलतः यी हुन् :

पहिलो : पथप्रदर्शक सिद्धान्त। क्रान्तिको पथप्रदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद-माओवाद हो र यसलाई हामीले राम्रोसित आत्मसात गर्नु पर्दछ। माओवाद र माओविचारबारे विद्यमान मतभेदबारे पनि छलफल चलाउन सकिन्छ।

दोस्रो : क्रान्तिको मूल कार्यदिशा। अर्ध-सामन्ती, अर्ध-औपनिवेशिक तथा मूलतः नव-औपनिवेशिक अवस्थामा रहेको दलाल तथा नोकरशाही पुँजीपति एवम् सामन्तवर्गीय उत्पीडनमा परेको र आन्तरिक रूपमा दलाल तथा नोकरशाही पुँजीवाद र वाह्य रूपमा साम्राज्यवाद तथा विस्तारवादद्वारा शोषित, उत्पीडित एवम् हस्तक्षेपित रहिआएको नेपाली समाजका सन्दर्भमा नयाँ जनवादी क्रान्ति नै अपरिहार्य रहेको छ। नयाँ जनवाद समाजवादकै अभिन्न अङ्ग हो र नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गरेर नै समाजवादी क्रान्तिको दिशामा जान सकिन्छ। हामीले यसै अनुरूप सङ्घर्षको कार्यदिशा र बाटो पनि निर्धारित गर्नुपर्दछ। क्रान्तिका लागि बलप्रयोग अनिवार्य छ। यी विषयमा पनि छलफल चलाउनु पर्दछ।

तेस्रो : संयुक्त मोर्चा। क्रान्तिका लागि क्रान्तिकारी संयुक्त मोर्चा आवश्यक पर्दछ। यो मोर्चा एकातिर क्रान्तिकारी तथा प्रगतिशील राजनीतिक दल र अर्कोतिर वर्गीय, जातीय, लैङ्गिक आधारमा पनि निर्माण गर्नु पर्दछ। यो मोर्चा नबन्दासम्म मुद्दा मिल्ने शक्तिहरूसंग कार्यगत एकता गर्न जरुरी हुन्छ।

चौथो : नयाँ ढङ्गको एकीकृत क्रान्तिकारी कम्युनिस्ट पार्टीको निर्माण। क्रान्तिका लागि क्रान्तिकारी सिद्धान्तको पथप्रदर्शन र क्रान्तिकारी कार्यदिशाका आधारमा निर्मित नयाँ ढङ्गको कम्युनिस्ट पार्टीको निर्माण अनिवार्य रूपमा आवश्यक छ। आज हामीले सच्चा कम्युनिस्ट पार्टी तथा समूह र व्यक्तित्वहरूलाई एकतावद्ध गर्न जरुरी छ।

पाचौं : सर्वहारा अन्तर्राष्ट्रियतावाद। कम्युनिस्ट पार्टीका साथै सिङ्गो कम्युनिस्ट आन्दोलन सर्वहारा अन्तर्राष्ट्रियतावादमा आधारित हुन्छ। तसर्थ हामीले एकातिर अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनलाई मालेमावादका आधारमा नयाँ ढङ्गले पुनः सङ्गठित तुल्याउन र अर्कोतिर साम्राज्यवाद विरोधी संयुक्त मोर्चाको निर्माण गर्न अति जरुरी छ।

कम्युनिस्ट क्रान्तिकारी शक्तिहरूका बिच यी विषयबारे विना पूर्वाग्रह आवश्यक छलफल चलाउन र सही निष्कर्षमा पुग्नका लागि हामीले विशेष पहल तथा प्रयत्न गर्नु पर्दछ। यस सन्दर्भमा एकता, सङ्घर्ष र रूपान्तरणको द्वन्द्ववादलाई आत्मसात गर्न जरुरी छ।

१७- मार्क्सको द्विशतवार्षिकी मनाउनु र मार्क्सका सैद्धान्तिक तथा व्यावहारिक शिक्षा एवम् योगदानहरूको संस्मरण गर्नुको वास्तविक अर्थ र औचित्य कम्युनिस्ट पार्टीको पथप्रदर्शक सिद्धान्तका रूपमा मार्क्सवाद-लेनिनवाद-माओवादको रक्षा, प्रयोग र विकासका बिचबाट क्रान्तिको प्रक्रियालाई निरन्तर अगाडि बढाउनु नै हो। विश्वक्रान्ति र नेपाली क्रान्तिको पनि ऐतिहासिक शिक्षा यही हो। यसबारे हामीले विशेष रूपमा सचेत तथा गम्भीर बन्दै पुनः प्रतिवद्धता जाहेर गर्न जरुरी छ।

*(५मई २०१९ मा नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)द्वारा आयोजित विचार-गोष्ठीमा प्रस्तुत कार्यपत्र)*

## अन्तर्राष्ट्रिय....

कुनै खास चरणमा विद्यमान उत्पादक सम्बन्धसँग अन्तर विरोधात्मक स्थितिमा आउँछन् । यस किसिमको उत्पादन शक्तिले विकासमा वाधा पुऱ्याउँछ र विद्यमान उत्पादक सम्बन्धको परिवर्तनको आवश्यकता पर्दछ । यस किसिमको स्थितिले सामाजिक क्रान्तिलाई प्रादुर्भाव गर्दछ । सामाजिक क्रान्तिले विद्यमान उत्पादक सम्बन्धलाई विस्थापित गर्न नयाँ उत्पादक सम्बन्ध ल्याउँछ, त्यसरी नै क्रमिक रूपमा उत्पादन सम्बन्ध र उत्पादन शक्तिको विकास हुन्छ । मुख्य कुरा समाजमा स्थिरता आउन यी दुई समानान्तर रूपमा रहनु पर्दछ अन्यथा समाजमा अस्थिरता, संकट आउँछ र सामाजिक क्रान्ति हुन्छ । ऐतिहासिक भौतिकवादको स्थापना मानव समाजको ठूलो आविष्कार थियो । यस प्रसंगमा एंगेल्स भन्छन् जसरी डार्विनले संसार विकासका नियम पत्ता लाए त्यसरी नै ऐतिहासिक भौतिकवादको स्थापना गरी मार्क्सले मानव इतिहासको विकासको नियम आविष्कार गरे ।

*३. द्वन्द्वात्मक भौतिकवाद*

द्वन्द्वात्मक भौतिकवाद मार्क्स, एंगेल्सद्वारा स्थापित लेनिन, स्तालिन र माओद्वारा विकास गरिएको विश्वभरिका कम्युनिस्टहरूको औपचारिक विश्व दृष्टिकोण हो । यो यस्तो विज्ञान हो जसले समाज, प्रकृति र चेतनाको उत्पत्ति, विकासका वस्तुगत नियमहरूको अध्ययन गर्दछ । द्वन्द्वात्मक भौतिकवाद मार्क्सवादी द्वन्द्वात्मक विधि र मार्क्सवादी दार्शनिक भौतिकवादको संयुक्तरूपमा बनेको एक नयाँ किसिमको दर्शन हो । मार्क्स भन्दा पहिलाका दर्शनशास्त्रीहरूले पनि द्वन्द्वबारे थाहा पाएका थिए । प्राचीन ग्रीसमा दार्शनिक हिराक्लिटले द्वन्द्ववारे सामान्य जानकारी विश्व समक्ष ल्याएका थिए । द्वन्द्वको क्रमिक विकासको विकसित रूप जर्मन शास्त्रीय दर्शनमा हेगेलको द्वन्द्वले देखाएको थियो । तर हेगेल अध्यात्मवादी भएका हुनाले उनको द्वन्द्ववादी विधि र आध्यात्मवादी दार्शनिक व्याख्यामा ठूलो विरोधाभास थियो । भौतिकवादको उत्पत्ति प्राचीन मिश्र, भारत र चीनमा भएको थियो । यसले प्रारम्भिक भौतिकवाद, यान्त्रिक भौतिकवादको रूप लिँदै जर्मन शास्त्रीय दर्शनमा फायरवाखको आन्थ्रोपोलोजिकल भौतिकवादमा विकसित रूप देखायो । तर यो भौतिकवाद पनि द्वन्द्वात्मक विधि विहीन थियो । फायरवाखले धर्मको पक्ष लिएर वोल्ने हेगेलको विरुद्ध बोल्ने क्रममा हेगेलको सकारात्मक पक्ष अर्थात् द्वन्दवादी विधिको पनि आलोचना गरे ।

यस प्रकारको विरोधाभास स्थितिमा मार्क्स र एंगेल्सले हेगेल लगायत सम्पूर्ण द्वन्द्ववादीको राम्राकुराहरू र फायरवाख लगायत सम्पूर्ण भौतिकवादीहरूको राम्रा गुण लिएर उन्नाइसौं सताब्दीको चालीसको दसकमा नयाँ दर्शनको स्थापना गरे । द्वन्द्वात्मक भौतिकवादको उत्पत्ति दर्शनमा एक ठूलो विद्रोह थियो किनभने मार्क्स भन्दा पहिलेका दार्शनिकहरूले आफ्नो कार्य संसारलाई वर्णन गर्नु वाहेक केही ठान्दैनथे । मार्क्सवादले संसारको वर्णनमात्र नगरेर के गर्नु पर्छ अर्थात् समाजलाई क्रान्तिकारी रूपमा विकास गर्नु पर्ने काम पनि दर्शन शास्त्रीको हो भन्ने महसुस गऱ्यो । द्वन्द्वात्मक भौतिकवाद मार्क्सवादी दर्शनको एक भाग हो जसले प्रकृति, समाज र सामाजिक चेतनाको उत्पत्ति, परिवर्तन, विकासको प्रक्रियालाई वस्तुगत रूपमा अध्ययन गर्दछ ।

*४. वर्ग संघर्ष*

कुनै पनि आर्थिक सामाजिक व्यवस्थाका दुई परस्पर विरोधी वर्गहरू शोषक र शोषित बिचको संघर्षलाई वर्ग संघर्ष भनिन्छ । वर्ग संघर्ष भनेको दुई परस्पर विरोधी वर्गले आ-आफ्नो स्वार्थ सिद्धि र रक्षाका लागि गरिने सबै किसिमहरूका संघर्ष हुन् । वर्ग संघर्ष कुनै पनि समाजको विकासको श्रोत हो । त्यसैले वैज्ञानिक समाजवादका संस्थापक मार्क्स तथा एङ्गेल्सले प्रसिद्ध रचना कम्युनिस्ट पार्टीको घोषणापत्रमा आदिम समाजलाई छाडेर आजसम्मका सम्पूर्ण अस्तित्वशील समाजको इतिहास वर्ग संघर्षको इतिहास हो भनेका छन् । वर्ग तथा वर्ग संघर्षको अस्तित्ववारे मार्क्स-एङ्गेल्सभन्दा पहिला पुँजीवादी दार्शनिक राजनीतिज्ञ, अर्थशास्त्री तथा कानुनवेत्ताहरूले पत्ता लाएका थिए तर वर्ग संघर्षको नियम र सिद्धान्त बारे उनीहरू अनभिज्ञ थिए । इतिहासमा पहिलो पटक मार्क्स तथा एङ्गेल्सले भौतिक कारणले समाजमा वर्ग र वर्ग संघर्ष भएको हो यो जुनसुकै समाजमा अवश्यंभावी र आवश्यक छ भन्ने पत्ता लगाए ।

सत्तासीन र शोषित वर्गको बिचमा समाज परिवर्तन गर्ने र नगर्ने प्रश्नमा अन्तरविरोध हुन्छ । दुबै पक्षले आ-आफ्नो स्वार्थ अनुरूप क्रियाकलाप अगाडि बढाउँछन् फलतः यो वर्ग संघर्षमा परिणत हुन्छ । वर्ग संघर्ष समाजको उत्पत्ति भएदेखि नै भएको हो र समाज, वर्ग संघर्षको प्रक्रिया अनुरूप समाजवाद र साम्यवादमा पुग्दछ । पुँजीवादी समाजमा वर्ग संघर्ष अन्य समाजको तुलनामा बढी घनीभूत हुन्छ । यसमा एकातिर पुँजीपति शोषकवर्ग हुन्छ भने अर्को तर्फ मानव समाजको इतिहासमा सवभन्दा प्रगतिशील र क्रान्तिकारी वर्ग सर्बहारा हुन्छ जसले गर्दा वर्ग संघर्ष उत्कर्षमा पुग्छ ।

*५. कम्युनिस्ट घोषणापत्र*

कम्युनिस्ट पार्टीको घोषणापत्र मार्क्स र एङ्गेल्सले लन्डनमा नोभेम्बर २९ देखि डिसेम्बर ८ सम्म भएको कम्युनिस्ट लिगको दोस्रो महाधिवेशनको निर्देशन अनुसार तयार पारिएको ऐतिहासिक दस्तावेज हो । कम्युनिस्ट पार्टीको घोषणापत्र पहिलो पल्ट जर्मन भाषामा निस्केको थियो । कम्युनिस्ट पार्टीको घोषणापत्र चार अध्यायमा बाँडिएको छ ।

पहिलो अध्याय बुर्जुवा र सर्वहारा सामाजिक विकासका नियमहरू उल्लेखित छन्, उत्पादन प्रणालीको परिवर्तनका अवश्यंभाब्यता र नियमितताको वर्णन गरिएको छ । आदिम समाज बाहेक मानव समाजको इतिहास वर्गसंघर्षको इतिहास हो भन्ने तथ्यलाई ध्यानमा राखी मार्क्स र एङ्गेल्सले पुँजीवादको पतनको अवश्यंभाव्यता तथा नयाँ साम्यवादी समाजको निर्माण गर्ने बाटो देखाए । यसै अध्यायमा पुरानो समाजको क्रान्तिकारी परिवर्तन र सम्पूर्ण श्रमजीवि जनताको भलाइ गर्ने नयाँ व्यवस्थाको निर्माणकर्ताको रूपमा सर्वहारावर्गको महान ऐतिहासिक मिसनको व्याख्या गरिएको छ । दोश्रो अध्यायमा सर्वहारा र कम्युनिस्टमा मजदुर वर्गको एकमात्र अग्रगामी दलको रूपमा साम्यवादी दलको ऐतिहासिक भूमिका वर्णन गरिएको छ । कम्युनिस्टहरूको पहिलो उद्देश्य सर्वहारावर्गको संगठन, पुँजीपतिवर्गको प्रभुत्वको निमूलन र सर्वहारा शक्तिद्वारा राज्यशक्ति आफ्नो लिनु हो भनिएको छ । यस अध्यायमा सर्वहारा अधिनायकत्वको सिद्धान्त सिर्जना गरी परिवार, सम्पत्ति र राष्ट्रप्रति कम्युनिस्टहरूको सम्बन्धको व्याख्या गर्दै सत्तामा आएपछि सर्वहारावर्गले परिचालन गर्नुपर्ने आर्थिक कार्यक्रमहरूका विषयमा वर्णन गरिएको छ । तेश्रो अध्यायमा समाजवादी र साम्यवादी साहित्यमा समाजवादको मुकुण्डोधारी बुर्जुवावर्ग र निम्न बुर्जुवा प्रवृतिहरूको घोर आलोचना गर्दै काल्पनिक समाजवाद र साम्यवाद प्रति विचारहरू प्रकट गरिएको छ । चौथो अध्यायमा विरोधी पार्टीहरूसँगको सम्बन्ध बारे कम्युनिस्टहरूको अन्य विरोधी पार्टीहरूसँगको कार्यनीति वारे उल्लेख गरिएको छ । यसमा सत्तासीन वर्गको विरोध गरी यो भन्दा प्रगतिशील पक्षमा संघर्ष गर्न संसारका जुनसुकै पार्टीलाई पनि कम्युनिस्टहरूले समर्थन गर्ने भनिएको छ । विश्वका मजदुर एकजुट होऊ भनेर अमर नाराले कम्युनिस्ट पार्टीको घोषणापत्र टुंग्याइएको छ ।

*६. दास क्यापिटल*

मार्क्सको एउटा महत्वपूर्ण कृतिमध्ये दास क्यापिटल हो । यसमा मार्क्सले पुँजीवादको गहन विश्लेषण गरेर पुँजीवादको भण्डाफोर गरिदिएका छन् । जसरी भएपनि नाफा कमाउनु पुँजीवादको नियम हो । यस्तो नाफा उत्पादनको क्षेत्रमा श्रमिकलाई दिइनु पर्ने श्रमको पूरा मोल नदिएर श्रमिकहरूको शोषण गरिन्छ । शोषणले अतिरिक्त मूल्य सिर्जना गरी नाफा बनाउँछ । कुनै पनि वस्तु उत्पादनमा खर्च भएको श्रम नै वस्तुको मूल्य हुनु पर्ने थियो तर नाफा खाने उद्देश्यले गर्दा पुँजीवादी समाजमा यस्ता नहुने मार्क्सले आफ्नो प्रसिद्ध कृति दास क्यापिटलमा व्याख्या गरेका छन् ।

समाजको र बजारको आवश्यकता अनुसार पुँजीवादी उत्पादन शुरु भएपछि सामाजिक जीवनमा व्यापक उथलपुथल आयो । पुरानो शोषण प्रणालीको ठाउँमा नयाँ शोषण परिपाटीको प्रादूर्भाव भयो । ससाना उत्पादक कालिगढहरूको स्थानमा ठुलाठुला कारखानाहरू स्थापित भए । आर्थिक उत्पादन प्रक्रियामा पुँजीवादको पकड बढ्दै गयो । राज्यसत्तामा सामन्तवादको वर्चस्व कायम रहेको भएतापनि सामन्तवाद निरीह सावित भयो । सानो उत्पादनको अन्त्य र ठुला उद्योगहरूको स्थापना सँगसँगै पुँजीपति वर्गले निजी सेना संगठित गर्न थालेपछि पनि सामन्तवादी राज्यसत्ताले केही गर्न सकेन । विस्तारै असंख्य श्रमिकहरू पुँजीपति वर्गका निम्ति कच्चा पदार्थ सरह भाडामा बेचिन वाध्य भए ।

पुँजीवादी उत्पादन प्रणालीको मुख्य विशेषता व्यापक रूपमा विविध उत्पादन हो । पुँजीवाद अन्तर्गत उत्पादनको व्यक्तिकरण अवस्था सम्भव हुँदैन । पुँजीवादी उत्पादन भनेको सामूहिक उत्पादन हो । उत्पादनको प्रकृति सामाजिक भए पनि पुँजीवाद अन्तर्गत उत्पादित वस्तु व्यक्तिगत सम्पत्ति बन्न पुग्दछ । विभिन्न उत्पादक शक्तिको सामूहिक प्रयास र कच्चामालको सम्मिश्रणबाट उत्पादन भएको सम्पूर्ण उत्पादन एउटा पुँजीपतिको व्यक्तिगत सम्पत्ति बन्न पुग्छ ।

*७. पहिलो अन्तर्राष्ट्रिय*

विश्व सर्वहारा तथा कम्युनिस्ट आन्दोलनको पहिलो विश्वव्यापी सर्वहारा क्रान्तिकारी संगठन पहिलो अन्तर्राष्ट्रिय मार्क्सवादका संस्थापक कार्ल मार्क्सको सक्रियतामा सन १८६४ मा लन्डनमा गठन भएको थियो । पहिलो अन्तर्राष्ट्रिय संगठन मार्क्स तथा एंगेल्सको सर्वहारावर्गको राजनीतिक पार्टी स्थापना गर्ने उद्देश्यले भएको संघर्षको परिणाम थियो । मजदुरहरूको जनतान्त्रिक आन्दोलनको आधारमा पहिलो अन्तर्राष्ट्रिय गठन भएको थियो । युरोपमा यसको ८० लाख सदस्यहरू थिए । पहिलो अन्तर्राष्ट्रिय त्यो वेला स्थापना भयो जुनवेला मजदुर वर्गले युरोपेली पुँजीवादी देशहरूमा मजदुर अधिकारका लागि आन्दोलन चलाएका थिए । मार्क्स यसका मुख्य शुत्रधार थिए । यसैको पहल र सक्रियतामा फ्रान्सको पेरिसमा जनताले मार्च १८, १८७१ देखि मे २८, १८७१ सम्म समाजवादी र क्रान्तिकारी सरकार गठन गरे जसलाई पेरिस कम्युन भनिन्छ । फ्रान्सेली तथा अंग्रेज मजदुरहरूले सन १८६३ को पोल्याण्डको विद्रोह दमनको विरुद्ध विरोध प्रदर्शन गर्ने उद्देश्यले बोलाइएको मजदुर सभाले पहिलो अन्तर्राष्ट्रियको स्थापना गरी विश्व मजदुरहरूको महापरिषदको निर्वाचन गरेको थियो । यस अन्तर्राष्ट्रियको संस्थापक घोषणापत्र जसलाई अन्तर्राष्ट्रिय सदस्य मार्क्सले लेखेका थिए कम्युनिस्ट पार्टीको घोषणापत्र पछिको सर्वहारावर्गको सबैभन्दा क्रान्तिकारी कार्यक्रम थियो । यसको विधानमा उल्लेख भए अनुसार अन्तर्राष्ट्रिय विभिन्न देशका मजदुर वर्गका लागि सहयोग र सम्बन्धको केन्द्र हुनुपर्छ भन्ने थियो ।

*८. श्रम र उत्पादन सम्बन्ध*

उत्पादनका साधनहरूलाई सजीव बनाउने काम क्रियाशील श्रमको हो । श्रमको उपयोगबाट श्रमको प्रक्रियालाई सरल बनाउने साधनहरूको विकास गर्नु मानिसको जातिगत विशेषता हो । यसैले मानिसलाई जनावरसँग आधारभूत रूपमा भिन्न गरायो । मानिस जातिको मुख्य आधार नै श्रम हो अर्थात् श्रमबाट नै मानिसको उत्पत्ति र विकास भएको हो । मार्क्सवादले उत्पादक शक्तिलाई औधी महत्व दिन्छ । उत्पादक शक्तिका तत्वहरूमा पनि जीवित श्रम अथवा मानिसलाई मार्क्सवादले निर्णायक उत्पादक शक्ति मान्दछ । जीवित श्रम विकासको मुख्य प्रेरक शक्ति हो र यसको अभावमा उत्पादनका अन्य साधनहरूमा कुनै पनि गति सम्भव हुँदैन भन्ने मार्क्सवादी दृष्टिकोण छ ।

समाज विकास भनेको उत्पादक शक्तिहरूको विकास हो । उत्पादक शक्तिहरूमा आएको विकासले समाजलाई उन्नत अवस्थामा पुऱ्याउँछ । उत्पादक शक्तिको विकास भएपछि नयाँ नयाँ उत्पादन पद्धतिको विकास हुन्छ । नयाँ उत्पादन प्रविधि भनेको सजीव श्रमको सिप र कार्यकुशलताको वृद्धि हो । सबै प्रगतिको उद्देश्य मानव कल्याण गर्नु नै हो । यही उद्देश्य अनुरूप चल्दा मानव समाज उच्च स्तर तर्फ अगाडि बढ्ने हो । उत्पादन सम्बन्धले समाजको वर्ग सम्बन्ध र सामाजिक परिपाटीलाई परिभाषित गर्दछ । उत्पादन समाज भित्र हुने प्रक्रिया हो ।

समाजको आर्थिक विकास बारे जे जति विश्लेषण गरिएका छन्, ती सबै उत्पादक शक्तिहरूको सापेक्ष सम्बन्धको आधारमा गरिएका हुन् । सजीव श्रमको उत्पादकत्व बढाउने क्रममा मानिसले जे जति प्रगति गर्दै जान्छ त्यसले उत्पादक शक्तिहरूको आपसी सम्बन्धलाई झन जटिलतातिर धकेल्दै जान्छ । यस्तो प्रक्रियाले समाजको गैरआर्थिक पक्षमा पनि प्रभाव पार्दै जान्छ, फलस्वरूप सामाजिक संरचनामा नै विकास सम्भव हुन्छ । उत्पादन पद्धति र उत्पादक शक्तिहरूको आपसी सम्बन्धको विश्लेषण गर्दा छुट्टाछुट्टै उत्पादन पद्धति भनेर विश्लेषण गर्न सकिने पाँच प्रकारका पद्धतिहरू संसारमा अस्तित्वमा आएका या आउन सक्ने देखिएका छन् । सामाजिक आर्थिक विकासको प्रक्रियामा देखा परेका ती पाँच पद्धतिलाई युगको रूपमा पनि प्रस्तुत गरिन्छ । आदिम साम्यवाद, दास युग, सामन्तवादी युग, पुँजीवादी युग र समाजवादी युग सामाजिक आर्थिक विकास प्रक्रियाका आज पर्यन्त देखा परेका विभिन्न चरण वा युगहरू हुन् ।

*९. आधुनिक समाजशास्त्रका संस्थापक*

समाज भनेको के हो ? मानिस वस्ने समाजको उत्पत्ति कसरी भयो ? समाजको विकास कसरी हुन्छ ? यस्ता प्रश्नहरू बारे संसारका विद्वान तथा विचारकहरूले धेरै अगाडिदेखि खोजतलास गर्दै आएका हुन् । समाज विकासको नियम, त्यस्ता नियमहरूको चरित्र र तीनमा के कस्तो अवस्थाले प्रभाव पार्छ, यस्ता पक्षहरू बारे जानकारी सबैलाई हुनु जरुरी पनि छ । समाज भित्रै बस्ने भएकाले मानिस र समाजको वीच अनेक स्तरमा सम्बन्ध गाँसिनु स्वभाविक हो । यस किसिमको अन्तर सम्बन्धले गर्दा पनि मानिसलाई समाजको इतिहास र समाज विकासका नियमहरू वारे जानकारी राख्नु अति जरुरी हुन्छ ।

समाज विज्ञानले समाज र व्यक्तिको सम्बन्ध देखाउँछ । समाज विज्ञान अन्तर्गत अर्थशास्त्र, राजनीतिशास्त्र, जनसंख्या विज्ञान, समाजशास्त्र आदि पर्दछन् । समाजशास्त्र समाज र मानवको व्यवस्थित अध्ययन गर्ने विषय हो । कार्ल मार्क्स दार्शनिक, अर्थशास्त्री, पत्रकार र क्रान्तिकारी व्यक्ति थिए जो इतिहासमा सर्वाधिक चर्चित भए । उनका सबैभन्दा चर्चित कृतिहरू कम्युनिस्ट पार्टीको घोषणापत्र जुन विश्वमा सबैभन्दा बढी प्रभाव पार्ने दस्तावेजको रूपमा रहेको छ । त्यसपछि पुँजी जसमा उनले कम्युनिस्ट दर्शन, अर्थशास्त्र र राजनीति बारे विस्तृत व्याख्या गरेका छन् । त्यसैगरी उनको ऐतिहासिक भौतिकवाद जसमा वर्ग संघर्षको व्याख्या गरिएको छ । समग्रमा मार्क्सको योगदान आर्थिक, सामाजिक, राजनीतिक सँगै पुँजीवाद र समाजवादको विश्लेषण पनि रहेका छन् । कुनै पनि राजनीति, अर्थतन्त्र, विचारधारा, समाजशास्त्रको मूल जरो दर्शन हो । दर्शनले मानिसलाई ठीक बेठीकको पहिचान गर्नमा सघाउँछ । संसार प्रकृति, विचार, घटना प्रवाहहरू सबै पक्षको उत्पत्ति र विकासका सम्पूर्ण नियमहरूको ज्ञान जे ले दिन्छ त्यसैलाई दर्शन भनिन्छ । सही दर्शनले यी पक्षहरूवारे सही जानकारी दिन्छ भने गलत दर्शनले गलत नै जानकारी दिन्छ । त्यसैले सही दर्शन अंगाल्न अति जरुरी हुन्छ ।

मानिस समाजमा बस्छ र मानिस चेतनशील पनि हुन्छ । मानिसको चेतना माथि आफ्नो वरिपरिको देखिने परिवेश, नदेखिने परिवेश, परिस्थिति र घटिरहने घटनाहरूले प्रभाव पारिरहन्छ । चेतना माथि प्रभाव पार्ने विषयहरूमा सोचविचार गर्नु र सही र गलत छुट्याउनु मानिसको निम्ति ज्यादै आवश्यक हुन्छ । आफू अगाडि देखा परेका समस्याका कारणहरू र ती समस्याहरूको समाधान कसरी गर्ने विषयमा प्रत्येक मानिसले सोच्नै पर्दछ । यो सही सोचाइ मानिसको सामाजिक परिवेशबाट नै आउने हो । मार्क्सले समाजको यस्ता नियमहरू वारे पहिलो पल्ट व्याख्या गरेकाले उनलाई समाजशास्त्रको संस्थापक भनिएको हो ।

*१०. इतिहासका सबैभन्दा प्रभावशाली व्यक्ति*

यतिवेला संसारका सबैखाले शासकवर्गहरू मार्क्सवादको मिति पुग्यो, मार्क्सवादी वर्ग विश्लेषण र राज्य प्रणाली असफल भयो, प्रजातन्त्रले समाजवाद माथि आफ्नो श्रेष्ठता सावित गरिसक्यो भन्दैछन् । यसलाई पुष्टि गर्न उनीहरू पेरिस कम्युनको विफलता, रुसको विभाजन, चीनमा प्रतिक्रान्ति देखाइरहेका छन् । तर जीवन र जगतको व्याख्या गर्ने अर्थमा आजसम्म मार्क्सवाद भन्दा सहि दृष्टिकोण अर्को विकास भएको छैन । मार्क्सवाद द्वन्द्वात्मक भौतिकवादमाथि आधारित एवं सापेक्षतावादी दृष्टिकोण भएकोले मार्क्सवादलाई जडसुत्रको रूपमा हेर्ने र मार्क्सवादी दृष्टिकोणको अन्तिम विजय र पराजयको रूपमा कुनै पनि घटना विशेष सफलता वा असफलता आदिलाई लिनु हुँदैन ।

बीसौं सताब्दीको विश्लेषण गर्न सन १९९९ को सेप्टेम्बरमा बीबीसीले एउटा अनलाइन साइबर पोल सर्भे गरेको थियो शीर्षक थियो द थिंकर अफ द मीलिनियम । यो सर्भेमा संसारका लाखौं मानिसहरूले भाग लिएका थिए । दोस्रो सहस्राब्दीमा महान व्यक्तित्वहरूको चयन बारेमा प्रश्न सोधिएको थियो । एक हजार वर्षमा दसजना चयनमा परेका महान व्यक्तित्वहरूको परिणाम सूची यस्तो आएको थियोः १. कार्ल मार्क्स २. अल्बर्ट आइन्सटाइन ३. आइज्याक न्युटन ४. चार्ल्स डार्विन ५. सेन्ट थोमस अक्वीनस ६. स्टेफन हकिङ ७. इमानुएल कान्ट ८. रेने डेस्कार्टस ९. जेम्स क्लार्क म्याक्सवेल १०. फ्रेडरिक नित्से । यो परिणामलाई संसारका सबै प्रमुख संचार माध्यमले प्रसार गरेका थिए । निष्कर्षमा भन्ने हो भने विश्वमा धेरै मानिसहरूले मानव इतिहासको व्याख्या गरे । धेरै दार्शनिक, बैज्ञानिक, अर्थशास्त्री, राजनीतिशास्त्री, मानवशास्त्री, इतिहासकारहरूको नाउँ लिन सकिन्छ तर मार्क्सको योगदान बारे उनी जन्मेको २०१ वर्ष पछि पनि उनलाई बुझ्ने, पढ्ने मानिसहरूको संख्यामा झन वृद्धि हुँदै गएको देखिन्छ । जब विश्वमा कुनै संकट विशेष गरी आर्थिक संकट आउँछ मार्क्सको सान्दर्भिकता झन बढ्न जान्छ ।

## क.रामसेवकलाई...

मै भएको असामयकि निधनले पार्टीलाई अपूर्णनीय क्षेती भएको छ । तराइको एक दलित समूदायको एक जना कर्मठ नेताको मृत्युले समग्र मुक्तिकामी दलीत वर्गका लागि र स्वयम् पार्टीलाई ठूलो क्षति भएको छ ।

जनयुद्धकालदेखि नै निरन्तर क्रान्तिप्रति लागीरहनु भएका क. रामसेवकलाई अन्तिम श्रद्धान्जली दिन पार्टीका जिल्ला सेक्रटरी शम्भु, पार्टीका के.स. सञ्जय सिंह, के.स. रामनाराण, प्रदेश सदस्य राजदेव, गुरु, जितेन्द्रलगायतका अन्य पार्टीका कार्यकर्ता तथा उहाँका नातेदार र शुभेच्छुकहरूको उपस्थिति थियो ।

## निर्वाचन...

सत्तास्वार्थका लागि गरिएको गठबन्धनले कथित लोकतन्त्रमाथि समेत भद्दा मजाक गरेको र फासिवादी अभ्यासतर्फ सत्तारुढ गठबन्धन अगाडि बढेको चर्चा गर्दै सच्चा लोकतन्त्रवादीहरूले पनि अब यो व्यवस्थाको विकल्प खोज्ने बेला आएको बताउनु भयो ।

बहिस्कार सभामा लाई नेता सीताराम तामाङले साम, दाम, दण्ड, भेद गरेर गरिने र जितिने चुनावको कुनै अर्थ नरहेको र राजनीति बलले होइन विचारले हुने कुरा बताउनु भयो ।

पार्टी पिवीएमद्वय दिनेश शर्मा, सुरेश श्रेष्ठ, केन्द्रीय सदस्यहरू हुकुमबहादुर सिंह, हस्तबहादुर केसी, फुर्नाम्गेल मोक्तान, हरिकृष्ण गजुरेल लगायतको आतिथ्यता रहेको निर्वाचन बहिस्कारसभा काठमाडौं महानगर र नगरपालिकाहरूमा सञ्चालित निर्वाचन बहिस्कार अभियान दलका नेताहरू राम नेपाली, रूपा गेलाल, ढोगप्रसाद अधिकारी, कुमार घताने लगायतले जन-अनुभूति मन्तव्य राख्नुभएको थियो ।

पार्टीको काठमाडौं जिल्ला इन्चार्ज शारदा महतको अध्यक्षतामा सम्पन्न निर्वाचन बहिस्कार सभाको सञ्चालन सेक्रेटरी खगेन्द्र छन्त्यालले गर्नुभएको थियो । कार्यक्रममा सयौंको संख्यामा जनसमुदायको उपस्थिति रहेको थियो ।

## सिन्धुली...

कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) सिन्धुली जिल्ला समिति ईन्चार्ज जिवनको नेतृत्वमा जिल्ला समिति सेक्रेटरी सुवणर्, प्रदेश सल्लाहकार समिति सदस्य नीमा सहित साथीहरू बहिष्कार पोष्टर टाँस्ने काम र ब्यानर टाङ्ने र पर्चा वितरण भएको जानकारी जिल्ला ईन्चार्ज जिवन ले बताउनुभयो ।

## क्रान्तिको...

(बहुमत)लेपार्टीकोनवौंमहाधिवेशन गर्ने निर्णय गरेको छ । उक्त महाधिवेशन सम्पन्न गर्नका लागि नेता कञ्चनको संयोजकत्वमा ८१ सदस्यीय महाधिवेशन आयोजक समिति पनि चयन गरेको छ । विशेष राष्ट्रिय भेलाले ईश्वरीप्रसाद दाहाल 'असारे काका' अध्यक्ष र चित्रबहादुर आले 'पवन' सचिव रहेको ११ सदस्यीय सल्लाहकार समिति गठन गरेको छ ।

विशेष राष्ट्रिय भेला समापन समारोहलाई सम्बोधन गर्दै नेकपा 'बहुमत'का संयोजक कञ्चनले 'क्रान्ति हुन्छ । एकीकृत जनयुद्ध कार्यदिशामार्फत हामी क्रान्ति पूरा गर्छौं र वैज्ञानिक समाजवाद स्थापना गर्छौं ।' भनेको सो पार्टी निकट अनलाइन इरातोखबरले समाचार लेखेको छ ।

वैज्ञानिक समाजवाद स्थापनाका लागि जनदबाब, जनसङ्घर्ष, जनप्रतिरोध र जनविद्रोह हुने पनि संयोजक कञ्चनले बताए । विचारको बहुमतले क्रान्ति सम्पन्न गरेरै छोड्ने, राष्ट्रियता, जनतन्त्र, जनजीविकाको सङ्घर्ष अघि बढाइने, भ्रष्टाचारी र दलालहरूमाथि जनताले कारबाही गर्ने पनि उनले बताए । सरकारसँग भएको तीनबुँदे सहमति कार्यान्वयनमा जोड दिइने पनि उनले प्रस्ट पारे ।

नेकपा 'बहुमत' का नेता हेमन्तप्रकाश ओली 'सुदर्शन' ले नेत्रविक्रम चन्दले पार्टीलाई दार्शनिक रूपले गलत भड्काव गरेको, सङ्गठनमा विषेधात्मक अधिभूतवाद लागू गरेको, एकीकृत जनक्रान्तिलाई आफ्ना स्वार्थहरू पूरा गर्ने मनचिन्ते झोला बनाएको, निषेधात्मक अधिभूतवाद लादेको, सङ्घर्षका दृष्टिले आत्मसुरक्षावादी बनेको, राजनीतिक रूपमा संसदीय संशोधनवादी, आर्थिक दृष्टिले जुझारु अर्थवादी देखिएकाले उनलाई कारबाही गरी क्रान्तिकारी पार्टी निर्माण गरिएको बताए ।

नेता सुदर्शनले तत्कालीन पार्टी महासचिव चन्दले पार्टीको केन्द्रीय कार्यालयलाई निजी निवास बनाएको र तत्कालीन प्रवक्ता खड्गबहादुर विश्वकर्मासँग मिलेर ठूलो भ्रष्टाचार गरी अकूत सम्पत्ति निजीकरण गरेकाले क्रमशः त्यसको उजागर गर्दै जाने पनि बताए । आफूले मध्यकमान्डको नेतृत्व समालेको समयमा प्रकाण्ड, भेषराज भुसाल र चिरन पुन मिलेर गिरफ्तार गराएको सार्वजनिक गर्दै नेता सुदर्शनले चन्दलाई किटानी जाहेरी दिँदा पनि अपराधीलाई कारबाही गर्नुको सट्टा प्रोत्साहन दिएको भन्दै आक्रोश व्यक्त गरेका थिए ।

भेलाबाट निर्वाचित संयोजकसहित ८१ जना केन्द्रीय सदस्य र सल्लाहकार समिति सदस्यलाई असारे काकाले शपथ गराएका थिए ।

## पुनर्मिलन...

मा जोडिनु भएको छ ।

उहाँले शनिबार एक विज्ञप्ति जारी गरेर माओवादी समाजवादी पार्टी बाट जनवादी आन्दोलन निष्कर्ष नपुग्ने भएका कारण नेपालको जनवादी आन्दोलनको नेतृत्वदायी भुमिका निर्वाह गर्दै गरेको पार्टी नेकपा(क्रान्तिकारी माओवादी)मा आबद्ध भएको घोषणा गर्नु भएको हो ।

उहाँले दलाल संसदीय व्यावस्था बाट श्रमजीवी जनताको अधिकार स्थापना हुन नसक्ने र यस्तो खर्चिलो निर्वाचनमा सर्वहारा वर्गका प्रतिनीधीहरूले जित्न नसक्ने भन्दै प्रतिक्रियावादी निर्वाचनको बहिष्कार गरेको पार्टीमा आबद्ध हुन पाउदा खुसी लागेको बताउनु भयो ।

**प्रेस विज्ञप्ति**

वि.स २०६१ साल देखि नेकपा(माओवादी) मा आबद्ध भएर काम गर्दै हाल नेकपा माओवादी समाजवादी पार्टीको पोलिटब्यूरो सदस्य तथा प्रदेश नम्बर १ कमिटी उपाध्यक्षको जिम्मेवारीमा कार्यरत रहिरहेकोमा नेपालको जनवादी आन्दोलनलाई निष्कर्षमा पुऱ्याउन यस पार्टी बाट संभव नभएको निष्कर्षमा पुगेको छु ।

तसर्थ : नेपालको जनवादी आन्दोलनको नेतृत्वदायी भुमिका निर्वाह गर्दै गरेको पार्टी

नेकपा (क्रान्तिकारी माओवादी)मा आजकै मितिबाट आबद्ध हुने घोषणा गर्दछु ।

'अन्त्यमा क्रान्तिकारी अभिवादन सहित'

*लुकमान मनसुरी*
*भोक्राहा नरसिंह गाउँपालिका वडा नम्बर २*
*सुनसरी, २०७९ वैशाख २४ गते*

## आलोपालो

# मार्क्सका दस महत्वपूर्ण योगदानहरू

❑ शान्ता ढकाल पोखरेल

जीवन र जगतको अध्ययन गर्ने वैज्ञानिक पद्धतिलाई मार्क्सवाद भन्दछन् । मार्क्सवाद अन्तर्गत संसारलाई बुझ्न र संसारको विश्लेषण गर्न आवश्यक पर्ने समाजको अध्ययन गरिन्छ । जीवन र जगतको अध्ययन गर्नको निम्ति दर्शन, राजनीति र अर्थशास्त्र जस्ता समाजसँग सम्बन्धित अति महत्वपूर्ण पक्षहरूवारे वैज्ञानिक धारणा विकसित गर्नु आवश्यक हुन्छ । दर्शन, राजनीति र अर्थशास्त्र सम्बन्धमा आजसम्म विकास भएका वैज्ञानिक धारणाहरूको योग नै मार्क्सवाद हो मार्क्सवादले हामीलाई प्राकृतिक जगत र समाजको विकास तथा सञ्चालन सम्बन्धी सामान्य नियमहरूको ज्ञान दिलाउँछ । मार्क्सको विविध क्षेत्रमा महत्वपूर्ण योगदान छ । यहाँ दशवटा महत्वपूर्ण क्षेत्रको बारेमा मात्र विश्लेषण गरिएको छ ।

***१. विश्वका मजदुर एक होऊ।***

समाजको समस्या पत्ता लाउनु त्यसरी नै अनिवार्य छ जसरी कुनै व्यक्तिको रोग पहिचान गर्नु र त्यलाई निको पार्नु । यसै उद्देश्यलाई ध्यानमा राखेर मार्क्सवादले सामाजिक विषयको व्याख्या गर्छ । मार्क्सवाद विश्वभरिका शोषित पीडित जनताको राजनीतिक पार्टीको औपचारिक सैद्धान्तिक विचारधारा हो । यस दर्शनले नै विश्वका शोषित पीडित जनतालाई शोषणबाट मुक्त हुने सही ज्ञान र बाटो देखाउँछ । समाजमा वर्गसंघर्ष हुनु अनिवार्य छ र त्यसलाई समाधान गर्न मजदुरहरूले संगठनको निर्माण गर्छन् र श्रमिक वर्गमा चेतनाको प्रवाह जागृत गराउँछन् । ऐतिहासिक विकासको एक निश्चित अवस्थामा पुँजीवादको उदय हुनु नितान्त अनिवार्य हुन्छ र पुँजीवाद परिपक्व भएपछि त्यसको पतनको प्रक्रिया पनि शुरु हुन्छ । यो काममा मजदुर वर्गको अग्रणी भूमिका रहन्छ तसर्थ मजदुरहरू संगठित हुने र आन्दोलित हुने गर्दछन् । यसै पृष्ठभूमिमा मार्क्सवादले एउटा उपयुक्त नाराको आविर्भाव गऱ्यो विश्वका मजदुर एक होऊ ।

***२. ऐतिहासिक भौतिकवाद***

मार्क्सद्वारा विकास गरिएको समाज तथा सामाजिक चेतनाको विकास सम्बन्धी बस्तुगत नियमहरू अध्ययन गर्ने मार्क्सवादी शास्त्रलाई ऐतिहासिक भौतिकवाद भनिन्छ । ऐतिहासिक भौतिकवाद विस्तृत रूपमा सामाजिक विकासको अध्ययन गर्ने द्वन्दात्मक भौतिकवाद हो । ऐतिहासिक भौतिकवाद अनुसार समाज विकासको मुख्य आधार कुनै दैवी शक्ति नभएर भौतिक साधनको उत्पादन हो । किनकि मानिसलाई सबभन्दा पहिला पर्ने आवश्यकता, खाना, नाना र छाना हो । यसरी भौतिक साधन उत्पादन गर्ने प्रक्रियामा मानिसहरू आफ्नो इच्छामा भर नपरी खास तर आवश्यक सम्बन्ध भित्र प्रवेश गर्दछन् जसलाई उत्पादन सम्बन्ध भनिन्छ । उत्पादन सम्बन्ध निरन्तर रूपमा त्यस उत्पादन प्रक्रियासँग मिलेको हुन्छ जसले समाजको आर्थिक आधार तयार पार्दछ । परन्तु उत्पादन सम्बन्धले मात्र भौतिक पदार्थहरूको उत्पादन हुँदैन, यसको लागि श्रम, श्रमका साधन र श्रम वस्तु आवश्यक पर्दछ । यो मानव शक्तिले मात्र सम्भव छ । यी पछिल्ला साधनहरूलाई हामी उत्पादन शक्ति भन्दछौं । उत्पादन सम्बन्ध र उत्पादक शक्तिको द्वन्दात्मक एकतालाई सम्बन्धित समाजको उत्पादन विधि भनिन्छ । उत्पादन सम्बन्धले समाजको राजनीतिक, आर्थिक, सैद्धान्तिक सम्बन्धको आधार बनाउँछ । ऐतिहासिक भौतिकवाद अनुसार मानिसको चेतनाले सामाजिक रहन सहन तयार गर्ने होइन कि सामाजिक रहन सहनले मानिसको चेतना निर्माण गर्दछ अर्थात सामाजिक चेतना भनेको सामाजिक रहन सहनको प्रतिविम्ब हो ।

उत्पादनका शक्तिहरू विकास क्रममा समाज विकासको बाँकी ७ पेजमा


## सामाजिक सञ्जालको दुरूपयोगबारे सचेत रहौं

- आफूले प्रयोग गर्ने मोबाइल, कम्प्युटरजस्ता विद्युतीय उपकरण सबै लगआउट गरौं ।
- अरुलाई आफ्नो एकाउन्टको पासवर्ड थाहा नदिऔं ।
- साथीभाइ वा अन्यको फोटो तथा भिडियो खिच्नुअघि र सामाजिक सञ्जालमा राख्नुअघि अनुमति लिऔं ।
- अपरिचित व्यक्तिको साथी बन्ने प्रस्ताव आए अस्वीकार गरौं ।
- सामाजिक सञ्जालमै चिनेको भरमा बोलाएको ठाउँमा भेट्न नजाऔं ।
- सामाजिक जीवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा नगरौं ।
- सामाजिक सञ्जालमा देखिएका भ्रामक, आधिकारिता नभएका सूचना सन्देश, फोटो तथा भिडियो शेयर नगरौं ।
- कसैको मर्यादा, प्रतिष्ठा तथा सम्मानमा आँच आउने खालका सूचना तथा सन्देश पोष्ट वा शेयर नगरौं ।
- शंकास्पद तथा अशोभनीय सन्देश प्राप्त भएमा प्रतिपाद गरौं र रेकर्डको लागि सुरक्षित राखौं ।
- सामाजिक सञ्जालको उपयोगमा सचेत बनौं र त्यसबाट हुनसक्ने अपराधिक क्रियाकलाप नियन्त्रण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## सन्दर्भ...

प्रकाशित भयो । यस कृतिको व्यंग्यात्मक शीर्षक राखिएको थियो- 'पवित्र परिवार' अथवा 'आलोचनात्मक आलोचनाको आलोचना । ब्रुनो बनाएर र मित्रमण्डलीको विरुद्ध' । मार्क्सले नै यस कृतिको मुख्य अंश लेख्नुभएको थियो र आफ्नो विगत अनुसन्धानका नतिजाहरूको उपयोग गर्नुभएको थियो ।

महान् व्यक्तिहरूले नै इतिहासको सिर्जना गर्दछन् भन्ने धारणा राख्ने ब्रुनो बनाएर र उनका मतियारहरूको व्यक्तिवादी - आदर्शवादी दृष्टिकोणको आलोचना गर्दै मार्क्स र एङ्गेल्सले ऐतिहासिक भौतिकवादको एक मुख्य प्रस्थापना अघि सार्नुभयो- महान् व्यक्तिहरू होइनन्, जनता नै इतिहासका वास्तविक स्रष्टा हुन् । ऐतिहासिक विकासको सिलसिलामा व्यापक जनसमुदाय ऐतिहासिक प्रक्रियाका चेतनशील तथा सक्रिय कार्यकर्ता बन्दै जान्छन् । लेनिनले यस प्रस्थापनालाई ठूलो महत्व दिनुभएको थियो र ऐतिहासिक भौतिकवादको सबभन्दा गहन र सबभन्दा महत्वपूर्ण प्रस्थापना हो' भन्नुभएको थियो ।

'पवित्र परिवार' मा सर्वहारावर्गको विश्व ऐतिहासिक भूमिका र उनको यस भूमिकाको सामाजिक एवम् आर्थिक पृष्ठभूमिबारे मार्क्स र एङ्गेल्सको दृष्टिकोणको झण्डै परिपक्व रूप लिइसकेको थियो ।

सर्वहारावर्गको विश्व ऐतिहासिक भूमिकासम्बन्धी यो सिद्धान्त त्यो आधारशीला थियो, जसमा वैज्ञानिक साम्यवादको सुसंगत सिद्धान्तरुपि भवनको सिर्जना भएको छ । लेनिनले लेख्नुभएको थियो, 'समाजवादी समाजका निर्माताको रूपमा सर्वहारावर्गको विश्व ऐतिहासिक भूमिकाको अभिव्यक्ति नै मार्क्सको सिद्धान्तको मुख्य उपलब्धि हो ।'

'पवित्र परिवार' मा नयाँ क्रान्तिकारी - भौतिकवादी विश्व दृष्टिकोण सर्वहारा विचारधाराको जग बसालिएको थियो । ३ फ्रेब्रुअरी १८४५ मा मार्क्स .पेरिसबाट ब्रसेल्सतर्फ रवाना हुनुभयो । केही समयपछि नौ महिने छोरी जेनीसहित उहाँकी जीवनसंगिनी जेनी मार्क्स पनि ब्रसेल्स जानुभयो । बसाईं सर्नका लागि मार्क्सकी पत्नी सब सरसामान नाम मात्रको मोलमा बेच्न बाध्य हुनुभयो ।

***ब्रसेल्समा निर्वासन***

ब्रसेल्समा मार्क्स र उहाँको परिवारसमक्ष रोजिरोटीको सवाल टड्कारो रूपमा खडाभयो । फ्रेडरिक एङ्गेल्स उहाँलाई मद्दत गर्न तम्सिनुभयो । साथीहरू र सहयोगीहरूसँग बटुलेर उहाँले मार्क्सलाई केही पैसा पठाउनुभयो । आफ्नो पुस्तक 'बेलायतमा मजदुर वर्गको अवस्था' का लागि पाइने पारिश्रमिकको एक हिस्सामात्र भए पनि उहाँले छिट्टै पाउनुपर्थ्यो । मार्क्सलाई लेख्नुभएको पत्रमा एङ्गेल्सले यो रकम पनि सहर्ष उहाँलाई पठाउने आश्वासन दिनुभएको थियो । एङ्गेल्सको आत्मत्यागमय सहयोगको यो पहिलो ज्वलन्त उदाहरण थियो । यस सहयोगले मार्क्सको सम्पूर्ण जीवनमा अमूल्य भूमिका खेल्यो ।

प्रोइसेन सरकाले बेल्जियममा पनि मार्क्सको पिछा गर्न छाडेन । प्रोइसेन सरकार ब्रसेल्सबाट उहाँको निर्वासन गराउने कोसिस गर्दैछ भन्ने कुरा थाहा पाउनु भएपछि मार्क्सले डिसेम्बर १८४५ मा प्रोइसेन नागरिकता त्याग्न बाध्य हुनुभयो ।

सन् १८४५ को अप्रिल महिनाको सुरुतिर एङ्गेल्स पनि ब्रसेल्स आइपुग्नुभयो । उहाँले आफ्नो अमूल्य पुस्तक 'बेलायतमा मजदुरवर्गको अवस्था' पूरा गरिसक्नुभएको थियो । यसपुस्तकमा प्रशस्त ठोस सामग्रीहरू थिए र बेलायती मजदुरहरूको संघर्षको अनुभवबाट ठोस निष्कर्षहरू निकालिएका थिए । सर्वहारा वर्गको विश्व ऐतिहासिक भूमिकाबारे मार्क्स र एङ्गेल्सले प्रस्तुत गर्नुभएको विचारलाई यस पुस्तकले ठोस ऐतिहासिक आधारमा पुष्टि गरेको थियो ।

ब्रसेल्समा मार्क्ससँगभ एको आफ्नो भेटबारे सम्झना गर्दै एङ्गेल्सले लेख्नुभएको थियो, 'सन् १८४५ को वसन्तमा ब्रसेल्समा हाम्रो भेट हुँदा मार्क्सले ' इतिहासको भौतिकवादी सिद्धान्त मूलरूपमा तयार पारिसक्नुभएको थियो र हामी यस नयाँ विचारधारालाई कसरी विभिन्न क्षेत्रमा विकसित तुल्याउँदै लैजाने हो भन्नेबारे विस्तृत योजना तयार पार्नपट्टि लाग्यौं ।'

***फायरबाखसम्बन्धी प्रस्थापनाहरू***

'फायरबाखसम्बन्धी प्रस्थापनाहरू' एङ्गेल्सको भनाइअनुसार त्यो पहिलो दस्तावेज थियो, जसमा 'नयाँ विश्व दृष्टिकोणको प्रतिभासम्पन्न प्रारम्भिक चरण' अंकित भएको थियो । यी प्रस्तापनाहरू मार्क्सले सन् १८४५ को वसन्तमा आफ्नो नोटबुकमा लेख्नुभएको थियो । सन् १८८८ मा एङ्गेल्सले यी प्रस्थापनाहरूको प्रकाशन गर्नुभयो ।

फायरबाखले समाजबोधमा भौतिकवादको प्रयोग गर्न जानेनन्, मानवलाई अमूर्त रूपमा, समाज र इतिहासबाट छुट्याएर हेरे-यसैमा मार्क्सले उनको ठूलो कमजोरी देख्नुभएको थियो । वास्तवमा चाहिँ मार्क्सले लेख्नुभएको थियो - 'समस्त सामाजिक सम्बन्धहरूको जोड नै मानवसार हो ।'

फायरबाखको दृष्टिकोणबाट मात्र नभएर अघिका सबै दार्शनिक विचारधाराबाट समेत आफ्नो नयाँ विश्वदर्शन मूलतः सैद्धान्तिकरूपमा फरक छ भन्नेकुरा मार्क्सले अन्तिम प्रस्थापनामा अत्यन्त सूक्ष्मरूपले प्रस्तुत गर्नुभएको थियो । उक्त प्रस्थापनामा भनिएको छ, 'दार्शनिकहरूले विभिन्न तरिकाले विश्वको व्याख्या गरे, तर विश्वललाई बदल्नु नै हाम्रो मुख्य कार्यभार हो ।

***बेलायत भ्रमण***

नयाँ विश्व दृष्टिकोण तर्जुमा गरिहाल्नुभन्दा पहिले मार्क्स र एङ्गेल्सले सन् १८४५ को १२ जुलाईदेखि २१ अगस्तसम्म बेलायतको भ्रमण गर्नुभयो ।

***जर्मन विचारधारा***

'जर्मन विचारधारा' मा ऐतिहासिक भौतिकवादका मुख्य-मुख्य प्रस्थापनाहरू पहिलोपटक प्रस्तुत गरिएका थिए । मार्क्सको यस महान् आविष्कारले दर्शनशास्त्रले, समाज र सामाजिक विकासमा नियमहरूको अध्ययन क्रान्तिकारी मोड ल्याएको थियो । यस आविष्कारले इतिहासलाई एक सच्चा विज्ञानमा परिणत गऱ्यो । अब अतितको अध्ययन गर्नु, वर्तमानलाई बुझ्नु र भवियको अनुमान गर्नु सम्भव हुन गएको थियो । जर्मन विचारधारामा मार्क्सवादी दर्शनको द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादको जग बसालियो । भौतिकवादलाई द्वन्द्ववादसँग जोडेर मार्क्सले पहिलोपल्ट यसलाई प्रकृतिको मात्र नभएर मानव समाजको अध्ययनमा पनि लागू गर्नुभयो । लेनिनको भनाइअनुसार ऐतिहासिक भौतिकवाद 'वैज्ञानिक चिन्तनको महानतम उपलब्धि' थियो ।

भौतिकवादी विश्व दृष्टिकोणलाई अखण्ड, पूर्णरूप दिने मार्क्सको महान् आविष्कारले समाजवादलाई कल्पनावादबाट विज्ञानमा परिणत गर्ने प्रक्रियामा अति महत्वपूर्ण भूमिका खेलेको थियो ।

सन् १८४७ मा लण्डनमा सम्पन्न कम्युनिष्ट लिगको दोस्रो महाधिवेशनले कार्ल मार्क्स र फ्रेडरिक एंगेल्सलाई कम्युनिष्ट घोषणापत्रको मस्यौदा लेख्ने जिम्मेवारी सुम्प्यो । मार्क्स-एंगेल्सले एक वर्ष लगाएर कम्युनिष्ट पार्टीको घोषणापत्र तयार पार्नु भयो र सन् १८४८ फेब्रुअरी १२ तारिखका दिन लण्डनबाट मार्क्स एंगेल्सद्वारा कम्युनिष्ट घोषणापत्र जारी गर्नु भयो । त्यस पश्चात विश्व सर्वहारावर्गले मार्क्सवादका रूपमा, मार्क्सवादी दर्शनको रूपमा आफ्नो मुक्तिको सैद्धान्तिक अस्त्र प्राप्त भयो । यस विषयमा मार्क्स स्वयंले भन्नुभएको छ - 'जसरी दर्शनले सर्वहारा वर्गमा आफ्नो भौतिक हतियार प्राप्त गर्दछ, त्यसरी नै सर्वहारावर्गले दर्शनमा आफ्नो बौद्धिक हतियार प्राप्त गर्दछ ।' दर्शनका विषयमा मार्क्सले 'प्रत्येक सच्चा दर्शन आफ्नो समयको बौद्धिक सारतत्व हो' भन्नु भएको छ ।

मार्क्सवाद र मार्क्सवादी दर्शनमा सर्वहारावर्गले संसारलाई ठिक सित बुझाउने र त्यसलाई फेर्ने एक अचूक बौद्धिक अस्त्र का रूपमा भेटाएको सन्दर्भमा यसको महत्वको बारेमा लेनिन अगाडि लेख्नुहुन्छ, 'मार्क्सको दर्शन एउटा यस्तो परिपूर्ण दार्शनिक भौतिकवाद हो, जसले मानव जातिलाई र खास रूपले मजदुरवर्गलाई ज्ञानका शक्तिशाली औजारहरू प्रदान गरेको छ ।'

वास्तवमा मार्क्सको दर्शन सर्वहारावर्ग र त्यसका राजनीतिक तथा सैद्धान्तिक प्रतिनिधिहरूको हातमा एउटा प्रभावशाली र शक्तिशाली हतियार सावित भएसके पछि त्यसमा द्वन्द्वात्मक भौतिकवाद भनिएको उक्त दर्शन सम्पूर्ण मार्क्सवादी सिद्धान्तको आधार बन्न पुगको सन्दर्भमा मार्क्सवादको दार्शनिक पक्षको महत्वलाई माओ अगाडि लेख्नुहुन्छ, 'मार्क्सवाद ज्ञानका अनेक शाखाहरूबाट बनेको छ : मार्क्सवादी दर्शन, मार्क्सवादी अर्थशास्त्र र मार्क्सवादी समाजवाद अर्थात वर्ग संघर्षको सिद्धान्त तर जग चाहिँ मार्क्सवादी दर्शन हो । यदि यसलाई मनन गरिएन भने हाम्रो एउटा साझा भाषा वा साझा तरिका हुने छैन, हामी चीजहरूलाई स्पष्ट नपारिकन यताउताको कुरा उठाई तर्क मात्र गरिहेका हुनेछौं । द्वन्द्वात्मक भौतिकवादलाई मनन गरिसकेपछि, थुप्रै दुःखकष्टबाट जोगिने छ र धेरै गल्तीहरू हट्नेछन् ।'

मार्क्स-एंगेल्सद्वारा कम्युनिष्ट घोषणापत्र जारी भए पश्चात तत्कालीन दुनीयाँमा हलचल पैदा गरि दियो । यस विषयमा कम्युनिष्ट घोषणापत्रको शुरुमै मार्क्सले लेख्नुभएको छ -

'युरोपमा एउटा हाउ घुमफिर गरिरहेको छ- साम्यवादको हाउ । यस हाउलाई धपाउन भनेर पोप र जार, मेटर्निख र गीजो, फ्रेन्च उग्रवादी र जर्मन पुलिस अर्थात् पुरानो युरोपका सारा सत्ताधारीहरू एक भएका छन् ।

कुन यस्तो विरोधी पार्टी छ जसलाई सत्ताधारीहरूले कम्युनिस्ट भनी बद्नाम नगरेको होस् ? कुन यस्तो विरोधी पार्टी छ जसले आफूभन्दा धेरै प्रगतिशील विरोधी पार्टीहरूलाई र आफ्ना प्रतिक्रियावादी विरोधीहरूलाई समेत कम्युनिस्ट भएको घृणित आरोप नलगाएको होस् ?

तथ्यबाट दुई कुरा प्रष्ट हुन्छ । युरोपका सारा सत्ताधारीहरूले साम्यवादलाई अब एक शक्ति मानिसकेका छन् । अब कम्युनिस्टहरूले सम्पूर्ण संसारको अगाडि आफ्ना विचारहरू, आफ्ना उद्देश्यहरू, आफ्ना प्रयासहरू खुलस्त बताउनुपरेको छ र साम्यवादको हाउसम्बन्धी दन्त्यकथाको सट्टामा पार्टीको आफ्नो घोषणापत्र प्रस्तुत गर्नुपरेको छ ।'

विश्वविख्यात कम्युनिष्ट घोषणपत्रको मस्यौदा तयार पारेर जसरी घोषणा समेत स्वयं मार्क्स एंगेल्स गरेर मार्क्सवाद र मार्क्सवादी दर्शनका क्षेत्रमा मार्क्स-एंगेल्सले ज्यादै महत्वपूर्ण र अतुलनीय योगदान गर्नु भयो ।

मुख्यतः कार्ल मार्क्स र फ्रेडरिक एंगेल्स दुवैको संयुक्त प्रयासबाट मार्क्सवादको प्रतिपादन भयो । यस विषयमा लेनिनले अगाडि लेख्नु हुन्छ, 'मार्क्सवाद मार्क्सका विचारहरू र उनको शिक्षाको व्यवस्थित श्रृंखला हो । उन्नाइसौं शताब्दिमा मार्क्सवादका तीन संघटकतत्वको उल्लेख गर्दै संसारका तीन अधिकतम उन्नत देशहरूमा पैदा भएका तीन मुख्य विचारधाराहरू शास्त्रीय जर्मन दर्शन, शास्त्रीय अंग्रेजी राजनीतिक अर्थशास्त्र र सामान्य फ्रान्सेली क्रान्तिकारी शिक्षाहरूसंग संलग्न फ्रान्सेली समाजवादलाई मार्क्सले अगाडि बढाउनु भयो र तिनलाई आफ्नो प्रतिभाले परिपूर्ण बनाउनु भयो ।' द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद, अतिरिक्त मूल्यको सिद्धान्त वर्गसंघर्ष तथा इतिहासमा बलप्रयोगको भूमिका र वैज्ञानिक समाज साम्यवाद यसका आधारभूत मान्यता हुन् भन्ने कुरा विज्ञानद्वारा मार्क्सले निक्यौल गरेर, मार्क्सवाद तथा मार्क्सवादी दर्शनका क्षेत्रमा ठूलो योगदान पुऱ्याउनुभयो ।

यस अतिरिक्त कार्ल मार्क्सले लगातार १५ वर्ष लगाएर महान् कृति 'पूजी' लेख्नु भएको थियो । विश्व सर्वहारावर्गका महान् नेता कार्ल मार्क्स शुटमा तरुणहेगेल्सपन्थीका सम्पर्कमा रहनु भयो । सन् १८४१ मा डेमोक्रेटिक्सको प्रकृति दर्शन र एपिक्युरसको प्रकृति दर्शनका बीचको अन्तर भन्ने विषयमा डाक्टर विद्यावारिधिको उपाधि पाउनु भएको थियो । सन् १८४४ मा फायरवाखको भौतिकवादी दर्शनको वाटो हुँदै क्रान्तिकारी जनवादबाट सर्वहारा विश्वदृष्टिकोणमा संक्रमण र पहिलो लेखको रूपमा हेगेलको न्याय दर्शनको समिक्षा र यहुदी प्रश्नको सम्बन्ध भन्ने लेखमा समाजमा सर्वहारावर्गको भूमिका के हुनुपर्छ भन्ने वारे प्रष्ट पारेका थिए । सन् १८४४ मा आर्थिक, दार्शनिक पाण्डुलिपीहरू, सन् १८४५ मा एंगेल्ससँग पवित्र परिवार फायरवाद माथि एउटा निबन्ध सन् १८४५ मा जर्मन विचारधारा नामक कृति मार्क्स एंगेल्सले लेख्नु भएको थियो । सन् १८४७मा पियरे पूँरुधोद्वारा लिखित मार्क्सवाद विरोधी दरिद्रहरूको दर्शन को खण्डन गर्दै दर्शनको दरिद्रता सन् १८४८मा कम्युनिष्ट घोषणापत्र जस्ता महत्वपूर्ण कृतिहरूको रचना गर्नु भएको थियो । त्यस्तै सन् १८४८-१८५० मा फ्रान्समा वर्ग संघर्ष, सन् १८५० मा वुर्जुवा राजतन्त्र ध्वंस हुनुपर्ने अपरिहार्य आवश्यकताको सम्बन्धमा लूइबोनापार्टको १८ औं ब्रुमेर, सन् १८५२ मा 'गोथाकार्यक्रमको आलोचना' र सन् १८७५ मा पेरिस कम्युनजस्ता महत्वपूर्ण कृतिहरूको रचना गर्नु भयो । सन् १८६७ मा मार्क्सले पूँजी को रचना गर्नु भयो । यस महान् ग्रन्थको तेस्रो खण्डको प्रकाशन भने सन् १८८३ मार्क्सको मृत्युको दुई वर्षपछि सन् १८८५ मा एंगेल्सले प्रकाशित गरि दिनु भयो ।

आज मार्क्सको मृत्यु भएको १३५ वर्ष पूरा भएको छ भने एंगेल्सको मृत्यु भएको १२३ वर्ष पुरा भइसकेको छ । र, मार्क्सको जन्म भएको २०० वर्ष पुरा भइसकेको छ र विश्वभरका सर्वहारा श्रम जीवी वर्गले मार्क्सको २०० औं वर्ष गाँठ भनाइरहेका छन् । 'मान्छेले मान्छेमाथि गर्ने सबै खाले शोषण, उत्पीडनको सदाको लागि अन्त्य गर्ने' महान विचार दिनु हुने मार्क्स एंगेल्सको प्रासंगिता आज पनि उत्तिकै छन् र मानव जातिले मानववाटै हुने सबैखाले शोषण उत्पीडनको अन्त्य नभएसम्म रहिरहने छ ।

विश्वका तमाम खाले बौद्धिक एवं दार्शनिक सर्वेक्षणले मार्क्सलाई सन् १००० देखि २००० सम्मको अवधिका सहस्राब्दी पुरुष मानेका छन् ।

विश्व सर्वहारावर्गका महान गुरु तथा नेता र वैज्ञानिक साम्यवादका सिद्धान्तकार कार्ल मार्क्सले सन् १८८३ मार्क्स १४ का दिन दिउँसो २ बजेर ४५ मिनेट जाँदा अन्तिम स्वास फेरेर भौतिक रूपमा यस धरतीबाट विदा लिनु भएको थियो ।

अभाव र गरिवीका कारण मार्क्सका छोराछोरीहरूले अकालमै मृत्युको सिकार बन्नुपरेको थियो । सन् १८५० मा सानो छोरा गिदो, सन् १८५२ मा साहिँली छोरी फ्रान्चिस्का(१ वर्षको उमेरमा) सन् १८५५मा जेठो छोरा एडगार (८ वर्षको उमेरमा) र सन् १८८३ मा जेठी छोरी जेनी (३८) वर्षको उमेरमा मृत्यु भएको थियो । यसरी निर्वासनमा बस्दा जीवनका हरेक मोडमा आइपर्ने आँधीबेरीपूर्ण समस्याहरूलाई समेत छिचोल्दै मार्क्सले एङ्गेल्सको सहयोगमा विश्व सर्वहारावर्गको मुक्तिको सैद्धान्तिक अस्त्र मार्क्सवाद र यसको दर्शन द्वन्द्वात्मक भौतिकवाद दिएर विश्व मानव समुदायलाई अतुलनीय योगदान गर्नुभएको छ ।






**प्रकाशक** : वर्गदृस्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।